
ISSN 2091-1769

# शब्द संयोजन

वर्ष २३, अङ्क ३, पूर्णाङ्क २६६, २०८३ असार



मूल्य रु. ४०/-

विशेष संवाद

## अप्सरा अछामी

# शुभारम्भ



## डा. तुलसी भट्टराई

साहित्यकार विष्णु ओलीको 'विष्णु ओलीका मुक्तक'सङ्ग्रहभित्र करिब पौनेतीन सयओटा स्वतन्त्र मुक्तकहरू समेटिएका छन्। मुक्तक अर्थात् चार पङ्क्तिभित्र रचिने कविता। स्वतन्त्र भन्नुको तात्पर्य प्रत्येक मुक्तकले एउटा स्वतन्त्र अभिव्यक्ति, चिन्तन, दर्शन वा विचार समेटेको हुन्छ। अघिल्ला वा पछिल्ला मुक्तकसँग कुनै नातासम्बन्ध रहँदैन। तलमाथि नजोडिकन रसास्वादन गराउने क्षमता हुन्छ मुक्तकमा। प्रत्येक मुक्तकबाट भिन्न भिन्न रस लिनसक्छ पाठकले। एकप्रकार भनौं प्रेरणादायक, सुभाषित भने पनि हुन्छ मुक्तकलाई। यो सङ्ग्रहका मुक्तकमा पनि स्वतन्त्र रचना, प्रेरणादायक, मनोरञ्जक र सुभाषित सामग्री संयोजन गरिएको छ।

मुक्तकलेखन परम्परा नयाँ होइन। दुई हजार वर्षअघिका संस्कृत महाकविहरूले आफ्ना काव्य, महाकाव्यभित्र नै मुक्तक रचना गरेको पाइन्छ। संस्कृत साहित्यभित्र मुक्तक निकै फस्टाएको थियो। पछिका दर्जनौं भारतीय आर्यभाषाहरूमा मुक्तक विकसित हुँदै आएको थियो। नेपालभित्र भानुभक्त आचार्यबाट मुक्तकको उत्थान हुँदै मोतीराम, लेखनाथ, देवकोटाहरूले पनि मुक्तक रचना गरेका छन्। विष्णु ओलीका मुक्तकहरूमा देशप्रेम, राष्ट्रभक्ति, समाजउत्थान र दुःखी निमुखाको कल्याणसँग सम्बद्ध विषय समेटिएका छन्। आजका नेता, राजनीति र शासकलाई धेरै दोहोलो काढिएको छ। प्रेम, विरह, व्यथा, पीडाहरूजस्ता मानसिक पक्षका कुरा प्रशस्तै पाइन्छ।

*-डा. तुलसी भट्टराई ('विष्णु ओलीका मुक्तक' सङ्ग्रहमा समाविष्ट भूमिकाबाट साभार)*

❖ सम्पादकीय

# करको भार मात्र मुलुकको समृद्धिको आधार हो र !

सुशासन, भ्रष्टाचारको अन्त्य र मुलुकको समृद्धिको अपेक्षासहित जेनजी आन्दोलन गरिएको भनिएको थियो । सुशासन र भ्रष्टाचारको अन्त्य सम्पूर्ण नेपाली जनताको चाहना पनि थियो र हो । यद्यपि नेपाली राजनीतिले निरङ्कुश पञ्चायती शासन व्यवस्थाको अन्त्यपछिका सम्पूर्ण अवधिमा लिएको लक्ष्य पनि यही नै हो । संवैधानिक राजतन्त्रसहितको बहुदलीय व्यवस्थाको अन्त्यका लागि वा निरङ्कुशताको जड मानिएको राजतन्त्रको समाप्तिका लागि र गणतन्त्र नेपाल बनाउनका लागि नेपाली जनताको साथ र सहयोगमा राजनीतिक दलहरूको नेतृत्वमा सम्पन्न भएको ऐतिहासिक जनआन्दोलनको लक्ष्य र उद्देश्य पनि सुशासन, भ्रष्टाचारको अन्त्य; सबै प्रकारका अन्याय, अत्याचार, विभेद, शोषण, हेलाँहोचो, छुवाछुतजस्ता विषमताको अन्त्य नै रहेको हो । त्यो आन्दोलन भनेको समाजमा वा यो देशमा विद्यमान समग्र विसङ्गतिको अन्त्य गरी समतामूलक, समुन्नत र समृद्ध समाजको स्थापनामा सम्पूर्ण रूपमा आफूलाई समाहित गर्लान् भन्ने अपेक्षासहितको राजनीतिक दलका प्रतिको भरोसा थियो । अनि जनताले जहिल्यै पनि हार्नुपर्ने अवस्थाको अन्त्य होस् भन्ने चाहनाको प्रखर अभिव्यक्ति पनि थियो त्यो ऐतिहासिक जनआन्दोलन ।

यद्यपि नेपालको इतिहासमा अहिलेसम्म जनताले आफूहरू प्रत्यक्ष संलग्न रही गरेका ऐतिहासिक आन्दोलनहरूले जनताका अपेक्षा पूराका पूरा साकार पारिदिएको अवस्था चाहिँ देख्दै देखिएन ! बरु जहिल्यै पनि जनताका अपेक्षा ठुकरिएका, विश्वास गरिएका राजनीतिक नेतृत्वले अवसरको इमानदार सदुपयोग नगरिदिएका र अन्ततः जनताले निराशा नै व्यहोर्नुपरेको मात्र होइन पटक पटक यो वा त्योलाई परीक्षण गरिरहनुपरेको तितो यथार्थ नेपाली राजनीतिमा देखिइ नै रह्यो । हुन पनि जनतासँग आशा गर्नु वा भरोसा गर्नुको विकल्प नै बाँकी रहँदो रहेनछ ! यही विडम्बनाको सिकार नेपाली जनताले भइरहनुपरेको छ । पटक पटक जनताले कुनै चटके, डफेदार वा फौबन्जारलाई विश्वास वा भरोसा गर्नुपर्ने र अन्ततः त्यो विश्वास वा भरोसा फेरि पनि निराशामा नै अवतरण भएको वा भइरहेको देखिएको छ ! यो तथ्य नेपाली राजनीतिमा सबैभन्दा पीडादायी भएर देखा परिरहेको छ । अर्थात् इमान, निष्ठा, कर्तव्यबोध सम्पूर्ण रूपमा हराएको वा धोखाधडी, स्टन्ट मौलाएको के चैं हो त भन्ने यकिन गर्न नै कठिन भइरहेको छ ! जनतालाई पनि बेइमानी ठ्याक्कै पहिचान गर्न र आवधिक निर्वाचनका माध्यमबाट किनारा लगाउन समस्या हुने गरेको देखिएको छ ! आश्वासन, प्रलोभन, भ्रमको खेती र कतिपय अवस्थामा गरिबीको फाइदा उठाएर गरिने आर्थिक चलखेलसमेतको प्रभाव जनताका तहमा समेत थोरबहुत परेकै देखिएको छ ! केही हदसम्म विपन्नता र अशिक्षा यी पक्षमा जिम्मेवार छन् भने अलि बढी जिम्मेवार चाहिँ भ्रमको पछि

लाग्ने, स्टन्टमा विश्वास गरिहाल्ने र सत्यतथ्यका पक्षमा गहिरिने प्रवृत्ति नहुनु देखिएको छ; जसले गर्दा जनतालाई पछुताउनुपर्ने तहमा पुर्‍याउने र निराशा भोग्न बाध्य पार्ने अवस्था आउने गरेको देखिएको छ।

आवधिक वा बिचैमा आइपर्ने निर्वाचनका माध्यमबाट जनप्रतिनिधिको इमानको परीक्षण गर्ने र इमानको त्यही कसीमा घोटिने वा भोलिका दिनसम्म भरोसा गर्नसकिने पात्रको चयन गर्नुपर्ने दायित्वबाट कसो कसो मददाता चुकेको वा चुकिरहेको देखिन्छ ! अनि हिजो निर्वाचनका वेलामा घर घरमा गएर जनताका पक्षमा, यो देशका पक्षमा यो यो सत्कर्म गर्छु भनेर कसम खाने व्यक्तिहरू निर्वाचित भएर सरकार गठन गर्ने अवस्थामा पुगे भने त्यो अवसर पाउनासाथ हिजो जनताका बिचमा गरेका बाचाकसम तत्कालै बिर्सिएर जनतालाई कुनै न कुनै रूपमा आहत दिने, महङ्गीको बुल्डोजरले थिच्ने प्रयत्न गर्ने, थातवास उठाएर कन्तबिजोग पार्नेसमेतका हर्कत गर्दा रहेछन् र त्यस्ता सबै हर्कत जनताले सहन बाध्य हुनुपर्ने अवस्था सिर्जना हुँदो रहेछ ! यस्तो अवस्थामा जनता निरीह साबित हुँदा रहेछन् ! अब्राहमम लिङ्कनले गरेको ‘जनताका लागि, जनताद्वारा, जनताले शासन गर्ने’ प्रजातन्त्र नै उत्कृष्ट शासनव्यवस्था हो भन्ने परिभाषामै त कतै खोट छैन ? भन्ने सोच्न बाध्य हुनुपर्ने अवस्था सिर्जना भइरहेको छ !

प्रजातन्त्रमा इमान र कर्तव्यको प्रमुख दायित्व हुन्छ भनिन्छ तर दुर्भाग्य हाम्रो प्रजातन्त्र भने जो र जुनसुकै पात्रका माध्यमबाट पनि छलछाम, ढाँड, फुट, फरेब प्रदर्शनीको अस्त्र बनिरहेको छ र पटक पटक जनताका अपेक्षा ठुकरिएका छन् ! निर्वाचनलगत्तै जनतालाई बिर्सिइहाल्ने दुष्प्रवृत्ति फोहोरको मुला मौलाएझैँ मौलाइरहेकै छ ! जनविश्वास प्राप्त गर्नासाथ उन्माद, हठ पैदा हुनु र भोलि फेरि जनताको अभिमतको कसीमा मैले घोटिनै पर्दैन भन्ने भ्रम पाल्नु, अभिमान पाल्नु नेपाली राजनीतिको विडम्बनाका रूपमा परिचित बनेको छ ! राजनीति जनताका लागि गरिने विषय नै पो होइन कि भन्ने अनुभूतिले राजनीतिका प्रति जनताका मनमा निराशा पैदा हुनु लोकतन्त्रको विशेषता हुँदै होइन र लोकतन्त्रलाई यसले फाइदा गर्दै गर्दैन । त्यसमा पनि कुनै न कुनै रूपमा जनप्रतिनिधिमा नवधनाड्यवादको बीजारोपण हुने र भोलि भनेको के हो के हो ? अवसर पाइँने हो कि होइन ? भन्ने ठान्ने र राज्यसत्ताको दोहनका माध्यमबाट वा बाह्य अनेकआनेक क्षेत्रबाट नवधनाड्यवादको पृष्ठपोषण गर्नु नेपाली राजनीतिको विसङ्गत पक्षका रूपमा स्थापित हुने गरेको देखिएको छ !

सरकार भनेको जनताको अभिभावक हो । जनतालाई अप्ठ्यारो परेका वेलामा, विपतमा परेका वेलामा, कतै कुनै अनपेक्षित आतङ्क वा त्रास व्यहोर्नुपरेको अवस्थामा सरकार अभिभावक बनिदिन्छ, सुरक्षा दिने प्रयत्न गर्छ, सकेको सहयोग गरिदिन्छ वा सहयोगका लागि माध्यम बनिदिन्छ, शान्तिसुरक्षा कायम गरिदिन्छ, नागरिकको बाँच्ने हक वा मौलिक हकको सुरक्षा गरिदिन्छ भनेर नै संसारका जुनसुकै मुलुकमा सरकार गठन भएको हुन्छ । त्यसैले सरकार नागरिकको अभिभावक चैँ अवश्य हो तर त्रासको पर्याय होइन । सरकारकै तहबाट नागरिकमा सन्त्रास पैदा भयो भने त्यस्तो सरकार नागरिकको दुःखसुखको सारथि हुनसक्तैन, जनताको भरोसा पनि प्राप्त गर्नसक्तैन । यद्यपि

सरकारले नागरिकलाई अनुशासित राख्नका लागि, कानुनी शासन स्थापनाका लागि गर्नुपर्ने दायित्व चाहिँ पूरा गर्नै पर्छ र कहिलेकाहीँ सुशासन र समृद्धिकै लागि, अनुशासनहीनताको अन्त्यका लागि कानुनको डन्डा प्रयोग गर्नुपर्ने अवस्था पनि आउनसक्छ । लोकतन्त्र भनेको सबै सबैले अनुशासनको सीमामा बस्नुपर्छ भन्ने मान्यता पनि त हो ।

त्यसैगरी राज्य चलाउन सरकारलाई पैसा चाहिन्छ र त्यो आयको स्रोत भनेको नागरिकले तिर्ने कर प्रमुख हुन्छ । राज्यले नागरिकबाटै कर असुलेर विकास निर्माणका योजना बनाउँछ र त्यस्ता योजनामा खर्च गर्छ अनि नागरिकलाई नै सुविधा प्रदान गर्दछ । करको दायरा बढाउनु वा कर तिर्नका लागि कम करको भारका माध्यमबाट अधिकांश नागरिकलाई समेट्नु र नागरिकले पनि बोझका रूपमा होइन राज्यसञ्चालनको दायित्व निर्वाह गरेको ठानेर कर तिर्ने वातावरण तयार पार्नु पनि सक्षम सरकारको दायित्व हो । अनि कर जहिल्यै पनि अस्थिर भइदियो वा परिवर्तन नै भइरहने खालको भइदियो भने पनि नागरिकका तहमा त्यसले अविश्वासको वातावरण सिर्जना गरिदिन्छ । राज्यले नागरिकसँग कर असुल्दा वरपर छरछिमेकमा केकस्ता व्यवस्था छन् ? केकस्ता सेवासुविधा जनतालाई कसरी प्रदान गरेका छन् भन्ने कुरामा पनि हेक्का राख्नुपर्छ तर हामीकहाँ भने मुलुक चलाउनु र विकास निर्माणका लागि स्रोत जुटाउनु भनेको नागरिकमाथि करका भार मात्र थोपर्नु हो भन्ने नकारात्मक चिन्तन हाबी भएको देखिएको छ !

हाम्रो मुलुकमा सवारीसाधनमा लगाइएको २१०% भन्दा माथिको करका कारण सवारी सधानको मूल्य ज्यादै चर्को छ । पेट्रोलियम पदार्थमा लगाइएको कर वरिपरिका छरछिमेकी देशका भन्दा बढी छ र त्यहीँ भारतमा हाम्रो मुलुकको भन्दा निकै सस्तो दरमा पेट्रोलियम पदार्थ बिक्रीवितरण भइरहेको छ । हुँदा हुँदा यसपालिको बजेटका माध्यमबाट सरकारले हाम्रो देशको उत्पादन विद्युतको प्रयोगमा समेत ५० युनिटभन्दा बढी प्रयोग गर्नेले मूल्य अभिवृद्धि कर तिर्नुपर्ने अत्यन्त अव्यवहारिक निर्णय सार्वजनिक गरेको छ ! बहुमूल्य विदेशी मुद्रा तिरेर आयात गर्ने पेट्रोलियम पदार्थ न्यूनीकरण गर्ने एक मात्र विकल्प रहेको र स्वदेशमा उत्पादन गर्नसकिने विद्युतको खपत बढाउन नागरिकलाई बरु प्रोत्साहन पो गर्नुपर्नेमा विद्युत खपतमै करको भार थोपर्नु सरकारको अदूरदर्शी चेतना त हुँदै हो साथसाथै विद्युतमा कर लगाउँदा त्यसको असर धेरै क्षेत्रमा पर्छ र मूल्यवृद्धिमा प्रमुख सहयोगी पनि बनिदिन्छ भन्ने सामान्य चेतना पनि सरकारमा नभएको देखिएको छ ! त्यसैगरी बालबालिका विद्यार्थीले पठनपाठनमा तिर्ने शुल्कमा कर लगाउँदा निम्न र निम्न मध्यम वर्गीय परिवारमा आर्थिक भार थप हुन्छ भन्ने पक्षमा पनि सरकारले सोचेको पाइँदै पाइएन ! हुँदा हुँदा बिरामी भएर अस्पतालमा उपचार गराउन जाने बिरामीसँग पनि समता शुल्कका नाममा तीन प्रतिशत कर लगाउनु चाहिँ निर्लज्जताको पराकाष्ठा नै मान्नुपर्ने अवस्था सिर्जना भएको छ ! करै मात्र थोपरेर अनि नागरिकको जीवनभोगाइ झनै कष्टकर पारेर मात्र मुलुकको समृद्धि हुने हो र सरकार ! राज्य त गरिबको पनि हुनुपर्ने होइन र सरकार ?

***–रमेश पोखरेल***

## यस अङ्कमा

**विशेष संवाद**
आरक्षणले...- *अप्सरा अछामी/१०*
**कविता/मुक्तक/गजल**
धर्तीको...- *विश्वनाथ योञ्जन/१२*
गजल- *गङ्गा खड्का/१३*
तिमी र म- *प्रा. नर्मदेश्वर प्रधान/२७*
पाँच...- *नन्दलाल आचार्य/४४*
हामी...- *हिरा खड्का अधिकारी/५२*
मलाई...- *सानुराजा श्रेष्ठ अञ्जान/५३*
फूल...- *डा. हरिप्रसाद सिलवाल/५४*
नथाकेका...- *लुमन्ती चित्रकार/५४*
श्रीमान्..- *कृष्ण बाउसे/५५*
नववर्ष- *ललित बस्नेत 'भिमाली'/५५*
**अनुवाद/कविता**
समुद्री... - *डा. ब्योङ चियोल काङ/१३*
**कथा**
श्रीमती... - *विन्दु अधिकारी ढकाल/२८*
अम्बरा - *डा. सावित्री श्रेष्ठ/३५*

**यसपटक**
*ललिता दोषी/७*
**समालोचना/नियात्रा/निबन्ध/समीक्षा**
गाउँ गाउँ... - *प्रा.डा. कृष्णप्रसाद घिमिरे/१४*
गेटी सेन्टर... - *प्रा.डा. यादवप्रकाश लामिछाने/३१*
दोधाराचाँदनी...- *अच्युत घिमिरे/३९*
गाउँको... - *प्रदीप सापकोटा/४५*
व्यवस्थाको... - *डा. घनश्याम न्यौपाने 'परिश्रमी'/४८*
भुइँ मान्छेका... - *लीलाराज दाहाल/५६*
**स्थायी स्तम्भ**
**शिखर व्यक्तित्व**
*गजलकार बशीर बद्र/५*
**निरन्तर...**
वासुदेव अधिकारी/५९
**समाचार**/६२
**अनूभूति**
*वासुदेव अधिकारी/६४*

शब्द संयोजन
मासिक

**शब्द-संयोजन** (मासिक साहित्यिक प्रकाशन) वर्ष २३ अङ्क ३ पूर्णाङ्क २६६/२०८३ असार
जिप्रकाका द.नं. ९४/२०६०/०६१

**सल्लाहकार** : डा. मोदनाथ प्रश्रित, प्रा. डा. जीवेन्द्र देव गिरी, राम विनय
प्रा. केशव सुवेदी, ई. महेन्द्र गुरुङ

**प्रधान सम्पादक तथा प्रकाशक**: वासुदेव अधिकारी
**कार्यकारी सम्पादक**: रमेश पोखरेल
**सम्पादक**: सुमी लोहनी, रूपक अलङ्कार
**अन्तर्वार्ता संयोजन**: अच्युत घिमिरे
**वेब संयोजन**: प्रशान्त खरेल
**कला**: गणेशकुमार जी.सी.
**आवरण चित्र**: गुगल
**प्रतिनिधि**: पुण्यप्रसाद खरेल(झापा), डा. हरिप्रसाद तिमिल्सिना (नेपालगन्ज), नमुना शर्मा (चितवन)
Email : s_samyojan@yahoo.com website: sahityasandhya.org.np
**मुद्रण**: विनायक प्रेस, धोबिधारा, काठमाडौँ, मो.९८४१४४७३२२
**साजसज्जा**: टच क्रिएसन प्रा. लि., फोन ०१-५३१५४४८

# गजलकार बशीर बद्र

विश्वसाहित्यमा आफ्ना कालजयी रचनामार्फत आफ्नो अस्तित्व अमर बनाउन सफल व्यक्तित्वहरूमध्ये गजल क्षेत्रमा धुरन्धर व्यक्तिका रूपमा परिचित बशीर बद्र एक हुन् । उनले उर्दु गजलको क्षेत्रमा अतुलनीय योगदान दिएका छन् । १५ फरबरी १९३५ मा उत्तर प्रदेश, कानपुरमा जन्मिएका बद्रको वास्तविक नाम भने सैयद मोहम्मद बशीर हो ।



बद्रको पारिवारिक अवस्था सामान्य थियो । उनले आफ्नो घरमा जीवन र सङ्घर्षको महत्त्व र राम्रो संस्कार पाएका थिए । वाल्यावस्थादेखि नै उनी कुनै पनि विषय वा घटनालाई एकदम गहिरिएर अध्ययन गर्ने गर्दथे । उनको त्यो गम्भीर स्वभाव पछि गएर साहित्यको मूल विषयवस्तु बन्न पुग्यो । उनका गजलमा मानिसका जीवन भोगाइले स्थान पाएका छन् । मनबाट निस्किएका शब्दले स्रोताको मनसम्म पुगेर भावुक बनाउने शक्ति उनका शायरीहरूको विशेषता रहेका छन् । समाजको धार्मिक, सांस्कृतिक, असमानताजस्ता विषयमा उनका गजल, रचनाहरू संरचित छन् ।

उनका रचनाको विशेषता भनेको सरल र सरस भाषाशैली रहेको छ । सरल भाषामा गहन भाव व्यक्त गर्नु उनको काव्यिक विशेषता हो । उनका गजलका विषय विविध रहेका छन् । माया, प्रेम, एक्लोपन, आशा, सम्बन्ध, जीवनको वास्तविकता, मानिस र समाजबिचको सम्बन्ध उनका गजलका मुलभूत विषय बनेका छन् । उनको चर्चित शायरीमध्ये एक -

*दुस्मनी जम कर करो लेकिन ये गुंजाइश रहे ।*
*जब कभी हम दोस्त हो जाएँ तो शर्मिंदा न हो ।*
*कोई हाथ भी न मिलाएगा जो गले मिलोगे तपाक से ।*
*ये नए मिजाज का शहर है, जरा फासले से मिला करो ।।*

१९८७ मा दङ्गामा बद्रको घर जलाइयो । यसको मानसिक असर उनका साहित्यमा पनि परेको थियो । उनका प्रमुख गजलसङ्ग्रह आमद, इमेज, आहटैं, आस, आसमान आदि रहेका छन् । बद्र पद्मश्री पुरस्कार, साहित्य अकादमी पुरस्कारबाट पुरस्कृत भएका थिए । जीवनको अन्त्यतिर उनी भुल्ने बिरामीबाट पीडित थिए । बद्रले जीवनको अन्त्यसम्म साहित्यको सेवामा नै आफ्नो जीवन समर्पित गरिरहे । जसको प्रतिफल युगयुगान्तरसम्म उनलाई जीवित राख्ने छ भन्ने कुरा कुनै अत्युक्ति हुँदैन ।

*-रूपेश अधिकारी*

# यसपटक



## ❖ ललिता दोषी

वि.सं.२०२५ कार्तिक १६ मा ललितपुरको इमाडोलमा माता सूर्यकुमारी गजुरेल र पिता कुलबहादुर गजुरेलकी सुपुत्रीका रूपमा जन्मिएकी ललिता गजुरेल खरेल साहित्यमा ललिता दोषीका नामबाट सुपरिचित छिन् । हाल सपरिवार बुद्धनगर, काठमाडौँमा बसोवास गरिरहेकी उनले त्रिभुवन विश्वविद्यालयबाट नेपाली साहित्यमा स्नातकोत्तर उत्तीर्ण गरेकी छिन्। उनले हालसम्म बालसाहित्यका ३८ ओटा र अन्य विधाका १६ ओटा कृति प्रकाशित गरिसकेकी छिन् । प्रकाशितमध्येका नौवटा बालकथाहरू, बालगीत र बालकाव्यलाई श्रव्यदृश्यसमेत बनाइएको छ। उनका कथा, लघुकथा, कविता, गीत, मुक्तक, गजल, नाटक आदि गरेर दुई दर्जनभन्दा बढी संयुक्त कृतिहरूसमेत प्रकाशित भएका छन्। उनका बालकथा, बालकविता, बालनाटक गरेर करिब दुई दर्जनभन्दा बढी रचनाहरू विद्यालयका पाठ्यक्रममा समेत समावेश गरिएका छन्। उनले एक दर्जनजति पुस्तकको सम्पादनसमेत गरेकी छिन्। उनलाई ‘भानुमोती पुरस्कार’, ‘क्षेत्रीय प्रतिभा पुरस्कार’, ‘गुञ्जन प्रतिभा पुरस्कार’, ‘काजी रोशन पाण्डुलिपि कथा पुरस्कार’लगायत सयौँ पुरस्कार तथा सम्मान प्रदान गरिएको छ।

उनका आधुनिक, राष्ट्रिय, धार्मिक, चेतनामूलक, लोकगीत, पपगीत र बालगीतहरूसमेत रेकर्डिङ भएका छन्। साहित्यका प्रायः सबै विधामा कलम चलाउने र नेपाली समाजको यथार्थलाई अत्यन्त सूक्ष्म रूपमा र जीवन्त रूपमा चित्रण गरी रूपान्तरणको वा परिवर्तनको स्पष्ट ध्वन्यार्थ सम्प्रेषण ललिता ‘दोषी’का तीनओटा कविता हामीले ‘यसपटक’ स्तम्भमा समावेश गरेका छौँ।

‘निरीह छैन म’ शीर्षकको गद्यकवितामा निमुखाहरू हक, अधिकार, न्याय नपाएर, विभेदमा जकडिएर बाँच्नुपर्ने अवस्थाको अन्त्यको कामनासहित सूर्योदयको रातो घामको प्रतीक्षा गरे पनि झुल्किन सकेन तैपनि परिवर्तनकामीहरू अभियानमै रहेका हुँदा युवापलायन हुनुनपर्ने र नारीअस्मिता जोखिममा नपर्ने अनि निमुखाले निरीह हुनुनपर्ने समयको प्रतीक्षा गरिएको अत्यन्त आशावादी सन्देश सम्प्रेषण गरिएको छ। ‘जेलिएको धागो’ शीर्षकको गद्यकवितामा जीवन भनेकै अभाव, गरिबी, विभेद, शोषणजस्ता गाँठाहरूले जेलिएको छ र यी गाँठाहरू फुकाएर साध्य पनि छैन तर पनि एउटी आमाले विकृतिका पहाडसँग पौँठेजोरी खेलेर सन्तानलाई शिक्षाको, चेतनाको राजमार्ग निर्माण गरिदिँदा पनि सन्तान भने वितृष्णाका कालाबादल मनभित्र दौडाएर हिँडेकामा आँखाको कालोपट्टी खोलेर नारीअस्मिताको जगेर्नाका लागि सदैव सङ्घर्षरत रहन आग्रह गरिएको छ, सचेत गराइएको छ । ‘घाउको मलम’ शीर्षकको झ्याउरे लयको कवितामा एउटा स्रष्टाको अभाव, गरिबीको निर्मम चित्र खिच्दै त्यही अभावमा रमाउने, भोको पेटमा पटुका कस्ने, धनका पछि नकुद्ने, प्राप्त सम्मानको खोस्टोमा नै रमाउने, मुलुकका र नागरिकका कथाव्यथा लेख्ने प्रवृत्ति उजागर गर्दै जीवनसाथीका नाताले यही इमानका पक्षमा आफूलाई समर्पित गर्ने प्रतिबद्धता जाहेर गरिएको छ।

# निरीह छैन म

सपनाहरू यथावत् यथावत् छन्
कुनै परिर्वतन छैन सान्नानी !
छैन, जीवनको कुनै सापेक्षिक दर्शन छैन
आँगनको डिलमा उभिएर हेरेकै हुँ
सूर्योदयको रातो घाम
अहँ ! उदाउने कुनै छनक छैन
अहँ ! फेरिएनन् सान्नानी !
मस्तिष्कमा कोरिएका क्रूर तस्बिरहरू
फगत झिनो जिजीविषा बोकेर उभिइरहेँ
सालौँसाल !

बाबा भन्नुहन्थ्यो,
'शीत सुक्न त घाम लाग्नुपर्छ बाबू !'
हो सान्नानी !
म यतिखेर पोल्टाभरि घाम बटुल्दै छु
म निरीह छैन सान्नानी !
देश दुख्दा मैनझैँ पग्लने
तिमी छ्यौ, ऊ छ, अर्को ऊ छ
सुन्दर विचारका धनी
सुन्दर व्यावहारका धनी
इन्द्रेनी सपना कुँद्नेहरू
पर्ख, अब केवल शीतसाम्राज्य अन्त्य हुने छ
पुनः घाम र जूनको लुकामारी हुने छ
भोकको ज्वाला मेट्न
कान्छा पलायन हुने छैन
कान्छीले अस्मिता च्याँखे राख्ने छैन
किनकि देश दुख्दा मैनझैँ पग्लने
तिमी छ्यौ, ऊ छ, अर्को ऊ छ
म निरीह छैन सान्नानी !
हो म निरीह छैन ।

# घाउको मलम

अनौठ छ हेर्नोस् हजुर मेरो घरको चाला
यस्तो हरिलट्ठकसँग क्यारी जीवन जाला ?
घरमा अन्न गेडा छैन ल्याउँछन् पुस्तक ठेली
भोको पेटमा रमाउँछन् त्यही पुस्तक हेरी ।

बिहेपछि आँसु पिएँ पिइन है खुसी
भुसुनाले लात्ती हान्दा हेर्छु टोलाई बसी
ओहो ! कस्तो कस्तो नशा छक्कै परेँ म त
खान पिउँनु वास्तै छैन लेख्नुमै छ लत !

एउटा खोस्टा ल्याएका थे त्यही हेरी बस्छन्
ठुलै मान्छे बन्छु भन्दै सधैँ धुँडा धस्छन्
व्यापारीलाई दिनुभन्दा कवि छाने बाउले
घरी घरी दागा धर्छ त्यही कान्छा साहुले ।

यस्तासँग बस्नुभन्दा मर्छु भन्ने सोचेँ
विषका सिसी हातमा लिई कपीनजिक बसेँ
हेरेँ मैले अक्षर पत्र सबै छानी छानी
व्यर्थै मैले गाली गरेँ केही नै नजानी ।

नौनीभन्दा नरम रहेछ उनको भित्री मन
मर्दा सँगै नजाने पो रैछ पापी धन
मैले गर्दा गुनासो नि फिस्स हाँस्छन् उनी
कहिले ठुलो डाको छैन सारै नै छन् गुनी ।

देशकै कथाव्यथा उनले लेखेका पो रहेछन्
मेरै खुसी हेर्न अब कलम छोड्ने भएछन्
ओहो ! अब खोस्दिनँ म उनको हातको कलम
साँच्चै नै म बनिदिन्छु उनको घाउको मलम ।

# जेलिएको धागो

हो नानु !
जीवन भनेकै
जेलिएको धागोजस्तै हो
एउटा गाँठो फुकायो
अर्को गाँठो पर्छ
अर्को गाँठो फुकायो
फेरि अर्को पनि पर्छ
हो, कतिको जिन्दगी त
गाँठो फुकाउँदाफुकाउँदै झर्छ
र पनि किमार्थ हरेस नखाई
फुकाइरहन्छन् गाँठाहरू ।

मैले त उर्लँदो बैँस निमोठेर
सिङ्गो पहाडसँग सिँगौरी खेल्दै
तिम्रैलागि बनाइदिएकी हुँ सुगम बाटो
हो, भोको पेटमा पटुका कसेर
भराएकै हुँ तिम्रो पेट
आँधी, तुफान छेकेर
तिमीलाई ओत लगाएकै हुँ सदा ।

देख्दै छु,
अरूले घोडा चढेको देखर
तिम्रो मनभित्र मडारिरहेछन्
वितृष्णाका काला बादलहरू !
तिमीले सिनित्तै पन्छाउनु नै पर्छ नानु !
मनभित्रका ती काला बादलहरू
फर्केर हेर विगत
म बोक्सी, लोग्नेटोकुवी, अलच्छिना
केके मात्र भइनँ
र पनि निलिरहेँ ती ब्रजवाँणहरू
तिमीलाई नै मिठो निद्रा दिनका लागि
आफू अनपढ भएर पनि
थमाइदिएँ तिम्रो हातमा कलम
तिमीलाई नै डालीमा फुलाउँनका लागि ।
तिमीले खोल्नैपर्छ नानु !
आँखाबाट त्यो कालोपट्टी
अनि नियाल्नु नै पर्छ अहिलेसम्म
कलम छुन नपाएका
र भेदभावको जाँतोमा पिसिएका
कैयौँ नारीहरूका चित्कारका कथा
मैले त केवल तिमीलाई
मात्र तिमीलाई सर्वस्व ठानेँ ।

मेरो जीवनमा परेका गाँठाहरू
फुकाऊ या नफुकाऊ
तर तिमीले किञ्चित् रोक्नुहुन्न पैतालाहरू
तिमी स्वतन्त्र कावा खाँदै
उड्नुपर्छ आकाशमा
चुम्नुपर्छ गन्तव्य
हो त्यही दिन
मात्र त्यही दिन
निभ्ने छ मेरो मनमा सल्किरहेको
पापी डँढेलो, हो डँढेलो ।



❖अप्सरा अछामी

# आरक्षणले दलितहरूको हक र अधिकारलाई सुनिश्चित गर्न मद्दत पुऱ्याउँछ

**वि.सं.२०४१ मङ्सिर ७ मा तनहुँ जिल्लाको म्याग्दे ७ थर्पुमा माता आशादेवी अछामी र पिता बलबहादुर अछामीकी सुपुत्रीका रूपमा जन्मिएकी अप्सरा अछामी हाल राष्ट्रिय परीक्षा बोर्डमा शाखा अधिकृतका रूपमा कार्यरत हुनुहुन्छ। पढाइ र जागिरका सिलसिलामा कोठाभाडामा बस्न पनि जात लुकाउनुपरेको पीडा सहनुपरेको जीवनभोगाइले समाजमा विद्यमान विभेद हटाउने र महिला चेतनाका लागि विभिन्न शैक्षिक गतिविधिहरूमा समेत आफूलाई सक्रिय गराइरहनुभएकी अप्सरासँग सामाजिक विभेदको उन्मूलनकै सेरोफेरोमा साहित्यकार जयन्ती स्पन्दनले गर्नुभएको कुराकानी यहाँ समावेश गरिएको छ।**

***जयन्ती : मानिसलाई किन 'दलित' भनी सम्बोधन गरिएको हो ?***

**अप्सराः** हिन्दु समाजले 'अछुत' भनेर छुट्याएको जातिलाई दलित भनेर सम्बोधन गर्छ।

***जयन्तीः दलित शब्दको औचित्य के हो ?***

**अप्सराः** दलित शब्दको कुनै पनि औचित्य छैन।

***जयन्तीः शूद्र र दलित एकै हुन् त ?***

**अप्सराः** शूद्र र दलित एकै होइनन्। दलितहरू शूद्रको निम्नतम् स्तरमा मानिन्छन् र परम्परागत रूपमा 'अछुत' भनेर चिनिन्छन्। दलितहरूले ऐतिहासिक रूपमा गम्भीर भेदभाव र समामाजिक बहिष्कारको सामना गरेका छन्।

***जयन्ती : किन शूद्रलाई अछुत मानिएको होला ?***

***अप्सराः*** प्राचीन समयमा शूद्रहरूलाई विशेष अधिकारहरू र अवसरहरूबाट वञ्चित गरिएको थियो। जसले गर्दा उनीहरूलाई अछुतको रूपमा व्यवहार गरिन्थ्यो। यो व्यवहार र मान्यता आज पनि कतिपय स्थानमा देखिन्छ।

***जयन्ती : दलितभित्र शूद्र पर्छन् कि शूद्रभित्र दलित ?***

**अप्सराः** शूद्रहरूलाई सामान्यतया सेवा गर्ने र काम गर्ने वर्गको रूपमा मानिन्छ। दलित भनेको शूद्रको एक उपसमूह हो जसलाई ऐतिहासिक रूपमा अछुत मानिएको थियो र धेरै अधिकारहरूबाट वञ्चित गरिएको थियो।

***जयन्ती : वर्णाश्रम धर्मअनुसार ब्राह्मण, क्षेत्री र वैश्यलाई चाहिँ किन दलित नभनिएको होला ?***

**अप्सराः** धर्म र यसको संरचना समाजमा जटिल छ र यसको धेरै ऐतिहासिक र सांस्कृतिक पृष्ठभूमिका कारणले गर्दा विभाजन गरिरहेको छ, यो विषयमा चर्चा गर्नु उचित छैन।

***जयन्ती : हिमाल, पहाड र तराईमा कुन कुन जातिलाई दलित शब्दले सम्बोधन गरेको छ ?***

**अप्सराः** नेपालको भौगोलिक क्षेत्रका आधारमा कुन जातिलाई दलित सम्बोधन गरिन्छ त्यसको तथ्याङ्क फरक फरक भेटिन्छ।

***जयन्तीः दलितभित्र पनि दलित छन्, पानी बाराबार छ भनिन्छ, के यो साँचो हो ? हो भने किन ?***

**अप्सराः** नेपालमा दलितहरू प्रायः हिन्दु धर्ममा समावेश गरिन्छन् तर दलित समुदायले हिन्दु धर्मका साथै बौद्ध र अन्य धर्ममा पनि आफ्नो पहिचान बनाएका छन् । कहीँ इसाइ बन्न बाध्य भएका पनि छन् । कताकति यस प्रकारको पानी बाराबार व्यवहार पाइन्छ।

***जयन्ती : दलितहरू कहाँ, कसरी, के व्यवसाय गरेर बसेका छन् ?***

**अप्सराः** आज आएर दलितहरूले विस्तारै हरेक क्षेत्र, पेसा र व्यवसायमा आफूलाई समावेश गरिरहेका छन्।

***जयन्तीः दलित समुदायमा धर्म संस्कारको पालना गराउने पुरोहितका रूपमा को रहन्छ ?***

**अप्सराः** दलित समुदायमा धर्म संस्कारको पालना गराउने पुरोहित प्रायः उनीहरूको समुदायकै सदस्यहरूबाट हुन्छन्।

***जयन्तीः प्रायः दलितहरूलाई सिनो खुवाउने प्रचलन थियो भनिन्छ, किन सिनो खाना स्वीकार गरिएको होला ?***

**अप्सराः** सामाजिक असमानता र भेदभावका कारण उनीहरूको जीवनस्तर र खानपानको विकल्पमा पनि प्रभाव पार्दछ।

***जयन्तीः किन अन्यायमा पर्दा पनि शूद्र दलितहरूले एक मत भएर सङ्घर्ष गरी न्याय प्राप्त गर्ननसकेका हुन् ?***

**अप्सराः** दलितहरू अझै सामाजिक, व्यावहारिक भेदभाव सहन बाध्य छन् न्याय पाउने कुरा धेरै परको भयो।

***जयन्तीः के दलितहरूले गैरदलितहरूसँग नाताकुटुम्ब कायम गरेका छन् ?***

**अप्सराः** नाताकुटुम्ब कायम गरेका छन् तर सामाजिक भेदभावको सामना गर्नुपर्ने मात्र होइन, लिङ्ग (लैङ्गिक) भेदभाव पनि भोग्नुपर्छ।

***जयन्तीः दलित परिवार वा समुदायभित्र महिलाहरूको अवस्था कस्तो देखिन्छ ? प्रायः दलित महिलाहरूको दिनचर्या कसरी बित्ने गरेको छ।***

**अप्सरा** : दलित महिलाको दिनचर्या सामान्यतया श्रमसाध्य र थकानपूर्ण हुन्छ।

***जयन्ती : प्रायः दलित महिला पछि पर्नुका कारण के के हुन् ?***

**अप्सरा** : कारण धेरै छन् मुख्य सामाजिक भेदभाव र जातीय विभाजन हो।

***जयन्तीः दलित महिलाहरूको शिक्षा र स्वास्थ्यमा कस्तो पहुँच रहेको छ ?***

**अप्सरा** : स्वास्थ्य र शिक्षामा पहुँच सामान्यतया कमजोर छ।

***जयन्तीः वर्तमानकालीन अवस्थामा दलित समुदाय र विशेषगरी महिलाहरूका लागि सरकारी संयन्त्रबाट कस्तो भूमिका निर्वाह गर्नुपर्ने देख्नुहुन्छ ?***

**अप्सराः** सामाजिक भेदभाव र विभेदलाई हटाउन सरकारले दलित महिलाहरूको अधिकार र सुरक्षालाई सुनिश्चित गर्न कानुनी र नीतिगत पहलहरू गर्नुपर्छ । यसले उनीहरूको सामाजिक स्थिति सुधार्नमा महत्त्वपूर्ण भूमिका खेल्ने छ।

***जयन्तीः नेपाली समाजमा अन्य वर्णका जातिहरूमा जस्तै शूद्र वा दलितहरूमा पनि पुरुषसत्ता हाबी हुने गरेको छ ?***

**अप्सरा** : अवश्य नै नेपाली समाजमा शूद्र र दलित जातिहरूमा पनि पुरुषसत्ता हाबी छ।

***जयन्तीः दलित र गैरदलितहरूको कर्मकाण्ड, तीर्थव्रत एकै किसिमको हुन्छ ? हुन्छ भने किन र हुँदैन भने किन ?***

**अप्सराः** दुबै समूहका लागि धार्मिक क्रियाकलाप र कर्मकाण्डका आधारभूत तत्त्वहरू समान हुन्छन्। यद्यपि दलितहरूले कहिलेकाहीँ सामाजिक भेदभावका कारण केही धार्मिक क्रियाकलापमा भाग लिन पाउँदैनन् । यसैले यिनका कर्मकाण्ड र तीर्थव्रतमा भिन्नता देख्न सकिन्छ।

***जयन्तीः के तपाईँ दलित शब्दप्रति सहमत हुनुहुन्छ ?***

**अप्सराः** दलित शब्दले विशेषगरी सामाजिक, आर्थिक र सांस्कृतिक रूपमा सिमान्तकृत व्यक्तिहरूलाई जनाउँछ। यसले इतिहासमा भएको

र भइरहेको भेदभाव र अन्यायलाई उजागर गर्छ।

***जयन्ती: जहाँ गरिब त्यहाँ हरिप भन्ने लोकोक्ति पाइन्छ, के गरिब मात्र हरिप हुन्छन् भन्ने छ ? किन यसरी हेपेर भनिएको हो ?***

**अप्सरा:** यो भनाइले गरिबी र सङ्घर्षको सम्बन्धलाई जनाउँछ तर यो भनाइले केबल गरिब मानिसहरूलाई मात्र हरिपको रूपमा चित्रित गर्दैन । मानिसहरू विभिन्न कारणहरूले गर्दा जस्तैः मानसिक स्वास्थ्य, सामाजिक असमानता र अन्य चुनौतीहरूका कारण पनि हरिप हुनसक्छन् ।

***जयन्ती: दलित शब्दले सुन्दैमा जोकोहीलाई मनोसामाजिक प्रभाव पार्छ भने फेरि दलित आयोग भनी किन नामकरण गरिएको होला ?***

**अप्सरा:** दलित शब्दले समाजमा विभिन्न मनोसामाजिक असर पार्छ। विशेष गरी जब यो शब्द अपमानजनक रूपमा प्रयोग हुन्छ। दलित आयोगको नामाकरण दलित समुदायका अधिकार र हितहरूको रक्षा गर्नका लागि स्थापित गरिएको हो । दलित आयोगको नामाकरणले दलित समुदायको पहिचान र अधिकारको महत्त्वलाई दर्शाउँछ।

***जयन्ती : दलित र गैरदलित एकछत्र हुन के गर्नुपर्छ ?***

**अप्सरा:** दलित र गैरदलितलाई एकछत्र बनाउनका लागि विभिन्न कदमहरू उठाउन सकिन्छ। जस्तै : पहिलो- शिक्षा र जागरूकता कार्यक्रमहरू सञ्चालन गर्नुपर्छ जसले समाजमा समानता र सहिष्णुताको भावना प्रवर्धन गर्छ । दोस्रो - समुदायमा सहकार्य र संवादका अवसरहरू सिर्जना गर्नुपर्छ । विभिन्न जाति र समुदायका मानिसहरूलाई एकसाथ ल्याउने कार्यक्रमहरू आयोजना गर्दा उनीहरूबिचको दूरी कम हुन्छ र आपसी समझदारी बढ्छ । तेस्रो - कानुनी र नीतिगत संरचनालाई बलियो बनाउनुपर्छ जसले दलितहरूको अधिकारको रक्षा गर्छ र विभेदको विरूद्धमा ठोस कदम चाल्नमा मद्दत पुऱ्याउँछ । यसरी दलित र गैरदलितबिचको सम्बन्धलाई मजबुत बनाउनका लागि यी उपायहरू प्रभावकारी हुनसक्छन् ।

***जयन्ती: दलित आरक्षणका सम्बन्धमा यहाँको धारणा के छ ?***

**अप्सरा:** दलित आरक्षणले दलित समुदायलाई शिक्षा, रोजगारी, सामाजिक सेवामा पहुँच दिनका लागि महत्त्वपूर्ण भूमिका खेल्छ । आरक्षणले दलितहरूको हक र अधिकारलाई सुनिश्चित गर्न मद्दत पुऱ्याउँछ तर यसले अन्य समुदायका लागि पनि चुनौतीहरू निम्त्याउन सक्छ। यस विषयमा खुला संवाद र विचारविमर्श आवश्यक छ ता कि सबै पक्षहरूको चासो र आवश्यकताहरूलाई ध्यानमा राख्न सकियोस् ।

**❑ कविता**



**❖ विश्वनाथ योञ्जन**

## धर्तीको स्वर्ग

धर्तीको स्वर्ग यो बुढानीलकण्ठ
सुन्दर धर्ती पाइन्न यो भन्दा
बुढानीलकण्ठ देवभूमि हाम्रो
चिनिएको छ एक मात्रै राम्रो ।
अन्न फल्दछ धर्तीका दाना
बहुभाषिक संस्कृति नेपाली पन
सृष्टिले उठेको छ बुढानीलकण्ठ
खुसी छन् गर्वले सारा जनता ।
ऊर्वर छ धर्ती यो सक्दैन बयान गर्न कसैले
अरूले डाह गर्छन् तर सममृद्धिको शिखर चुम्दै छ
सृजनाको पावन भूमि हो यो
खोट लगाउने ठाउँ कतै छैन
हेरीरहौँझैँ लाग्ने प्यारो बुढानीलकण्ठ ।



❖ डा. ब्योङ चियोल काङ
*दक्षिण कोरिया*

# समुद्री किनारका तिखा चट्टानहरू

शक्तिशाली काला चट्टान पनि
हुनसक्छन् चकनाचुर
लहरहरूको कहिल्यै नथाक्ने शक्तिले ।
म समुद्रका तिखा चट्टानहरूमध्ये एक थिएँ
बलियो र तिखो थिएँ
लड्थैं लहरहरूको विरुद्धमा ।

अब, म गोलो ढुङ्गामा टुक्रिएको छु
सिकेको छु समयसँगै पाठ ।
कोमलताले बललाई जित्न सक्छ
र हुन्छ कलम तरवारभन्दा शक्तिशाली ।
यो ब्रह्माण्डको सत्य हो
तिखा चट्टानहरू टुक्रामा फेरिन्छन्
र भइजान्छन् तिखा वस्तुहरू गोला र कोमल ।

किनारमा छालहरूसँग खेलिरहेका ढुङ्गाहरू
अब छालहरूसँग लड्दैनन्
तिनीहरू मिलेर बस्छन् शान्तिपूर्ण छालहरूसँग ।

*अनुवादः चन्द्र गुरुङ*
*धरान ।*

## ❑ गजल

❖ गङ्गा खड्का

क्षितिजबाट हेरिरह्यौ गोधुलीको घामजस्तै
सम्बन्धलाई टुक्राएर नलेखेको नामजस्तै ।
कठोर बनी सुनेनौ अन्तर्मनको ध्वनि मेरो
दुनियाँको बहकाउमा सीता त्याग्ने रामजस्तै ।
यता मेरो मन पोल्दा उल्टै आगो झोसिदिँदै
अञ्जान भई प्रस्तुत भयौ लठ्ठ पार्ने सामजस्तै ।
पराइ भए कठैबरा भन्थे होलान् मानवताले
पग्लिएन मन तिम्रो पत्थरमिश्रित चामजस्तै ।
यस्तै रैछ तिम्रो-मेरो पिरतीको कथाव्यथा
नलेखिएको चिठीको केवल रित्तो खामजस्तै ।

*बुढानीलकण्ठ, काठमाडौँ ।*

# 'गाउँ गाउँमा गवेषणा' कृतिको विमर्श



❖ प्रा. डा. कृष्णप्रसाद घिमिरे

## १. परिचय

लुम्बिनी प्रदेशका केही गाउँघरतिर एउटा भनाइ प्रचलित छ, 'कालीको पानी, समयमा खानी; मानिसको छुट्टै, बन्छ आनीबानी ।' यो भनाइ साहित्यकार चूडामणि बन्धुमा पनि घटित भएको पाइन्छ । प्रस्तुत भनाइ भौगर्भिक स्थिति र वातावरणले गर्दा व्यवहारमा देखिने प्रत्युत्पन्नमतिको भाषिक पहिचान हो । यसको सान्दर्भिक अर्थ के हो भने काली गण्डकीमा बग्ने शालिग्राम पखालिएको पानी बाल्यकालदेखि किशोर हुँदासम्म जुन बालबालिकाले कम्तीमा पाँच-सातपटक भन्दा बढी खाएका हुन्छन् तिनीहरूको पहिचान छुट्टै प्रकारको बन्छ । ऊ अरू व्यक्तिभन्दा काम, दाम र नाम कमाउनमा पछि फरक गुण भएको व्यक्तिका रूपमा चिनिन्छ र अग्रणी बनेको देखिन्छ । अचेल यो धारणा धेरैतिर फैलँदै गएको छ त्यसैले नदीकिनाराका व्यक्तिबाहेक अरू ठाउँका व्यक्तिहरू पनि कालीगण्डकी नदीमा नुहाउन, जल आचमन गर्न वा दुःख हरणको पुकारा गर्न गएका देखिन्छन् ।

रहवास, चिर्तुङ पाल्पामा जन्मेर हुर्केका चूडामणि बन्धु (रेग्मी, सन् १९३८ सेप्टेम्बर १४, वि.सं. १९९५ साल)ले कालीगण्डकी नदीमा कतिपटक नुहाएर किशोरकालसम्म कतिचोटि पानी खाए, त्यो आज गणनामा छैन तर शालिग्रामका जलको प्रभावले हो वा नवप्रवर्तनात्मक चेत र अनुसन्धानात्मक कार्यले गर्दा हो उनको पहिचान छुट्टै भएको स्पष्ट देखिन्छ । वास्तविक जीवनमा सानोदेखि ठुलो काम गर्नमा उनी सफल देखिएका छन् । शैक्षणिक, प्रशासनिक वा अनुसन्धानात्मक गरी उनले तीन प्रकारका काम गरेका छन् । ती तीनवटै काममा उनी प्रखर देखिएका छन् । जुनसुकै काममा होस्, उनको बेग्लै पहिचान बनेको पाइन्छ । अरू व्यक्ति कुरा गर्नमा धेरै केन्द्रित हुन्छन् भने उनी काम गर्नमा निपुण देखिन्छन् त्यसैले अनुसन्धानात्मक कार्यमा उनको बेग्लै परिचय बनेको छ । बन्धुद्वारा विभिन्न समयमा गाउँकेन्द्रित भएर अनुसन्धान गरिएको 'गाउँ गाउँमा गवेषणा' कृति हो । यस कृतिको कृतज्ञता ज्ञापनमा लेखक स्वयम्‌ले कृतिबारे यस्तो धारणा व्यक्त गरेका छन् :

"गाउँ गाउँमा गवेषणा' मैले नेपालका गाउँ गाउँको भ्रमण गरेर सम्पन्न गरेका अनुसन्धानको विवरण हो । यसमा वि.सं.२०२४ सालदेखि २०६९ सालसम्म देशका विभिन्न गाँउमा पुगेर भाषा र संस्कृतिका सामग्रीको सङ्कलन गर्दाका अनुभवलाई लिपिबद्ध गरिएको छ । वि.सं.२०२४ सालमा बागमती र जनकपुर अञ्चलका केही जिल्लाहरूमा बोलिने भाषाहरूको सर्वेक्षण, २०२५ सालमा चेपाङहरूको अध्ययन, २०२७ सालमा सिञ्जालीको अध्ययन, २०४४ सालमा राउटेहरूको अध्ययन, २०४४ सालमा राना थारूको सांस्कृतिक अध्ययन, २०४५ देखि नै पटक पटक कुसुन्डाको खोजी, २०६२ मा गन्धर्वहरूको लोकसांस्कृतिक अध्ययन अनि २०६५ र त्यसपछिको भाषा सर्वेक्षण कार्यक्रममा सहभागिताजस्ता विशेष अनुसन्धान कार्यक्रमबारेका आलेखहरू यस पुस्तकमा रहेका छन् (बन्धु, २०८१ः पृ.कृतज्ञताज्ञापन) ।"

चूडामणि बन्धुको उपर्युक्त भनाइले कृतिको विषयका बारेमा आंशिक सङ्केत गरेको पाइन्छ। यो कृति अनुसन्धानात्मक कार्यको विवरणात्मक प्रस्तुति हो। यस 'गाउँ गाउँमा गवेषणा' (२०८१) लेखसङ्ग्रहमा बन्धुका जम्मा आठवटा लेखहरू सङ्गृहीत छन्। यी सम्पूर्ण लेखहरू क्षेत्रकार्यद्वारा उत्खनन गरिएका तथ्यलाई सङ्कलन गरी सत्यापित गरिएका अवधारणाहरू हुन्। यी लेखहरूले नेपालको भाषा, कर्णालीको अथाह लोकसंस्कृति, नेपालका आदिवासी चेपाङ, राना थारु, भ्रमणशील राउटे, कुसुन्डा र गन्धर्वहरूका बारेमा अनुसन्धान गरी व्यावहारिक तथ्य प्रस्तुत गरेका छन्। यिनले नेपाली हामी, आफ्नो नाभीमा बिना बोकेर त्यसका सुगन्धको खोजीमा भौँतारिरहने हिमालीमृग अथवा 'माल पाएर चाल नपाएका' व्यक्तिजस्ता देखिएका छौँ। यी लेखहरूमा हामीले समयमा नै भाषा, लोकसाहित्य र संस्कृतिको महत्त्व बुझेर तिनको संरक्षण तथा संवर्धन गर्न सकेनौँ भने भोलिका दिनमा हामी 'पानीविनाका माछा'जस्ता अस्तित्व र पहिचानविनाका हुने छौँ भन्ने कुराको स्पष्ट सङ्केत गरिएको छ।

## २. उद्देश्य निर्धारण

प्रस्तुत लेख अनुसन्धानकर्ता चूडामणि बन्धुको 'गाउँ गाउँमा गवेषणा' लेखसङ्ग्रह (२०८१) कृतिको विमर्शमा केन्द्रित रहेको छ। यस कृतिद्वारा उनले समाजलाई **तीन उद्देश्य** समाजसमक्ष सम्प्रेषण गरेका छन्। **पहिलो**- नेपाल बहुजातीय देश हो। यहाँका बहुसङ्ख्यक आदिवासी जनताहरूको आआफ्नै परम्परित समाज, भाषा, संस्कार र संस्कृति छ। तिनीहरूको अनुसन्धान गरी भाषिक, लोकसाहित्यिक र सांस्कृतिक वैशिष्ट्यको अविलम्ब उत्खनन तथा संरक्षण गर्नु आजको आवश्यक हो। **दोस्रो**- नेपाल बहुधार्मिक देश हो। यहाँ घुमन्ते परिवारका राउटे, कुसुन्डादेखि आर्य एवम् भोट बर्मेली भाषा परिवारका शेर्पा, तामाङ, चेपाङ, थारुलगायतका आदिवासी समुदायको आफ्नै परम्परित मान्यता, विश्वास र प्रचलन छ। नेपालको हिमाली, पहाड उपत्यका तथा समथल प्रदेशका भौगर्भिक विशेषता फरक फरक छन् तापनि यहाँ बस्ने जातिहरूमा मानवीय सञ्चेतना, धार्मिक सद्भाव र अटुट मित्रता छ। आयातित इसाई, यहुदीलगायतका धर्ममा बाहेक नेपालका सनातनी धार्मिक समुदायमा भगवान् शिवको परिवारमा मेलमिलाप भएजस्तै धार्मिक सद्भाव, सहिष्णुता, सहसम्बन्ध तथा आपसी मूल्यमान्यताको समानतामा आधारित छ। यिनीहरूमा मिलेर बस्ने भावनाका साथै विद्वेष र वैमनस्यविहीन मानवीय चिन्तनको विशेषता पाइन्छ। **तेस्रो**- नेपाल बहुसांस्कृतिक फूलबारीको देश हो। यहाँ हिमाल, पहाड, तराईको भौगोलिक विविधता भएजस्तै सांस्कृतिक विविधता पनि छ। उपचारपद्धतिमा परम्परित वैज्ञानिक अक्षुण्य ज्ञान लुकेर रहेको भेटिन्छ। ती लुकेका ज्ञानमा योग, साधना र तपस्थलको महत्त्व तथा गुणग्राही चिन्तन छ त्यसैले समयमा ती ज्ञान र परम्पराको अनुसन्धान तथा संरक्षण हुनु आवश्यक छ भनी सचेत एवम् सजग गराउने सङ्केतात्मक अभिव्यक्ति यसमा पाइन्छ। क्षेत्रकार्यद्वारा सम्पादित यस कृतिबाट भाषा, लोकसाहित्य तथा संस्कृतिको सही अन्वेषण गरी सामाजिक आवश्यकताको सङ्केत गर्नु चूडामणि बन्धुको मूल उद्देश्य रहेको देखिन्छ।

## ३. कृतिको पहिचान र लेखहरूको समीक्षा

प्रस्तुत 'गाउँ गाउँमा गवेषणा' (२०८१) कृतिमा चूडामणि बन्धुका जम्मा आठ लेख सङ्कलित छन्। यसमा बन्धुको पहिलो लेख '२०२४ सालको भाषा सर्वेक्षण' भन्ने हो। यस लेखमा त्रि.वि.का तत्कालीन उपकुलपति श्री रुद्रराज पाण्डेले भाषा सर्वेक्षणको संयोजक भएर जान भनेपछि वि.सं.२०२४ पुस २३ गते पूर्वीतिर प्रस्थान गरेर सिन्धुपाल्चोक र दोलखा जिल्लाका विभिन्न स्थानको भ्रमण गर्दै २०२४ माघ २४ गते काठमाडौँ आएको देखिन्छ। भाषा सर्वेक्षणमा रामप्रसाद भट्टराई र दैवज्ञराज न्यौपाने पनि सङ्कलकका रूपमा समावेश भएका हुन्छन्। यी तीनजनाको सर्वेक्षण टोलीद्वारा सर्वप्रथम

काठमाडौँबाट चौतारा गएर तामाङ, माझी र पहरीहरूका भाषाको सामग्री सङ्कलन गरेको सन्दर्भ प्रस्तुत गरिएको छ । सूचकहरूको छनौट प्रक्रिया, सूचकाङ्कको गणना, भाषिक विभेदक, नाम, वचन, लिङ्ग र विशेषणमा देखिने साम्य तथा वैषम्यका आधारमा भाषाको परिगणना हुन्छ । भाषालाई छुट्र्याउने मुख्य आधारमा लिपि, ध्वनि प्रणाली (फोनेटिक्स), व्याकरण संरचना, शब्दसङ्कलन (शब्दावली), सामाजिक प्रयोग, भौगोलिक क्षेत्र र सांस्कृतिक पहिचानहरू पर्दछन्; तर ती सबै कुराहरू शीर्षकमा समेटिएका छैनन् तापनि जातिहरूलाई वासस्थानमा भेट्दै शब्दसङ्कलन गरेर अन्यत्र र त्यस ठाउँका नेवारजातिको तुलनात्मक सङ्केत पनि गरिएको छ । त्यसरी नै थामी, चरिकोटपूर्व जिरीका जिरेल, दोलखाका आफूलाई सूर्यवंशी भन्ने सुनुवार, जिरीवरिपरि डाँडाहरूमा बस्ने शेर्पा, काठमाडौँदेखि पूर्व जिरीसम्म प्रायः सबै गाउँमा पाइने तामाङ, काभ्रेपलाञ्चोकका दनुवार सबैको भाषा सङ्कलन गरिएको चर्चा पहिलो लेखमा उल्लिखित छ । यसले ती समुदायको बस्ने ठाउँ, भेषभूषा र खानपान आदिका विषयलाई साङ्केतिक रूपमा निम्नानुसारले सङ्क्षिप्त चर्चा गरी प्रशस्त अनुसन्धानको आवश्यकता औँल्याइएको छ :

**माझी**

यस '**२०२४ सालको भाषा सर्वेक्षण**' लेखमा माझी, पहरी, नेवार, थामी, जिरेल, सुनवार, शेर्पा, तामाङ, दनुवार आदिको सङ्क्षिप्त सांस्कृतिक परिचय र भाषिक चर्चा गरिएको छ। सिन्धुपाल्चोक जिल्लाको सुनकोसी र इन्द्रावती नदीको किनारमा माझीहरू बस्छन् । यिनीहरूको आर्थिक अवस्था राम्रो देखिँदैन । माझीका थरहरू कुसुवार, राई, दुधकुसुवार, कास, दनुवार आदि धेरै हुन्छन् । यिनीहरूले बोल्ने माझी भाषामा नाम, सर्वनाम, विशेषण र क्रियाका स्त्रीलिङ्गी रूप छन् तापनि भोट बर्मेली भाषाको प्रभावले नामबाहेक अरूमा पुलिङ्गी रूपको प्रयोग हुन्छ भनी बन्धुले उल्लेख गरेका छन् ।

**पहरी**

माझीजस्तै पहरीहरू पनि सिन्धुपाल्चोक र काभ्रेपलाञ्चोक जिल्लामा कम र ललितपुर जिल्लामा बढी बसोवास गर्दछन् । यिनीहरूको भाषा र संस्कृति नेवारसँग बढी मिल्दछ । पहरी भाषामा नाम र सर्वनामको बहुवचन बनाउन वालको प्रयोग हुन्छ । जस्तै फोटो (छोरो) फोटोवाल (छोराहरू) भनिन्छ । पहरीहरूले बिहे गर्दा मङ्गलवार र बुधवार भित्र्याउँछन् । यसमा बन्धुले पहरी र नेवार भाषामा निकै साम्य छ भनी चर्चा गरेका छन् ।

**नेवार**

काठमाडौँ उपत्यकाबाहेक दोलखा जिल्लामा बसोवास गर्ने नेवारहरूले भीमसेन गुप्तावास बस्दा बोलेको भाषा हो भन्ने धारणा राखेको पाइन्छ । यिनीहरूले दोलखा तथा सिन्धुपाल्चोक जिल्लाका तौथली, बाह्रविसे आदि ठाउँमा बसेर कृषि तथा घरेलु लुगा बुनेर गाउँमा बेच्ने गर्दछन् । दोलखाको सदरमुकाम चरिकोट भएपछि बजारको महत्त्व घटेको देखिन्छ । यहाँका नेवारहरू भीमसेन, त्रिपुरा सुन्दरी, बालकुमारी, काली, नाटेश्वर, हरिसिद्धि, पशुपति, गणेश, बज्रयोगिनी र सरस्वतीको पूजा गर्छन् । काठमाडौँका नेवार भाषाको प्रभाव यहाँ बढी पाइन्छ भनी बन्धुले उल्लेख गरेका छन् ।

**थामी**

कृषि र पशुपालन गर्ने थामीका अनेक थर हुन्छन् । यिनीहरूको पहिरन लुकुनी, पटुका र दौर सुरुवाल हो । यिनीहरू हिन्दु पर्वहरू मान्ने र उपवास बस्ने गर्छन् । नाम र सर्वनामको बहुवचन बनाउँदा सुस्पाका थामीहरूले पाली र घुस्कुनका थामीहरूले पालिङ् प्रयोग गर्छन् भनिएको छ । जस्तै- मि (मान्छे) मिपाली (मान्छेहरू) हुन्छ । यस भाषामा व्याकरणात्मक लिङ्ग व्यवस्था छैन ।

**जिरेल**

दोलखा जिल्लाको चरिकोटदेखि पूर्वमा रहेको जिरी ठाउँमा जिरेल जातिहरूको बसोवास छ । जिरेलको शारीरिक गठन र व्यवहार केही

मात्रामा सुनुवारसँग मिल्छ । जिरी खोलावरिपरिका रातामाटा ढुङ्गे, बादल, भण्डार, कोट, चेप्टे, यार्पा, सिगरी, डांग्रे, ज्यार्ङा, बुही आदि गाउँहरूमा यिनीहरू बसेका छन् । जिरेलहरू हिन्दु पर्व मान्छन् र आफ्ना सबै पितृकार्य लामाबाट गराउँछन् तर जन्म, विवाह र मृत्यु संस्कार शेर्पाहरूले झैँ गर्छन् । यिनीहरूको मुख्य व्यवसाय कृषि नै हो भनिएको छ।

**सुनुवार**

पूर्व २ नम्बरको लिखुखोला र खिम्ती खोलाका किनारमा सुनुवार बसेका छन् र आफ्नै भाषा बोल्छन् । यिनीहरूको भेषभूषा दौरा, सुरवाल, इष्टकोट, चोलो र फरिया हो । आफूहरूलाई सूर्यवंशी ठान्दछन् र सिम्रनगढबाट आएको भन्दछन् । सुनुवारहरू दोलखा जिल्लाको हाँवा, रसनालु, गैरी, दखी, हलुवा, नमाडी, फर्पु, सैंफु, सावा, भुजी, पिर्थी, यकङ, कास्थली, काती, दुलु, खिची, रगनी र सल्यानी गाउँहरूमा सुनवार जातिको बसोवास छ भनी अनुसन्धानमा उल्लेख गरेका छन् ।

**शेर्पा**

चूडामणि बन्धुले अनुसन्धानमा उल्लेख गरेअनुसार नाम्चे बजार र जिरीवरिपरिका बुलडाँडा, सेतुगाउँ, चोम्बु, गोली, गुमदेल, क्याबार, कवन्चे गाउँमा यिनीहरूको बसोवास छ । शेर्पाहरू चौंरी-भैंडा पाल्छन् । कोदो, मकै, फापर र आलुको खेती गर्छन् । फागुनको औँसीमा पर्ने ल्होसारमा तीन दिनसम्म गुफामा बत्ती बाल्छन् र उत्सवका रूपमा पर्व मनाउँछन् । यिनीहरूको धर्म लामावाद हो भने यिनीहरूको आफ्नै भाषा संस्कृति पनि छ।

**तामाङ**

नेपालको पोखरादेखि पहाडी क्षेत्र, भित्रीमधेस हुँदै जिरीको गाउँसम्म फैलिएका तामाङहरूले भोट बर्मेली परिवारको भाषा बोल्दछन् । भोट बर्मेली भाषाका दृष्टिले यिनीहरूको सङ्ख्या पहिलो नम्बरमा पर्दछ । शेर्पा र तामाङहरूको संस्कृतिमा केही समानता देखिए पनि निकै भिन्नता छ । यिनीहरूको धर्म पनि लामावाद हो र व्यवसाय कृषि र पशुपालन हो । यिनीहरूले पितृकार्य आफ्नै तामाङ लामाबाट गराउँछन् ।

**दनुवार**

काभ्रेपलाञ्चोक जिल्लाको पाँचखाल-वरिपरिका गाउँमा दनुवार जातिको सघन बसोवास छ । भारोपेली परिवारको भारतीय आर्य शाखाको भाषा बोल्ने दनुवार तराईका थारुको भाषा संस्कृतिसँग मिल्ने देखिन्छ तापनि निजी विशेषता भेटिन्छ । दनुवारका गोत्रभित्र अनेक कुल हुन्छन् । कुलमा बिहेबारी चल्दैन तर गोत्रमा चल्दछ । यिनीहरूले पितृकार्यमा बाहुन बोलाउँदैनन् तर देवकार्यमा बोलाउँछन् । सन्तान जन्मेको तेस्रो, पाँचौं, सातौं र नवौं वर्षमा मामाबाट छेवा गराउँछन् । जमरे औँसी, दसैँ तिहार, चण्डी पूर्णिमा, माघेसङ्क्रान्ति यिनीहरूका मुख्य चाडपर्व हुन् । विवाह गर्दा केटीका घरमा सगुनपात लग्ने दनुवारको रीति हुन्छ । जमरे औँसीका दिन यिनीहरूले श्राद्ध गर्छन् । पेसा खेती, पशुपालन र लुगा बुन्ने थियो । भेषभूषामा लोग्ने मान्छेले कमिज, दौरा-सुरुवाल, पलाञ्चोके जुत्ता, भोटो, टोपी, इष्टकोट लगाउँछन् भने स्वास्नीमान्छेले चोलो, फरिया, पटुका, चेप्टे ढुङ्ग्री, पोते, फुली र बुलाकी लगाउँछन् । दनुवार भाषामा संज्ञा र सर्वनामको बहुवचनमा लक् वा लोक् जोडेर बनाइन्छ । जस्तै -घोडाको बहुवचनमा घोडालोक् (घोडाहरू) हुन्छ।

प्रस्तुत दोस्रो लेखको शीर्षक '**चेपाङहरूसँग माइसिराङमा**' भन्ने देखिन्छ । यस लेखलाई चूडामणि बन्धुले वि.सं.२०२५ सालको बिदामा सहकर्मी बल्लभमणि दाहाल, न्युजिल्यान्डका भाषाशास्त्री रस कोहीसँग भगवानपुर जिल्लाको माइसिराङ चेपाङ बस्तीमा गएर डेढ महिनाको अनुसन्धानपछि तयार पारेका हुन् । यो उनको जातिगत अध्ययन हो । उनले जानकारी दिएअनुसार चेपाङहरूको बसोवास महाभारत पर्वत शृ‌ङ्खलाको दक्षिण पाखामा मकवानपुर चितवन गोरखा र धादिङ जिल्लामा रहेको छ । चेपाङहरूको भाषा

भोट बर्मेली परिवारको हिमाली शाखामा पर्ने सार्वनामिक भाषा हो ( बन्धु, २०८१ः पृ. १४ )। यिनीहरूले आफूलाई प्रजा मान्दछन् । चेपाङको उत्पत्तिमा रामायणकालीन कथालाई आधार बनाइन्छ र लवका सन्ततिहरू लोहारी चेपाङ र कुशका सन्तति कुसारी कुसुन्डाहरू हुन् भन्दछन् । लव र कुशको कथा रामायणमा बहुप्रचलित छ । यिनीहरूमा पनि जन्म, न्वारन, नामकरण, पासनी, केटाहरूको छौर र केटाकेटीको बिहा तथा मृत्युसंस्कार हुन्छ । चेपाङहरू ढुङ्गाको ओडारमा बस्ने वनका कन्दमूल तरुल, भ्याकुर, गिठा तथा जङ्गली फलफूलका साथै खोलाका माछा र वनका सिकार नै यिनका जीविकाका आधार हुन् । रुख चढ्ने, तरुल खन्ने काममा सिपालु चेपाङमा चमेराको सिकार गर्ने विशेष सिप हुन्छ । चिउरी फल्नथालेपछि लिसो टाँसी जाल थापेर चमेरा समात्थे (बन्धु २०८१ः पृ. १७) ।

चिउरीको बोट यिनीहरूको ठुलो धन हो । यिनीहरूले माछा र केराका धेरै परिकार भन्न र बनाउन सक्छन् । पहिरनमा लोग्ने मान्छेको भोटो, कछाड र स्वास्नी मान्छेको गुन्यो, चोलो हुन्छ भने बाँसका सामान बनाउन, मालसामान बोक्न, डोकाडालो, माछा मार्ने ढडिया, जाल, जाबी बुन्न र भोर्लाका पात र चोयाले बनेका स्याखु (स्याउ) पानीभरीमा ओड्ने बुन्न यिनीहरू सिपालु हुन्छन् । मान्छे मरेपछि खोलाको किनारमा खाल्डो खनी चिहान बनाउँछन् । भदौको पूर्णिमामा मनाइने छोनाम चेपाङहरूको मुख्य चाड हो भन्दै धर्म, संस्कृति, परिवारको चालचलन आदिका विषयमा क्षेत्रीय अध्ययन गरी बन्धुले आकर्षक शैलीमा प्रस्तुत गरेका छन् । लवका सन्तति मानिने चेपाङहरूको सिप नेपाली समाजले लिन नसक्दा हराउँदै गएको छ भने उनीहरू यति गरिब हुनुको कारण राज्यले खोज्ने विषय भएको देखिन्छ ।

अनुसन्धानकर्ता तथा भाषाशास्त्री बन्धुको तेस्रो लेख '**सिँजामा कर्णाली लोकसंस्कृतिको खोजी**' रहेको छ । वि.सं.२०२७ साल वैशाखको अन्त्यतिर सत्यमोहन जोशी, बिहारीकृष्ण श्रेष्ठ, स्थिर जङ्गबहादुर सिंह, प्रदीप रिमाल र चूडामणि बन्धुसहित पाँचजनाको टोली जहाजबाट जुम्ला पुगेको हुन्छ । जुम्लामा उत्रेपछि सबैले आआफ्नो भागको काम बाँडफाँड गरेर सुरु गर्छन् । चूडामणि बन्धु भने श्री चन्दननाथको मन्दिरभित्र रहेका दस्तावेजहरूको अध्ययन गर्नमा क्रियाशील रहन्छन् । जुम्लामा हुने पिउसाको टोकाइले यिनीहरुलाई धेरै दुःख दिएको हुन्छ । कर्णाली अञ्चलको सामान्य वस्तुस्थिति र सांस्कृतिक तथा सामाजिक महत्त्वका वस्तुबारे सूचना सङ्कलन गर्न थालिन्छ । सूचना प्राप्त भएअनुसार कनकपत्र सिरढुक्काका मोहनप्रसाद रेग्मीसँग छन् । ताम्रपत्र तलिचौरका रामशंकर देवकोटासँग छन् भनी जानकारी पाएपछि त्यसबारे खोजी गरिन्छ । गाउँको अन्वेषणमा रहँदा चौधबीस दराका थापा, बिष्ट रोकाया आदि थर भएका क्षेत्रीहरू जनै लगाउँदैनन् । बाज समातेपछि त्यसका आँखा सिएर बन्द गर्नुपर्छ र सघाएपछि मात्र खोलिन्छ (बन्धु २०८१ः पृ. २२ ) भन्ने ज्ञात हुन्छ ।

जुम्ला बजारमा नेवार थरका १५-१६) घर छन् । यिनीहरू यहाँ वि.सं.१९४५-०४६ सालतिर बडा हाकिमका साथ जागिरे भएर आएका थिए । अहिले यिनीहरूले श्रेष्ठ लेख्ने गर्छन् । नेवारहरूको बिहेबारी दैलेख, डोटी, सल्यान, जाजरकोट, सुर्खेतका नेवारहरूसँग चल्छ । जुम्लाको वस्तुस्थिति रहनसहन रितिथिति हेर्न र बुझ्न गाउँमा जाँदा जुम्लेलीहरुले धेरै गीत, मागल, उखान, टुक्काहरु भन्ने गर्दछन् । 'लैजाउ भैँसी दिल्लीमा राम चाखुडी', 'हुम्लीका दोनाल्या बन्दुक ह्वैगो ह्वैगो दोलाघाट' । त्यसपछि अनुसन्धानको यात्रा मिचा गाउँतिर जाँदा निकै राम्रो ढुङ्गाको देवल भेटिन्छ । यताका मान्छे पुराना मन्दिरलाई देवल, शिलास्तम्भलाई कुम्भ र ढुङ्गेधारालाई मुग्रा भन्दछन् (बन्धु, २०८१ : पृ. २४) । जुम्लाबाट तातापानीको बाटो बाटो हुँदै सिन्जा जाने सल्लाह हुन्छ र घाम अस्ताउने वेलामा तातापानी पुगिन्छ । बाटामा सिरढुक्का

पर्छ, कनकपत्र हेरिहालौँ भनेर सोधपुछ गर्दा उनीसँग कनकपत्रका संरक्षणकर्ता मोहनप्रसादसँग भेट हुँदैन । हाम्रा अगुवा लक्ष्मीनारायणले बाटाका किनारमा रहेका १७ वटा शिलास्तम्भ देखाउँछन् र तातापानी पुऱ्याएर उनी मोहनप्रसादको खोजीमा फर्कन्छन् । त्यहाँ बस्दा हामीले नयाँ चलन देख्छौँ । कटुवालको खटनअनुसार घर घरबाट फेरुवा जम्मा हुन्छन् र हाम्रो खानपिनको बन्दोबस्त गर्दछन् । अर्का दिन बिहान गाउँमा बाबिरा मष्टको धामी, घरको माथिल्लो तलामा भएको देवताको स्थानमा जाँदा हामी पनि जान्छौँ । त्रिपुण्डधारी झाँक्रीको लामो टुप्पी फेटाले ढाकेको हुन्छ । धामी चुपचाप तमाकु खाँदै हुन्छ । गाउँका बड्डाले हाम्रो परिचय दिँदै भन्दछन्, 'यिनीहरू टाढाबाट आएका छन् । घरमा सन्चोबिसन्चो क्या छ सबै हेर्दिनुस् महाराज ।' दमाईँहरू बाहिर बसेर बाजा बजाउँदै गरेका हुन्छन् । धामीले घण्टा बजाउँदै लयमा पडेली भन्न थाल्दछ । पढेली गोरखालीहरूले बुझ्दैनन् किनभने यो प्रचलित बोलचालको जुम्लीभन्दा बेग्लै हुन्छ । बाबिरा मस्टो भन्न थाल्दछ । "बार भाइ मस्टो र नौ बहिनी भुवानीको प्यारो मै हुँ, हेर कर्णाली सुकेर खोलो हुने छ, बागमती सुकेर एककोस हिँडेर एउटा मान्छे भेटिने छ । पङ्खीमा काग रहने छ । सात वर्षकी कन्या रजस्वला हुने छ । अनाज चिण्डामा ठिक्क हुने छ" ( बन्धु, २०८१ः पृ. २५) यस्तै धेरै प्रशस्तिपछि सन्चबिसन्चका कुरा गरेको सन्दर्भ उल्लेख गरेका छन् ।

अनुसन्धानको यात्राका क्रममा जुम्लाका विभिन्न गाउँको वर्णन त्यहाँ भएका कठिनाइहरू तिनीहरूले उपस्थिति गरेका परिस्थिति तथा प्राकृतिक सुन्दर दृश्यहरूको अवलोकन गर्दै संस्कृतिको अध्ययन, खोज, अनुसन्धान गर्दा राराको सुन्दर दृश्यको अवलोकन र पुनः फर्केर जुम्ला हुँदै काठमाडौँ आएका मनोरञ्जनपूर्ण घटनाहरूको उल्लेख यस लेखमा गरिएको छ । यसले जुम्लाका मठमन्दिर, बस्ती, सुन्दर फाँट, डाँडा पर्वत, पाटन र अप्ठ्यारा बाटाहरू सामाजिक, सांस्कृतिक, भाषिक, भौगर्भिक सबै पक्षको वर्णन गरेर विकटता मात्र होइन आत्मीय निकटता पनि प्रस्तुत गरेको छ ।

अनुसन्धानकर्ता चूडामणि बन्धुको **चौथो** लेख '**भ्रमणशील र स्थायी बसोवास गरेका राउटेहरूसँग**' हो । यस लेखमा उनले आखेटजीवी तथा भ्रमणशील राउटेहरूको आजसम्म प्राप्त इतिवृत्तान्तलाई विवरणात्मक रूपमा प्रस्तुत गरेका छन् । नेपाली समाजमा राउटेहरूलाई राउटे, रावत, रौतिया, राउत, राजी, वनराजी, वनराजा र जङ्गली पनि भनिन्छ । भ्रमणशील राउटेहरू नेपालको महाकाली, सेती र भेरी अञ्चलमा घुम्ने हुँदा राजपुत्रबाट राउटे भएका हुन् भन्ने किंवदन्ती पनि छ । यिनीहरूले आफ्ना चार थर चन्द्र, पाल, सिंह र रावत हुने बताउँछन् । राउटेका विषयमा सर्वप्रथम कालिकोट जिल्लाका योगी नरहरिनाथले (१७ फागुन १९७१- १३ फागुन २०५९) वि.सं.२०१२ सालमा चिनाएपछि राइनहार्ड (सन् १९७४), डोरबहादुर विष्ट (१९७६), पूर्णप्रकाश नेपाल 'यात्री' (२०४०), गौरीबहादुर कार्की (२०४१), अमेरिकी अनुसन्धाता जाना फोर्टियर, रमेश खत्री (सन् १९१७) लगायतका विद्वानूहरूले राउटेका विषयमा अनुसन्धान र परिचर्चा गरेका छन् (बन्धु, २०८१ः पृ.३८) । यी सबैमा भेटिएका केही तथ्य तथा चूडामणि बन्धु र यादव खरेलले २०४३ सालमा राउटेको सांस्कृतिक अध्ययन गर्दा प्राप्त गरेका बासस्थान, इतिहास, सामाजिक संरचना, भाषा, आर्थिक जीवन, आमोदप्रमोद, आस्था तथा विश्वास, सामाजिक सम्पर्क र उनीहरूको जीवनमा देखिन थालेको परिवर्तन आदि सबैलाई समेटी यस लेखमा प्रस्तुत गरिएको छ (बन्धु, २०८१ः पृ. ३७) ।

बन्धुको यस लेखले राउटेहरूको दिनचर्या मात्र होइन, मानवजातिको विकासका क्रममा पछि परेका अशिक्षित एवम् अर्धशिक्षितहरूसँग हुने चेतनाको स्तर र सिपलाई समेत समेटेको छ । सीमित औजारबाट आखेट र श्रमजीवी राउटेहरूले

स्थानीय जङ्गलमा प्राप्त हुने टुनी, चाँप, सिमल, फँगल, गुराँस, उत्तिस, फलेदो, भुर्कुटो, अर्जुन, सिर्पो, काउलो, ओखरजस्ता काठका दारबाट काठका कोसी (आरी), सानाठुला बाकस, मधुस, खाट, पिर्का (पिरा), बनाउँछन् (बन्धु, २०८१ः पृ. ४८) । राउटेहरू काठ र कुकाठ चिन्ने तथा काठका सामान बनाउने कलामा प्रवीण हुन्छन् । आफ्ना सामान विनिमय गरी चामल, गहुँ , धान, जौ, फापर, लिन्छन् । विनिमय गर्दा सन्तुष्ट भए आसिक पनि दिन्छन् । यिनीहरूका भौतिक सामग्रीमा डोका, नाम्ला, जावी, झोला, डोरा, जालहरू र काट्ने हतियारमा बन्चरो, ताछ्ने बसिला, खोप्ने छिना, डाला काट्ने खुर्पाहरू हुन्छन् । चलसम्पत्तिमा पकाउने, खाने र पानी राख्ने भाँडा, काट्ने र खन्ने हतियार, जाल, बाँध्ने डोरा, लगाउने र ओड्ने लुगाहरू तथा आफूले बनाएका काठका बटुका, आरी, दाबिलो/पन्यु आदि हुन्छन् (बन्धु ,२०८१ः पृ. ४४) । राउटेहरूको सरल अर्थव्यवस्था र सीमित आयस्रोत भएका कारणले बोक्नसक्ने सामग्रीबाट चलेको हुन्छ । यिनीहरू तरुल, भ्याकुर जस्ता कन्दमूल खनेर खाने, बाँदरको सिकार गर्ने तथा आफ्नै भाषा पनि बोल्ने राउटेको एउटा मुखिया र ठुलो समूहहरू भए उपमुखिया पनि हुन्छन् । आफ्नो चालचलन संस्कारमा मस्टो, झाँक्री, लामा मान्ने र अरूलाई आफ्नो चालचलन भन्न नचाहने प्रकृतिपुत्र राउटेहरूले साउने सङ्क्रान्ति, दसैँ, तिहार पर्व पनि मनाउँछन् । सुत्केरी हुँदा १५ दिनसम्म मासु खान नदिने र भात खान दिने यिनीहरूमा अनौठो चलन पाइन्छ । राउटेहरूसँग कपडाको कमी हुने भएकाले शिशु र सुत्केरीको जीवन ज्यादै कष्टकर हुन्छ (बन्धु ,२०८१ः पृ. ५४) । मनोरञ्जन गर्दा यिनीहरू पैँसारी नाच्ने गर्छन् । राउटेकी श्रीमती पद्मिनी, राजाकी महारानी, गाइनकी सेजिनी हुन्छ भन्दै यस्ता गीत गाउँछन् ः

धरतीको राम्रो तोरी साक, सागर राम्रो जून ।

मान्ठ राम्रो दिल बस्याको, तिउन राम्रो नून ॥
( बन्धु, २०८१ः पृ. ५७ )

यस लेखमा भाषाशास्त्री बन्धुले विभिन्न शीर्षक राखी राउटेहरूको सम्पूर्ण जनजीवन बुझ्न सजिलो बनाएका छन् । यो लेख अनुसन्धानमूलक विवरणात्मक भएकाले कुसुन्डालाई राजा मान्ने र कर दिने कुरा पनि यहाँ उल्लेख गरिएको छ । सरकारसँग भत्तावृद्धिको माग राख्दै आफूहरूलाई आदिवासी नभनी राउटे नै भन्नुपर्छ भन्ने उनीहरूको धारणा पाइन्छ । अभिनेत्री रेखा थापाले आफ्नै फाउन्डेसनबाट सहयोग गर्न खेलेको भूमिका, राउटेलाई सुर्खेतले वनहेरालु पदको जागिरमा राखेको सन्दर्भसमेत उनले यस लेखमा उल्लेख गरेका छन् । यी आखेटजीवी र भ्रमणशील राउटेहरूलाई दुनियासरह बनाउन योजनाकार, मानवशास्त्री र चिकित्सकहरूले मिलेर निश्चित कार्यक्रमको थालनी गर्नु आजको आवश्यकता रहेको बन्धुले निष्कर्ष निकालेका छन् त्यसैले राउटेका विषयमा थप जानकारी लिन यो आलेख सबै पढ्नु महत्त्वपूर्ण र उपयोगी हुने देखिन्छ ।

भाषाशास्त्री चूडामणि बन्धुको 'गाउँ गाउँमा गवेषणा' कृतिको पाँचौँ लेख '**वन राजा कुसुन्डाको खोजी**' रहेको छ । लेखकले शीर्षकअनुसार नै कुसुन्डाहरूको खोजी गर्दा आफूले देखेका, भेटेका र लेखेका सबै कुरा समेटी प्रस्तुत लेख लेखेका छन् । मानवशास्त्री र भाषाशास्त्रीले समाजको अक्षुण्ण धनका रूपमा अल्पसङ्ख्यक मानवजातिको रहनसहन, भेषभूषा, भाषा र संस्कृतिलाई लिएका छन् । त्यसले समाजमा विद्यमान युगौँदेखि रहेको ज्ञान, कला र सिपलाई सुरक्षित राखेको हुन्छ । कुसुन्डा मानवजाति र तिनका भाषाको लोप हुँदा वा तिनीहरूको व्यवहार रूपान्तरित हुँदा हाम्रो अमूल्य धन हराउने सम्भावना भएकाले त्यसको संरक्षण तथा संवर्धन गर्नु आवश्यक हुन्छ ।

नेपाल बहुजातीय देश भएको हुँदा यसको विशेष गरिमा छ । यहाँ वनराजा कुसुन्डा, चेपाङ, राउटेलगायतका भ्रमणशील आखेटजीवीहरूको बसोवास रहेको छ । तीमध्ये आफूलाई वनको राजा मान्ने कुसुन्डा जातिका विषयमा स्वदेशी तथा

विदेशी विद्वान्हरूले केकस्तो अध्ययन गरेका छन् ? त्यसको विमर्शसहित कुसुन्डाहरूको बसोवास, जनसङ्ख्या, पौराणिक प्रसङ्ग, बन्धनहीन वनवासी जीवन, कुसुन्डाहरूको दैनिक क्रियाकलाप, सामाजिक सम्बन्धमा मित र सैना लगाउने चालचलन तथा संस्कार, पूजाआजा, विश्वास र मान्यता, भ्रमण, मेला र यात्रा, खेल मनोरञ्जन, भौतिक संस्कृति, खानपान, च्याउ, कन्दमूल, सिकार, रुखसँगको सम्बन्ध, कुसुन्डा भाषा र रूपान्तरित जीवन, भाषिक सङ्कटको अवस्थाजस्ता विषयमा यस लेखमा सूक्ष्म र गहन रूपले उल्लेख गरिएको छ । यसबाट नेपालमा कुसुण्डाको अवस्था र धरातलीय यथार्थ मात्र होइन, उनीहरूले मानव रक्षार्थ प्राप्त गरेको छाप्रावरिपरि जनावर नआउने मन्त्रशक्तिको प्रयोग गर्ने ज्ञान, (जसलाई प्राचीन कालमा लक्ष्मण रेखा भनिन्थ्यो) त्यो लोप हुँदै गएको पाइन्छ । जङ्गली जनावरको सिकार गर्ने ज्ञान, विभिन्न प्रकारका च्याउ टिप्ने तथा खाने तरिका सबै हराउँदै गएका छन् । त्यो ज्ञानको हस्तान्तरण र संरक्षण मानवजातिका लागि उपयोगी थियो तर नेपाली समाज एवम् राज्यले यसतर्फ ध्यान नदिँदा आफ्नै अपूर्व ज्ञानबाट हामी वञ्चित हुँदै छौँ । यी सबै अन्वेषणीय पक्षलाई सूक्ष्म रूपले केलाएर यस लेखमा प्रस्तुत गरिएको छ । यस लेखले गोरस वर्जित खानपानमा रमाउने कुसुन्डा र विनोद प्रिय उनीहरूको बानीलाई समेत समेटेको छ । यसमा नेपालको सांस्कृतिक धन क्रमशः घट्दै गएकोप्रति चिन्ता प्रकट गरिएको छ । यसले लेखकबाट कुसुण्डाको नालीबेली बुझ्न र उनीहरूका विषयमा आजसम्म भएका अध्ययनलाई उल्लेख गरी प्राज्ञिक मर्यादालाई प्राथमिकता दिएको छ । त्यसैले सबैका लागि लेख तथा कृति पठनीय बनेको देखिन्छ ।

विभिन्न फूलका थुङ्गालाई धागोले उनेर एउटै माला बनाएजस्तै जाति तथा समुदायका व्यक्तिलाई उनीहरूका संस्कार र संस्कृतिले अरूभन्दा फरक तर सुन्दर बनाएको हुन्छ । अनुसन्धाता चूडामणि बन्धुको छैटो लेख '**राना थारुहरूका माझमा**' रहेको छ । वि.सं.२०४४ सालमा बन्धु नेपाल प्रज्ञा-प्रतिष्ठानको सदस्य हुँदा त्रिविका डाक्टर रमेश कुँवर र प्रतिष्ठानका फोटोग्राफर यादव खरेलसहितले पश्चिमतिरको यात्रा प्रारम्भ गर्दछन् । यिनीहरूको उद्देश्य कैलाली र कञ्चनपुर जिल्लाका राना थारुहरूको सांस्कृतिक अध्ययन गर्ने रहेको हुन्छ । **नेपालमा थारु जातिको बसोवास पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मको भित्री मधेस र सम्पूर्ण मधेसमा** रहेको छ । यिनीहरूलाई धर्तीपुत्र, आदिवासी, थारु र चौधरी आदि नामले पनि चिनिन्छ । भारतको बिहार र उत्तर प्रदेशका गाउँमा पनि थारुको बसोवास छ । थारुका धेरै वर्गहरू पनि हुन्छन् । यी थारुमा राना थारु, दङौरा थारु, कठिरया, सुनहा, तथा नवलपुर चितवनतिर मर्दनिया, सप्तरी मोरङतिर कोचिला थारु हुन्छन् । यिनीहरू नाथ सम्प्रदाय सम्बद्ध भएर कनकट्टा, महन्त, भगत र जोगी पनि बनेका हुन्छन् (बन्धु, २०८१ : पृ. ९५ )। सामान्यतः थारुभन्दा सबै एउटै देखिए तापनि अरू जातिसँगको बसोवास, परिवेश र परम्परित प्रचलनले गर्दा राना थारु र दङौरा थारुमा पनि घरको बनावट, सामाजिक संस्कार तथा लोक संस्कृतिका कारणले भिन्नता पाइन्छ । लेखकको सन्दर्भ राणा थारुसँग मात्रै केन्द्रित रहेकाले यस लेखमा अरूको चर्चा गरिएको छैन ।

प्रस्तुत लेखमा रानाथारुका दुई पाखे घर हुने, घरअगाडि पिँढी हुने, माटो र गोबरले लिपेका घरका भित्ता, गाईभैँसी बाँध्ने घारी (गोठ), दाउरा राख्ने कटकौरा (कोडकुरो), घरभित्र बढार्ने मसिनो कुचो 'बढनी', घरबाहिरको 'खराँचो' भन्नेजस्ता धेरै सन्दर्भको उल्लेख बन्धुले गरेका छन् । राना थारुको बिहानको खाना 'खानुइ' दिउँसोको 'दोहरौना' फेरि बेलुकी खाने खानालाई 'खानोइ' भन्ने चलन छ । राना थारुले चाडपर्वमा गहुँका पिठाको पुरी, अनदि चामलको भात, तरकारी, दुध, दही, घिउ, मिठाइ र जाँडको पनि प्रयोग गर्दछन् (बन्धु,२०८१:पृ.९७ )। राना थारुका पुरुषको पहिरनमा धोती, टोपी, इष्टकोट

र कन्धुनी हुन्छ भने अचेल लुङ्गी, सुरुवाल र कमिज, पाइन्ट लगाउँछन् । महिलाले अँगिया, घाँघरिया र उनियाँ लगाउँछन् । गरगहनामा चाँदीका बिन्दिया, नकबेर, नथिया, बुलाकी, घाँटीमा 'कठुला' सेतो हार 'सिकरी' लगौरा र हातमा चुडिया, औलामा बारा र मुदरी, गोडामा कल्ली, कतिले पाउजेब तथा औँलामा 'बिचियाँ' आदि लगाउँछन् (बन्धु, २०८१ः पृ. ९९) । राना थारुहरूको दिनचर्या बिहान भालेको डाँक र चराचुरुङ्गीका आबाजबाट सुरु हुन्छ भने बेलुकी सूर्यास्तभन्दा अघि नै समाप्त हुन्छ ।

"राना थारुहरूको समाजमा समय विभाजनको आफ्नै शैली छ । बिहानलाई भोर, घाम उदाएपछिको समयलाई सबेर, बिहानको खाने वेलालाई कलवारी वेला, दिउँसोलाई दोपहर, सूर्यास्तभन्दा अघिको समयलाई सन्झा र त्यसभन्दा पछिको समयलाई रात भनी छुट्याइन्छ । राना थारुहरू खेतीमा भर पर्ने हुँदा बउनई र कटनईको समयमा अर्थात् रोप्ने र काट्ने वेलामा सारै व्यस्त रहन्छन् । असार, साउन, भदौ र असोजको चौमासा उनीहरूको खेतमै बित्छ् । ...बाली भित्र्याउने, बेचबिखन गरी खर्च टार्ने, मगनी र विवाह गर्ने काम पनि यिनीहरूले धान बेचेर नै गर्छन्"(बन्धु, २०८१ः पृ.१००) । फागुनमा होली खेल्छन् , त्यसैगरी शनिबारका दिन छोरीलाई घर पठाउँदैनन् । परम्पराबाट प्रभावित थारुहरू हिन्दु हुन् तापनि लोकदेवताहरूको पनि पूजा गर्छन् र भोग दिन्छन् । घरको अगाडि पूजाआजा गर्दा झन्डा राख्छन्, तुलसीको पूजा गर्छन् र पिपललाई पानी चढाउँछन् । अतिथिसत्कारमा पनि यिनीहरूले राम्रोसँग गर्ने गर्दछन् । आफूभन्दा माथिका मान्यजनलाई ढोगभेट गर्दा नाताको शब्दसहित राम राम भन्छन् भने छोरीबुहारीलाई राजी खुसी रहो, आनन्द रहो भन्दछन् " (बन्धु, २०८१ः पृ. १०१) ।

राना थारुहरूले विवाह मङ्सिर, पुष र माघ महिनामा गर्छन् भने जन्त आइतबार वा बिहीबार जान्छन् । विवाहका समयमा दिदीबहिनी र भाउजूहरूले दुलहालाई हर्दी लगाइदिन्छन् । त्यस वेला गीतबाट गाली पनि गर्छन् । पहिला थारुसमाजमा कमैया प्रथा पनि विद्यमान थियो । अर्काको घरमा काम गरेर पेट पाल्नेलाई कमैया भनिन्छ । पुरानो मालिकले केही पैसा दिएको हुन्छ । त्यसको सावाँब्याज तिरेर फेरि अर्को मालिकले लगेको हुन्छ । उनीहरू मालिकका घरमा बस्छन् । वर्षभरिलाई जीवन निर्वाहको लागि केही निश्चित परिणाममा धान पाउँछन् त्यसैले जीविका चलाउँछन् । कला, कौशलमा पनि थारुहरू काठबाट हलो, जुवा, खटिया बनाउँछन् भने गोरुगाडाका चक्का पनि बनाउँछन् । त्यस्तै सन, मूल र महलुका डोरा बनाउँछन् । काठको कामका लागि रुखानी, बसला, कुलाडी, अरिया, रन्दा, गिरमिट आदि हतियारको प्रयोग गर्छन् । यिनीले विभिन्न रङमा रँगाएर ढकिया बनाएका हुन्छन् ।

थारुसमाजमा अन्न राख्नका लागि डेहरीहरू बनाइन्छ । त्यसमा धान, गहुँ आदि अन्न राखिन्छ भने साना डेहरीमा चामल, तोरी आदि राख्छन् । गीत नृत्यमा पनि राना थारुहरू रमाएर आफ्ना संस्कार तथा चाडपर्वहरू मनाएका हुन्छन् । यिनीहरूले दिउँसोतिर झिगडो गीत गाउँछन् । गीत प्रारम्भ गर्नेलाई मोडी भनिन्छ भने भट्याउनेलाई पछडिया भनिन्छ । दोपहरतिर गाउने गीतलाई झुमरा भनिन्छ । झुमरा र हुरदङ्गा नाच यिनीहरूका बिच बढी लोकप्रिय छन् । यिनीहरूले झुला र होली पनि मनाउँछन् । होलीमा गीत गाउँदै नाच्दै रमाएका हुन्छन् । प्रायः राना थारु आफ्नो व्यवसाय र प्रकृतिमा रमाएर बसेका हुन्छन् । यिनीहरूलाई आफ्नो समाजजस्तो प्यारो अरू केही लाग्दैन भन्दछन् । यस लेखमा राना थारुका जन्मदेखि मृत्यसम्मको संस्कार तथा व्यवहार, चालचलन आदि सबै पक्षलाई सन्तुलित रूपमा समेटेर प्रस्तुत गरिएको छ । समग्रमा भन्दा खेतीकिसानी र पशुपालनमा बढी रमाउने थारुहरू सरल प्रकृतिका हुन्छन् । यिनीहरूमा निश्छलता र खानपानमा रमाउने विशेषता हुन्छ तापनि परिश्रमी तथा मिलनसार बानी जातीय गुण बनेको देखिन्छ भन्ने बन्धुको निष्कर्ष रहेको पाइन्छ ।

साहित्यकार चूडामणि बन्धुको यस कृतिमा सङ्गृहीत सातौँ '**पोखराका गन्धर्वसँग**' सबभन्दा लामो लेख रहेको छ । चारजनाको अनुसन्धान

टोलीले स्थलगत क्षेत्रकार्य गरी तयार पारिएको हुनाले यस लेखमा बन्धुले गन्धर्व जातिको इतिहास, पेसा, बसोवास, गायनकला र वर्तमान अवस्थालाई केलाएर कतिपय सुझावसमेत प्रस्तुत गरेका छन् । नेपालको एकीकरण र शाहवंशसँग गन्धर्वको इतिहास जोडिए तापनि कतिपय विषयमा ऐतिहासिक पुष्टिको आवश्यकता देखिएको छ । वि.सं.२०६२ साल असार २७ गतेदेखि असोज २९ गतेसम्म तीन महिना पोखरामा बसी चूडामणि बन्धु, कुसुमाकर न्यौपाने, मीना मानन्धर र मानबहादुर साहु चारजनाको समूहले गन्धर्व वा गाइने समुदायका गीतको स्वराङ्कन, टिपोट, दृश्यावलोकन, सहगमन तथा तथ्यसङ्कलनको जुन काम गरे, त्यो ज्यादै प्रशंसनीय छ । लोप हुँदै गइरहेको गन्धर्वहरूको गायनकला, घटनाप्रसारण, मनोरञ्जन र संस्कृति संरक्षणको पुनीत कार्यमा यसले अहम् भूमिका निर्वाह गरेको छ ।

खोज अनुसन्धानकर्ता चूडामणि बन्धुले नेपाली जीवित सांस्कृतिक सम्पदाको सर्वेक्षण परियोजनाअन्तर्गत रहेर नेपाली लोकवार्ता तथा संस्कृति समाजको संलग्नतामा गन्धर्वहरूको अनुसन्धान गर्ने र कृति प्रकाशन गर्ने लक्ष्य लिएको पाइन्छ । उनले गन्धर्वसम्बन्धी अगाडि गरिएका कार्यहरूलाई कालक्रमिक रूपमा प्रस्तुत गरेर स्वदेशी तथा विदेशी विद्वान्प्रति सुरुमा नै आभार व्यक्त गरेका छन् । त्यसपछि बन्धुले बाटुलेचौरमा र अन्यत्र पनि छरिएर बसेका गन्धर्वहरूको अन्तर्वार्ता, संस्मरण, गीत, गाथा, कविता, काव्य, कथा, उखान एवम् मन्त्रहरूको सङ्कलन गर्नका निम्ति अडियो र भिडियो रेकर्डहरू प्रयोगमा ल्याउँछन् । अध्ययनका लागि आवश्यक सूचना, तथ्य तथा आफ्ना अनुभूतिलाई लिपिबद्ध गर्न दैनिकीको पनि प्रयोग गरेका छन् । त्यस्तै तथ्याङ्क सङ्कलन गर्नका निम्ति केही प्रश्नावली र प्रत्यक्ष अवलोकनलाई पनि आधार बनाएका छन् । त्यसबाट गन्धर्वहरूको संस्कार, पर्व, उत्सव र प्रतियोगितालाई पनि आधार बनाएको उल्लेख गरिएको छ । उनीहरूको बसोवास प्रणाली, जीवनपद्धित, औषधोपचार विधि, खानपान, तन्त्रमन्त्र र रोजगारीसम्बन्धी सूचनाहरू अन्तर्वार्तामा र अवलोकनबाट सङ्कलित गरिन्छन् (बन्धु, २०८१ः पृ. ११६) ।

अन्वेषक बन्धुले गन्धर्वहरूको गीत र लोकजीवनबारे एउटा पुस्तक तयार गर्ने लक्ष्यका साथ अगाडि बढेको हुनाले उनीहरूको क्षेत्रिभत्र घुमेर कर्खाको सिद्धान्त तथा परम्परालाई समावेश गरेका छन् । गन्धर्वहरू बाटुलेचौर, लामा चौर, हेम्जा बेसी, तल्लो गगन गौडा र अर्घौंमा स्थायी रूपले बसोवास गरेका छन् । उनीहरूलाई पहिला गाइने भनिन्थ्यो भने २०१३ सालतिर धर्मराज थापाले गन्धर्व भन्न थालेपछि अचेल उनीहरू आफूलाई गन्धर्व नै भन्न मन पराउँछन् । गन्धर्वहरूको इतिहास मध्यकालीन भारतको उज्जयिनीका राजा भोजका वंशमा जयमल राना, पत्ता राना, महावीर राना र गंगु तिवारीसँग पनि जोडिन्छ । उनीहरू चित्तौरगढको लडाइँमा मारिन्छन् । जैमलका छोरा मानसिंह राना, गंगु तिवारीका छोरा संचन्द तिवारीका साथ आत्मरक्षाका निम्ति हिमालतिर लाग्छन् र रिडीमा आई बसोवास गर्छन् । त्यसपछि लसर्घा, लिमी राज्य हुँदै मानसिंहका वंशमा भक्ति खान र मिचा खान देखिन्छन् । मिचा खानका छोरा विचित्र खान, उनका छोरा जगती खान हुन्छन् । यिनैलाई कुलमण्डन पनि भनिन्छ । यिनी द्रव्य शाहका पिता हुन्छन् । त्यसपछि कास्की राज्यमा आक्रमण गरी कास्कीकोट जितेर राजधानी बनाउँछन् । गन्धर्वहरूलाई हेम्जा र बाटुले चौरमा बसोवासका लागि राजाबाट जग्गा प्रदान गरिन्छ । दिल्लीका सम्राट शाहले कुलमण्डनलाई शाहको उपाधि प्रदान गर्छन् । त्यसपछि मात्र यिनीहरूलाई शाह भन्न थालिन्छ (बन्धु , २०८१ः पृ. ११८ र १९) ।

बन्धुलाई बाटुले चौरका रामबहादुर बानियाले भनेअनुसार कुलमण्डन शाहको ग्रीष्मकालीन दरबार बाटुले चौरमा हुन्छ । यहीँ गन्धर्वहरूले उनीहरूका वीरताको गानमा कर्खा सुनाएको र मालसिरी गाएको सन्दर्भ उल्लेख गर्दछन् । गन्धर्वहरू माछा मार्न पनि सिपालु हुन्छन् । नेपालीको एकीकरण कसरी भयो ? भोट र मुग्लानमा नेपाली वीरहरूले कसरी युद्ध जिते ? कोत पर्व कसरी भयो ? आदिलाई रोमाञ्चमय

ढङ्गबाट कर्खामा गीतद्वारा गाइन्छ (बन्धु, २०८१ः पृ. १२०) । गन्धर्वहरू सारङ्गी मात्र होइन, मादल पनि राम्ररी बजाउँछन्, नाच्न जानेका हुन्छन् । मधुरो स्वरले तीजेगीत, लोकगीत, कर्खा आदि गायन, नृत्य र वादनकलामा निपुण हुन्छन् । प्रतियोगिताको आजको युगमा सारङ्गी बादनमा यिनीहरूको दक्षता वृद्धि गरेर गन्धर्वहरूको पहिचानको सम्बर्धन गर्न सकिन्छ ( बन्धु, २०८१ः पृ. १२२) भनी सुझाव प्रस्तुत गरेका छन् ।

बन्धुले कर्खाहरू समाजबाट हराउँदै जानु भनेको नेपाली संस्कृतिको एउटा महत्त्वपूर्ण पक्ष लोप भएको मानेका छन् । यसमा समाज र इतिहासका धेरै कुरा लुकेका हुन्छन् । अहिले पहिचानका कुराहरूको खोजी गर्ने परम्परामा कर्खा गाउनुलाई पश्चगामी पनि भनिन्छ तर संस्कृतिविद् तुलसी दिवसबाट कर्खा गायन तथा गन्धर्व संस्कृतिको समन्वयका लागि प्रतियोगिताको उद्घाटन गराइन्छ । त्यहाँ गन्धर्वहरूका कर्खा सुनेर वृद्धवृद्धा, बालबालिका, युवायुवतीहरू सबै रमाउँछन् । उच्चस्तरीय कर्खा गायकलाई पुरस्कार पनि प्रदान गरिन्छ (बन्धु, २०८१ः पृ. १२३)। गन्धर्वहरूले पहिला 'जदौ हजुर' भन्ने गर्थे भने अचेल नमस्ते मात्र भन्ने गर्दछन् । यिनीहरूको नाममा एकारान्तको प्रयोग पनि गरिन्छ । जस्तै- खिमे, तुले, मोहने, आइते, काले आदि । गन्धर्वहरूले गाउँ गाउँ घुमेर बाहुनका घरमा रामायणका केही अंश, गुरुङका घरमा लोकगीतहरू र अन्यत्र घरपरिवार हेरी उनीहरूलाई मनपर्ने गीत सुनाउने गर्छन् । पारिश्रमिक दिएको कुरा लिन्छन् । अचेल परम्परागत शैलीमा परिवर्तन आएको छ । अहिले उनीहरू रेस्टुरामा र दोहोरी साँझमा गीत गाउन थालेका देखिन्छन् । यिनीहरू आपसमा गोप्य भाषा बोल्ने र पाल्से कुरा पनि गर्दछन् । सारङ्गीका धुनमा स्वर मिलाई प्रस्तुत गरिने गीतहरू उनीहरूका जीवनका अभिन्न अङ्ग बनेका हुन्छन् । यिनीहरूले वीरहरूका गाथा र घटना गीतमा गाएर स्रोतालाई करुण रसमा डुबाउँदै हार्दिकता प्रदान गर्दछन् । देशप्रेमको भावना, मनोरञ्जनपूर्ण हँस्यौली शैली र चलनचल्तीका लोकगीतको गायनले सबैलाई मन्त्रमुग्ध बनाएका हुन्छन् । (बन्धु, २०८१ः पृ. १२५) । यसरी वाद्य वादनसहितको गायनकलामा निपुणलाई गन्धर्व भनिन्छ । यिनीहरूका विषयमा साङ्गोपाङ्ग अध्ययन गरी गीतका उदाहरणसमेत दिएको हुनाले गन्धर्वसम्बन्धी थप जानकारी लिन यो लेख सबै पढ्नु आवश्यक हुन्छ ।

भाषाशास्त्री चूडामणि बन्धुको आठौँ तथा यस कृतिको अन्तिम लेख '**नेपालको भाषा सर्वेक्षणमा जाँदा**' हो । यस लेखमा अनुसन्धानकर्ता बन्धुले वि.सं.२०७४ सालमा सम्पन्न ९ बर्से भाषा सर्वेक्षणको सङ्क्षिप्त चर्चा गरेका छन् । उनले २०२४ सालदेखि नेपालको भाषा र लोकवार्ताको सामग्री सङ्कलन तथा प्रकाशनमा देखाएको तल्लीनता अविस्मरणीय रहेको छ । त्रिवि सेवामा रहँदा वा २०५८ सालमा सेवानिवृत्त भएपछि पनि उनी अनुसन्धान र भाषा सर्वेक्षणमा सामग्रीको सङ्कलन गर्नेजस्ता क्षेत्रकार्यहरूमा आफूलाई निरन्तर संलग्न गराइरहेका हुन्छन् । त्यसैको परिणति एवम् लेखनको उपलब्धि बनेर देखिएको कृति 'गाउँ गाउँमा गवेषणा' हो । प्रस्तुत कृतिका सबै लेखहरूमा तथ्य र वस्तुनिष्ठताको प्रामाणिकता पाइन्छ । कपोलकल्पित भन्दा गते, मिति र तिथिसहितका प्रस्तुतिले गुणग्राही पाठकलाई विश्वास प्रदान गरेको छ । यसले लोकसेवाको तयारी गर्नेहरूका लागि पनि नेपालमा जनगणनाको अवस्था, २०११ सालदेखि २०७८ सम्म आउँदाको स्थिति र त्यसको सङ्क्षिप्त अवलोकन गराएको छ । स्वदेशी तथा विदेशी विद्वानहरूको संलग्नता कुन रूपमा रहेको छ । त्यसमा पनि चञ्चु प्रवेश गरिएको छ । त्रिविको भाषाविज्ञान केन्द्रीय विभाग र त्यसमा कार्यरत प्राध्यापक तथा भाषा अनुसन्धानमा संलग्न सबैको नाम यसमा उल्लेख गर्नाले तिनीहरूका योगदानको जानकारी प्राप्त भएको छ ।

नेपाली केन्द्रीय विभागमा लामो समयसम्म भाषा विज्ञान र अन्य विषयको पठनपाठनपछि भाषाविज्ञान केन्द्रीय विभाग स्थापना गराई भाषिक सर्वेक्षणमा लाग्ने प्रा.बन्धुले एम.ए., एम.फिल. र पिएच्.डी.का सयौँ शोधनिर्देशन गरी सुयोग्य चेलाहरू उत्पादन गरेका छन् । तिनीहरूलाई

गवेषणामा उत्प्रेरित गर्ने तथा शोधकार्यमा संलग्न गराउने बन्धुको सदिच्छाले गर्दा पनि उहाँका धेरै शिष्यहरू छन् । यस लेखमा भाषा सर्वेक्षणका योजनाहरू व्यवस्थित रहनुका कारणमा अनुसन्धानकर्तालाई प्रशिक्षण दिएको हुनाले हो भन्ने तर्क बन्धुको रहेको छ । दानराज रेग्मीका कार्यको उल्लेख गर्दै भाषा वैज्ञानिक कार्यपद्धतिको चर्चा पनि गरिएको छ। यसले एकतिरले दुई सिकार गरेको छ। **एउटा**- भाषा सर्वेक्षण गर्दा सम्बन्धित भाषाका वक्ताको खोजी गर्ने र सामग्री सङ्कलनका साधनको उपयोग गर्ने सिप, **अर्को** - नेपालका अल्पसङ्ख्यक मात्र होइन, बहुसङ्ख्यक जनताले बोल्ने नेपाली भाषाको जगेर्ना गर्नु हो।

बन्धुले भाषाको पाइलट परियोजना झापामा काम गर्दा 'माल पहाडी' नयाँ भाषा प्राप्त भएको उल्लेख गरेका छन्। यसमा उनले भाषा सर्वेक्षणका ९ वर्ष र त्यसको उपलब्धिमा ८८ भाषाहरूको प्रतिवेदन तयार गरी भाषाविज्ञान केन्द्रीय विभागको वेबसाइटमा सुरक्षित रहेको जानकारी दिएका छन्। आफ्ना लेखहरूमा बन्धुले 'काम गर्ने कालु, मकै खाने भालु' बनाएका छैनन् । काम गर्ने व्यक्तिले नै त्यसको श्रेय पाएको छ। यस लेखमा नामाङ्कित भएका सबै व्यक्तिलाई आफ्ना कार्यको उल्लेखले अवश्य गौरवबोध गराउने छ । बन्धुले सर्वेक्षणमा जाँदा-आउँदा र सम्बन्धित ठाउँमा बास बस्दा सहयोग गरेका सबै व्यक्तिहरूलाई समेत सम्झेका छन्। यति मसिना कुराहरू टिपी लेखहरूमा सान्दर्भिक गर्नु उनको निजी विशेषता हो। गुल्मीका बोटेहरूको खोजीमा जाँदा बाटाको अवस्था र संवाद तथा इलामको डाँफे गेस्ट हाउसमा बस्दा तातोपानी दिने कुरामा सासू र बुहारीबिच भएको कचकच लेखमा प्रयुक्त उदाहरणहरू हुन् । यिनले अहिलेको राजनीतिमा देखिएको अवस्थालाई पनि सूक्ष्मरूपले सङ्केत गरेको प्रतीत हुन्छ।

यसरी प्रस्तुत लेखमा दाङका राउटे र बर्दियाको राजीसँगका तस्बिर एवम् अन्य कृतिभित्रका तस्बिर तथा लोकगीतका सङ्कलित रूपले सुनमा सुगन्ध थपेका छन् । त्यसैले प्रस्तुत 'गाउँ गाउँमा गवेषणा' कृति नेपाल जान्न र यहाँको भाषा, संस्कृति, सभ्यता तथा जातिगत इतिहास बुझ्न 'माइलस्टोन'का रूपमा रहेको देखिन्छ । यसका लागि कृतिका लेखक अनुकरणीय व्यक्ति तथा साधुवादका पात्र बनेका छन्।

### ४. सम्पादन तथा पुनरावलोकन

भाषाशास्त्री चूडामणि बन्धुले दर्जनौं कृतिहरूको सम्पादन तथा पुनरावलोकन गरेका छन्। उनको जीवनकालमा आइपरेका कठिनाइहरूसँग जुद्धै उनले जेजति काम सम्पादन गरेका छन्; त्यो नेपाली भाषा र नेपाली वाङ्मयका लागि महत्त्वपूर्ण योगदान भएको छ। यस्ता साहित्यकार चूडामणि बन्धुलाई राष्ट्रले सम्मान गर्ने र उनको योगदानलाई पाठ्यक्रममा समावेश गरी नेपाली जातीय पहिचान र अस्तित्वको महत्त्वलाई सार्वजनिक गर्नु आजको आवश्यकता बनेको देखिन्छ । उनले गरेका साहित्यिक कृतिको सम्पादन, भाषा, लोकसाहित्यको उत्खनन तथा सैद्धान्तिक स्थिरीकरण, बालसाहित्यको प्रवर्धनलगायतका कार्यले लेखन र पुनरावलोकनको महत्त्वलाई प्रस्तुत गरेको छ। नेपाल र नेपाली भाषाको गरिमा यसको उद्गम क्षेत्र सिँजाबाट प्रारम्भ भई बिस्तारै नेपालभरि फैलिएको तथ्य सबैले स्वीकार गरेका छन् । त्यसैको वास्तविकतालाई चूडामणि बन्धुले यस कृतिमा समावेश गरी प्रकाशित गराएका छन्।

### ५. कृतिको महत्त्व

नेपाल साङ्ग्रिलाको देश हो । यहाँ रहस्यले भरिएका तथा विश्वले थाहा नपाएका अनेकौं रहस्यमय कुराहरू अद्यापि विद्यमान छन् । तिनीहरूको अनुसन्धान सही समयमा हुनु संसारका लागि नै गौरवमय कुरा हुने छ। 'गाउँ गाउँमा गवेषणा' चूडामणि बन्धुको यस्तै कृति हो । यस कृतिले नेपाली भाषाको गौरव गाथा मात्र होइन, नेपालमा बसोवास गर्ने विभिन्न जातजातिका धर्म, संस्कृति र परम्पराजस्ता लुप्तप्रायः कुरालाई उजागर गरेर महत्त्वपूर्ण योगदान गरेको छ । यस कृतिमा अन्यत्र न्यून मात्रामा पाइने वनराजा कुसुन्डा, राउटे, कर्णालीको लोकसंस्कृति, चेपाङहरूको

चालचलन, राणा थारुहरूको परम्परा र संस्कृति, गन्धर्वहरूको गायन कला जस्ता महत्त्वपूर्ण विषयका साथै नेपालको भाषा सर्वेक्षणसम्बन्धी यथार्थ तथ्यलाई प्रस्तुत गरिएको छ त्यसैले यस कृतिको देन संस्मरणीय छ र सबैका लागि पढ्नुपर्ने आवश्यक पुस्तक भएकाले सङ्ग्रहणीय पनि देखिन्छ।

## ६. निष्कर्ष

अन्वेषक चूडामणि बन्धुले नेपाली भाषा, साहित्य र लोकसंस्कृतिको अनुसन्धानमा जेजति दक्षता देखाएका छन् त्यो धेरै प्रशंसनीय छ। उनले लोकसाहित्य, बालसाहित्य तथा सङ्कटापन्न माझी, पहरी, नेवार, थामी, जिरेल, सुनुवार, शेर्पा, तामाङ, दनुवार, चेपाङ, राउटेलगायतका जातजातिको भाषा, धर्म र संस्कृतिको सङ्कलन, संरक्षण एवम् संवर्धनमा जुन अतुलनीय योगदान दिएका छन् त्यही कारणले उनी पुरस्कृत पनि बनेका हुन् । साहित्यकार तथा भाषाशास्त्री बन्धुको 'गाउँ गाउँमा गवेषणा' केवल अनुसन्धानको पुस्तक मात्र होइन, यो नेपालका गाउँ र समुदायको लिखित इतिहास पनि हो । यसले नेपाली समाजको जातीय विविधता, मौलिकता र सांस्कृतिक सम्पदाको एकतालाई उजागर गर्दै भविष्यका नयाँ पुस्तालाई आफ्नो परम्परा, अस्तित्व तथा पहिचान बुझ्न उत्प्रेरणा दिएको छ त्यसैले संविधानमा नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक तथा बहुसांस्कृतिक देश हो भनिएको हो । नेपालको भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात् गर्दै यस कृतिमा गरिएका अनुसन्धानहरूले विविधता बिचको एकता, सामाजिक सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र बहुपक्षीय सद्भावलाई एकताको बलियो सूत्रमा बाँधेर सबै नेपालीलाई संयुक्त रूपमा उभिन र समृद्धिमा लाग्न उत्प्रेरित गरेको पाइन्छ।

भाषाशास्त्री चूडामणि बन्धुले आफ्नो जीवनको उत्तरार्ध चरणमा 'गाउँ गाउँमा गवेषणा' कृति लेखेर आत्मसन्तुष्टि लिएझैँ देखिन्छ। करिब पाँच दर्जनजति कृतिका लेखक तथा सम्पादक, प्रतिवेदक, विचारक, अन्वेषक, भाषाशास्त्री र साहित्यकार बन्धुका जीवनमा आएका धेरै आरोह-अवरोहपछि आएको हुनाले यस पुस्तकमा परिष्कृत विचार र परिपक्व चिन्तनहरू मुखरित भएका छन् । नेपालमा बसोवास गर्ने प्रत्येक नेपालीले सबै जाति र समुदायका संस्कार, चालचलन, खानपान, रहनसहनजस्ता जान्नै पर्ने विषयलाई छोटो-मिठो र सरल शैलीमा अभिव्यक्त गरिएको हुनाले कृति बोधगम्य बनेको छ। प्रस्तुत कृतिमा जातिविशेषका कला, सिप र मान्यतालाई उनीहरूको आत्मपहिचान तथा अस्तित्वको गरिमा राख्दै विवरणात्मक अभिलेखन गरिएको छ । यसमा उल्लिखित सबै जातिका रीतिरिवाजहरू सुन्दर फूलहरूका माला बनी उद्घाटित भएका छन् त्यसैले बन्धुको प्रस्तुत कृतिले नेपाली माटोको सुगन्ध बोकेर आएको छ र सबै पाठकका लागि पठनीय तथा सङ्ग्रहणीय बनेको देखिन्छ । यस पुस्तकको विषयवस्तु तथा कार्ययोजनामा केन्द्रित रहेर राखिएको 'गाउँ गाउँमा गवेषणा' शीर्षक सार्थक मात्र होइन मूल्यवान् पनि बनेको छ । यसमा संलग्न भाषा, संस्कृति र लोकसाहित्यका अध्येता, प्रतिवेदक, सहयोगी र स्रोतव्यक्तिहरू सबै धन्यवादका वाहक बनेका छन् ।

## सन्दर्भ सामग्रीसूची


घिमिरे, कृष्णप्रसाद (२०८२).'विशेष संवाद' अन्तर्वार्ता). शब्द संयोजन. कार्यकारी सम्पा. रमेश पोखरेल. (वर्ष २२.अङ्क २.पूर्णाङ्क २५३.जेठ) पृ.१०-२१ ।

दिवस, तुलसी र चूडामणि बन्धु (सम्पा.२०६४). *गन्धर्व लोकवार्ता तथा लोकजीवन.* काठमाडौँः नेपाली लोकवार्ता तथा संस्कृति समाज।

बन्धु, चूडामणि (सम्पा.२०२५). *साझा एकाङ्की.* काठमाडौँः साझा प्रकाशन।

बन्धु, चूडामणि (२०२८). *कर्णाली लोक संस्कृति.* खण्ड ४. भाषा. काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

बन्धु, चूडामणि (२०३१) "नेपाली लोकगीतमा सामाजिक प्रतिविम्ब". श्रीनगर ११, पृ. १३-२० ।

बन्धु, चूडामणि (२०३६). *भाषाविज्ञान.* दोस्रो संस्करण. काठमाडौँ : साझा प्रकाशन।

बन्धु, चूडामणि (सम्पा.२०४८). *संस्कृत सूक्तिसङ्ग्रह.* (सङ्कलन तथा अर्थलेखन). शिवगोपाल रिसाल, **कृष्णप्रसाद घिमिरे** र हर्षथनाथ भट्टराई, काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान।

बन्धु, चूडामणि (२०५२). *नेपाली भाषाको उत्पत्ति.* पाँचौं संस्करण. काठमाडौं : साझा प्रकाशन।

बन्धु, चूडामणि (२०५८). *नेपाली लोकसाहित्य* . काठमाडौं : एकता प्रकाशन।

बन्धु, चूडामणि (२०६१). *नेपाली साहित्यको इतिहास.* पहिलो खण्ड. सम्पा. काठमाडौं : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान।

बन्धु, चूडामणि (२०६७). "नेपालका विभिन्न भाषामा लोकसाहित्यको अध्ययनः स्थिति र भावी दिशा". *संस्कृति.* काठमाडौं : राष्ट्रिय जनसांस्कृतिक सङ्घ. अङ्क ३. पृ. ३१-३५ ।

बन्धु, चूडामणि (२०६७). *देवकोटा.* चौथो संस्करण. काठमाडौं : साझा प्रकाशन।

बन्धु, चूडामणि (२०७०). "गङ्गा राणा, लोकगीत गायन र तामाङ सेलो". काठमाडौंः राष्ट्रिय जनसांस्कृतिक सङ्घ, स्मारिका. ५. पृ.१९-२०।

बन्धु, चूडामणि (२०७०). *अनुसन्धान तथा प्रतिवेदन लेखन.* तेस्रो संस्करण. काठमाडौं : रत्न पुस्तक भण्डार।

बन्धु, चूडामणि (२०७०). *भाषाविज्ञानका सम्प्रदाय.* चौथो संस्क. (संशोधित तथा परिवर्तित).काठमाडौं : एकता बुक्स।

बन्धु, चूडामणि (२०७४). *जगदम्बा नेपाली साहित्यको बृहत् इतिहास.* पहिलो ठेली. सहसम्पा. ललितपुर : कमलमणि प्रकाशन।

बन्धु, चूडामणि (२०७६). *जगदम्बा नेपाली साहित्यको बृहत् इतिहास.* दोस्रो ठेली. सहसम्पा. ललितपुर : कमलमणि प्रकाशन।

बन्धु, चूडामणि (२०७८). *जगदम्बा नेपाली साहित्यको बृहत् इतिहास.* तेस्रो ठेली. सहसम्पा. ललितपुर : कमलमणि प्रकाशन।

बन्धु, चूडामणि (२०७९). *जगदम्बा नेपाली साहित्यको बृहत् इतिहास.* चौथो ठेली. सहसम्पा. ललितपुर प्रकाशन।


बन्धु, चूडामणि (२०८०). *जगदम्बा नेपाली साहित्यको बृहत् इतिहास.* पाँचौं ठेली. सहसम्पा. ललितपुर प्रकाशन।

बन्धु, चूडामणि (२०८०). *आदिकवि भानुभक्त आचार्य.* काठमाडौं : एकता प्रकाशन।

बन्धु, चूडामणि (२०८०). महाकवि लक्ष्मीप्रसाद देवकोटा. काठमाडौं : एकता प्रकाशन।

बन्धु, चूडामणि (२०८१). गाउँ गाउँमा गवेषणा. काठमाडौं : भुँडीपुराण प्रकाशन।


## ❑ कविता




❖ **प्रा. नर्मदेश्वर प्रधान**


# तिमी र म ...

तिमी र म
        गोलाकार भएर
जब जब घुम्छौं
        हाम्रा सिरानमा रहने
शून्य आकाशमा
        चन्द्र उदाउँछ
सूर्य चम्किन्छ
        हाम्रो जीवनको रात
दिन भएर ...

तिमी र म
        एकाकार भएर
जब जब गुड्छौं
        गुच्चा भएर
हाम्रो अगाडि उभिन आउँछ
        क्षितिज
हाम्रो जीवनको
        लक्ष्य भएर ... ।

*पुल्चोक, ललितपुर ।*

# श्रीमती कमाउने !



❖ विन्दु अधिकारी ढकाल

मज्जा आउँछ, आफ्नै घर होस्, आफ्नै जग्गा जमिन र खेतीपाती, आफ्नै वनजङ्गल र गाईवस्तु, हरियो घाँसेचौर। अनेकन् पानीका मुहान देख्न पाइयोस्, टाट्नाभरि खसीबोका हुन्; हाँस, कुखुरा र परेवा आआफ्नो थान्कामा रमाइलो गरुन्, चल्ला बचेरा कोरलुन्, समयसूचक भाले उसरी नै कुखुरी काँ गरिरहोस्, थातथलो छोडेर हिँडेकाहरू धमाधम फर्की आउन्, परदेशबाट घरदेश ! कसैको दुस्मन कोही किन बन्छन् ? भाइ भाइ नलडुन्। बस् नुनिलो पानी पनि गुलियो सर्वतमा रूपान्तरण हुन्छ।

'सरी ! मैले उपलब्ध गराउँछु भनेको समय समयमा दिन सकिनँ, यो असमर्थताको लागि क्षमा दिनुहोला', खुइया गरेर लामो सास फेर्दै उनले भनिन्। 'यही कुरो अघि भन्दिएको भए यो पर्खाइमा परिने थिएन कि ?' कटाक्ष गर्दै मैले राशीलाई हेरेँ। उनले पुनः नमस्कार गरिन्। दश औँला जोडिन्। कान समातेर हाँसिन् तर ओठमा मुस्कान थिएन ! दोस्रो वाक्य कसले कोट्याउने ? हिम्मत छायाँ पऱ्यो। उनको मुहारमा अनौठो तर आश्चर्यचकित भाव प्रस्ट थियो।

राशीलाई के भयो ? केही न केही नभई क्षमा माग्ने आदतकी होइन ऊ। घरमा कोही बिरामी परे कि ? साथी जीवनसाथीबिच ठाकठुक भयो कि ? प्रेस कार्यालयमा बाधाव्यवधान आएर त होइन ? मनमनै मनन गर्दै थिएँ। कल्पनाको उडान भर्दै थिएँ। यथार्थको बाकस सत्य खोज्दै थिएँ। समयमा समय दिन नसक्नुको कारण हजार हुनसक्छन्, मूल विषयबारे सोच्दै थिएँ।

'मेरी साथी उज्यालीको जीवन नरक होलाजस्तो छ। श्रीमती कमाउने त्यो पुरुषले चौपट्ट पो गऱ्यो !' राशीले भनिन्। 'होइन, किन के भो र उज्यालीलाई ? त्यत्रो भरोसा कसरी गिर्छ ? यो सरासर हल्ला हो। घरथर भगवान्जस्तो केटो फेला परेको भन्थे, हैन र ?' मैले विश्वासको माला पहिऱ्याउन खोजेँ। सकारात्मक भाव अजङ्गको पहाडमाथि त्यस्तै अर्को पहाड ठड्याएर बोलेँ।

आनन्दको क्षण मगजमा आयो। फूलैफूलको त्यो संसार बासनादार भयो। पानी प्यास मेटियो। बादल वर्षा हट्यो, गयो। स्वयम् अनुभूति गर्न सक्दिनँ, उज्यालीको हिजो कसरी गुज्रिएको थियो ! भूत-वर्तमान भाग एक। वर्तमान-भविष्य भाग दुई। क्रमशः जाँगरको उपलब्धि थियो, जागिर। जुन मार्गले आवश्यकता पूरा गरिदिन्थ्यो। हो, नेपाल सरकारको कर्मचारी, राम्रो तलब भत्ता आउथ्यो। जेहोस्, दुःखभुक्तले पढेको खेर गएन। छोरीमान्छेको क्षमतामाथि प्रश्न उठाउने नेपाली समाजलाई जबाफ दिने जमाना भर्खर ताते हुँदै थियो।

'मागेपछि दिने जात अविश्वास गरेर भो त ? त्यसमाथि छोरीको निर्णयमा प्रश्नै गरेनौँ। पहिलो श्रीमतीसँग सम्बन्ध विच्छेद भइसकेको कुरो केटाले नलुकाएको हुनाले...।' उज्यालीकी आमाले राशीलाई बताएकी थिइन्। त्यसो त मेरो सुनाइ पनि यही नै थियो। अनि, यही बात उज्यालीले साथी साथीबिच गफगाफ गरिन होला र ? अवश्य गरेकी थिई।

'आफ्नो भाग जतन गर्नुपर्छ। पछि, आउला र गरौँला भनेर हुँदैन। धनसम्पत्ति न पैसा कसैलाई पुग्दैन तर यो निर्णय गर्न हामीले हिचकिच गर्नुभएन। यही हो समय, आँटौँ र अघि बढौँ। लेउलेउ भन्दा किन पछि सर्ने ? नसर्ने।' आफ्नो अन्तर्य खोले उज्यालीका बुबाले र निर्णयविन्दुमा पुगे। त्यो हिमालजस्तो कति राम्रो ! पढाइलेखाइमा पढाइलेखाइ थियो। जागिर

सुरु गरिसकेकी थिई । त्यसो हुनाले आर्थिक अभाव झेल्नुपर्ला, दुःख होला भन्ने कल्पना थिएन । सबैभन्दा खुसीको कुरो आफूले चाहेको साथसँग सास फेर्न पाउनु त्योभन्दा उज्यालो मौसम के हुन्थ्यो ? अरू त अरू औँसी औँसीजस्तो थिएन । रात्रिलगनमा उज्यालीको धुमधाम बिहे भयो । श्रीमान्‌को घर कति उज्यालो होला ? त्यो चाहिँ हेर्न बाँकी थियो ।

उज्याली नाउँजस्तै उज्याली ! जीवनको नयाँ बाटो त्यो पाटो, सौभाग्य भनेको सौभाग्य ! त्यो पल साधारण उडान होइन, उसको जीवन पुष्पविमान भयो । उज्यालीको जिन्दगीलाई कसरी कम आँक्नु ? जीवनसाथीको बाहिरी सुन्दरता यति राम्रो र योग्य कोही होलान् के !? भगवान्‌ले फुर्सदमा बनाएको त्यो रूप, रङ, बोलीवचन गुलियो गुनिलो मिठो एकटक सुनिरहनुजस्तो । वसन्त ऋतु सधैँ वसन्ती वहार ! मानौँ, उनीहरूको जीवन फक्रिएको गुलाफका जोर थुङ्गा हुन् ! ती सदावहार हुन् ! एकापसमा मगमगाउँछन् ! मात्र मगमगाउँछन् !

'राशी उसको घर भित्रिसकेपछि मलाई था' भो छोरो पनि रैछ । त्यो बच्चालाई देखेर मैले सन्तान नजन्माउने निर्णय गरेँ । यदि मैले बच्चा जन्माएँ भने त्यो छोरो हेला हुन्छ । आखिर मैले माया गरे मलाई माया गर्छ । मैले पाले मलाई पाल्छ । मेरो श्रीमान्‌को खुन हिफाजत गर्नै पर्छ । मैले हात उठाए अरू कसले जतन गर्लान् र ? यही सोच भएभरको माया उसलाई दिन तयार थिएँ । परिवारप्रति झन् जिम्मेवार हुने अठोटले अघि बढेँ, बढ्दै गएँ ।'

आफ्नो उकुसमुकुस उज्यालीले राशीलाई भनेकी थिई, मात्र राशीलाई । ऊ चाहन्थी त्यो गोप्यता सार्वजनिक नहोस् किनभने जो भोग्नु छ ललाटमा लेखिएको टारेर त्यो टर्दैन, जति खट्नु छ । स्कुल पढ्दाकी साथी । खेल्दा-खाँदाकी साथी । हाटबजार धाउँदाकी साथी । सबैभन्दा ठुलो कुरो उज्यालीको अन्तर्यदेखि भरोसाकी साथी हो- राशी !

सामान्य चिनजानबाट अघि बढेको सम्बन्ध जीवनसाथीमा रूपान्तरण भयो । खुसी मनाए दुबै परिवारले । यहाँसम्म केही बिग्रिएको थिएन, भत्किएको थिएन, न त चर्किएको च्यात्तिएकै थियो तर समयको बहाबले उज्यालीको जीवनमा हिंसा उपहार दियो । त्यो खपेर कसरी बाँच्नु ? कुन मगजले अफिसमा काम गर्नु ? अनि घरव्यवहार कसरी धान्नु ?

'उज्याली, तिम्रो योग्यताअनुसार श्रीमान् जोड्न हतार भो कि ? मलाई किन यस्तो लागिरा'छ । मैले पहिला नि एक दुईखेप भनेथेँ तर तिमी पछाडि फिर्ने स्थितिमा थिइनौ । आखिर आफ्नो खुट्टामा उभिएकै थ्यौ । कसैको कमाइ खानुपरेको थेन । यसको आशय बिहे नगर्नु भनेको होइन तर उसले त्यो श्रीमतीबाट जन्मेको बच्चा छ नभन्नु आश्चर्य होइन ? तिमी आफैँ सम्झ त...।' राशीको अड्कल उज्यालीको हृदयभित्र सेलरोटी बनिरह्यो ।

'राशीको अफिसमा साथीहरूले सोध्थे, श्रीमान् के काम गर्नुहुन्छ ? उहाँको विजनेस छ भन्थी । कस्तो विजनेस ? पुनः चासो दिन्थे । सायद मेरो श्रीमान्‌को ध्येय काठमाडौँ ओहोरदोहोर देखेर । बिनाकाम किन हिँड्नुहोला ? म जागिरमा जान्थेँ, बिहान घरको काम भ्याएर । साँझ घर फर्कन्थेँ फेरि उसरी नै चुलाचौकादेखि भित्रबाहिर जहाँ जे पर्छ, खट्थेँ । कुनै कसुर बाँकी नराख्ने नीति कामधन्दा सम्हालिरहेँ तर एक दिन...!'

राशीका आँखाहरूले झिमिक्क नगरी उज्यालीलाई हेरिरहेको आभास गरेँ । ऊ वास्तवमै कोलाहल थिई । भित्रैदेखि बाढी त्यो वाक्य पूरा गर्न सकिन । एक छिन्, वातावरण शून्य र शान्त भयो । मैले नकारात्मक सोचिनहाल्न मभित्रको (म)लाई प्रोत्साहन गरेँ । उज्यालीको घरभित्रको कुरो सासूससुराले पो थप केही भने कि ? छोरालाई पढ बाबु भन्दा अमिथ्या बोल्यो कि ? हुनसक्छ, समाज न हो अपाच्य शब्द कान्छी श्रीमती-बुहारी-आमा भनेर गृह प्रवेशतिर घोचे, पेचे । हुन त पहिली श्रीमती सँगै भएकी भए अर्काको लाग्नेसँग बिहे गरेकी भन्ने आरोप आउँथ्यो । आरोप मात्रै होइन, कानुनी रूपमै सजायको भागिदार हुनुपर्थ्यो ।

'मैले आफ्नै खुट्टामा बन्चरो हानेँ किनभने उसको लहैलहैमा लागेँ । म त कस्तो बिकाउ माल भएछु, उसले गरेका बाचाहरू बनावटी रहेछन्, सबै

बनावटी ! सानो कुरा होइन, नातेदार दाइभाइहरूसँग बोल्न नदिनु । उसले सिधै भन्छ, 'तँ त्यो फलानोसँग बिहे गर्न लागिस् । यसरी झगडाको बिउ उम्रिएला भन्ने सपनामा पनि कल्पना नगरेको जीवन भोग्न बाध्य भएँ । सुरुमा मैले चाल पाइनँ । अहिले काममा जाऊँ त्यतै आरोप, घर आऊँ कुनै दिन शान्ति भएन । उसको खल्ती सधैं खालि । मैले तलब बुझ्ने वेलामा एकदम माया गर्ने, अब गल्ती गर्दिन भनेर माफ माग्ने, दुईचार दिन बित्छ फेरि कुट्न सुरु गर्छ ।'

उज्यालीको गर्भबाट बच्चा जन्मियो । सन्तान नथप्ने कुरा थियो तर थपियो । एउटा सन्तान के सन्तान, दुईटासम्म हुन् । छोराछोरी जे भए पनि होस्, उज्यालीकै चाहनाले जित्यो र परिवारमा थप खुसीको मौसम आयो । अरू त अरू उज्यालीको कमाइ, तलबभत्ता उसको श्रीमान्ले एकलौटी पारेको सुन्दा कसलाई सैह्य होला ? मेरो मन थामिएन, आश्चर्य !

एउटा कुर्थाले हिउँद बित्थ्यो । उज्यालीले लगाएको त्यो ज्याकेट कति वर्ष पुरानो भयो ? दश ठाउँ फाटे पनि त्यसले पार पाएको थिएन । एककान दोकान मैदान उज्यालीलाई श्रीमान्ले हातपात गरेको कुराले समाज हल्लियो । एउटी श्रमशील महिला जो रातोदिन हिंसा खपेर बाँच्न बाध्य उसको मन च्यातिएको नदेख्ने यो समाजमा त्यो ज्याकेटको चर्चा धेरैले धेरैपटक गरे ! दोहोऱ्याए तेहऱ्याए नै !

'हामी भेट भएकै हो र पुनः भइएला पनि तर यो के अचम्म ! श्रीमती कमाउने लोग्नेले एकलौटी रूपमा खर्च गर्ने ? अनि उसको जागिर श्रीमतीकै तलबभत्ता बुझ्ने मात्रै हो ? अरू के काम थियो ? त्यत्रो पढेकी मान्छेले यति कुरो पनि नबुझी कस्तो हतारमा जीवन सुम्पेकी ! तिम्री साथी उज्यालीको जीवनगाथा सुनेर मलाई पो कहानी लाग्यो !'

त्यो क्षणमा मैले उज्यालीको काल्पनिक अनुहार सम्झेँ । उसको मुहारमा दुःखका रेखा कति सल्बलाएका होलान् ! अनि सम्झेँ, उसका निर्दोष दुई बच्चाहरूलाई । नजन्माएको छोरो र जन्माएको छोरो ! कति सजिलो छ त्यो पुरुषलाई एकपछि अर्को महिलाको जीवन भत्काउन ! उसको लागि बिहे भनेको त्यो भिरबाट ढुङ्गा खसाउनु-लडाउनु जत्तिकै मात्र हो र ?

'रैछ, उज्यालीको श्रीमान् त्यस्तै । उसको जागिर श्रीमती कमाउने । पहिलाकीसँग सम्बन्ध विच्छेद गरिसकेको भनेर उज्यालीलाई बिहे गऱ्यो । जब उनलाई कब्जामा पाऱ्यो अनि तमासाको तान क्रमशः सम्बन्धमा खटपट श्रीमती कुट्नथाल्यो ! घरि घरि काठमाडौं ओहोरदोहोर गरेर यो गर्छु, त्यो कमाउँछु भन्नु त्यो पनि श्रीमतीको कमाइमा रजाइँ गरी गरी उही त्यही चक्कर ! श्रीमान् छोडेकी महिलासँग सल्की-पल्की बिहे गर्ने योजनामा रैछ । त्यो बुझेर श्रीमान्सँग सम्बन्धविच्छेद गर्ने घडीमा पुगिन् उज्याली ।'

श्रीमती कमाउने त्यो पुरुषसँग उज्यालीले अंशबापत लिने केही थिएन । गाउँमा एउटा घर थियो, पुरानो । वृद्ध बाउआमा बस्ने त्यो छानो कसरी आफ्नो बनाउनु ? कानुनले दियो भन्दैमा उज्यालीका हातले त्यो पाप कमाउनतिर लागिन । उसलाई चोटमाथि चोट जागिर गयो । अब बच्चा कसरी पढाउनु ? अरू त अरू उज्यालीले नलिएको पैसा लिएको बनाएर लाखौंको झुटो चेक सहीछाप गरिवरि अदालतमा मुद्दा दायर गर्नसक्नु कहाँसम्मको जाली काम हो ?

जब श्रीमान्-श्रीमतीको पवित्र सम्बन्धमा थिए तबसम्म उज्यालीकै आम्दानीबाट घर चलेको थियो । आखिर जीवनसाथी हो, आज कमाएन भोलि त कमाउला । भोलि नभए पर्सि । यही अपेक्षामा उज्याली आफ्नो दैनिकीमा हिँडेकी थिई । मह जातकी ऊ झिङ्गाको हात परेको सुनेर मलाई राति निन्द्रा परेन । बिहान अखबार हात पऱ्यो । 'श्रीमती कमाउने एक युवा प्रहरी हिरासतमा !' यो समाचार कतै उज्यालीको श्रीमान्को त होइन ? यकिन गर्न तीनपुस्ते खोतल्दा लाग्यो, भिरबाट लड्न लागेको गोरुलाई राम भन्न सकिन्छ तर काँध थाप्न कसको आँट !

*धनकुटा हाल काठमाडौं ।*

# गेटी सेन्टर : कला, अनुसन्धान र सङ्ग्रहालयको सङ्गम



❖ प्रा.डा.यादवप्रकाश लामिछाने

२०८१ फागुन १६ गते तदनुसार फ्रेबुअरी २८, २०२५का दिन । नाति निर्भीकको पासपोर्ट बनाउन विहान ६ बजे नै सानबर्नान्डिनो लोमालिण्डाबाट लसएन्जलसतर्फ लाग्यौं । हाइ वे आइ १० बाट अगाडि बढ्दै गर्दा लामो ट्राफिक जाम बेहोर्नु पऱ्यो । अचम्म ! बिहान ६.३० मा नै हाइ वेमा जाम ! सुन्नेलाई पत्याउनै गारो । सबैको अफिस टाइम । भागदौड । एकतिर कारसिटमा पाँच महिने नाति निर्भीक असजिलो मानेर रोइरहेको छ अर्कोतर्फ लामो जामको रातो धर्को देखाएको छ कारको ड्यासबोर्डमा । दोहोरो तनाबमा छौं हामी । सानो छोरो फेन्ट होलाजस्तो गरेर रुँदा कुन चाहिँ आमाको मन नरोला ! छोरी सृष्टि, आन्तरिक तनाबमा परेको महसुस गरैं मैले । त्यो स्वाभाविक पनि हो, आमाको हृदय । मनले मान्दैन तर नगरी पनि भाको छैन । गाडी ड्राइभ पनि गर्नुपर्ने, तोकिएको समयमा राहदानी अफिसमा नपुग्दा काम नहुने । यता ट्राफिक जाम । परेन फसाद !

म त ड्राइभर पनि । नेपालमा मेची-महाकालीसम्म आफैंले गाडी ड्राइभ गरेको अनुभवले गर्नु के ? तर यहाँको नियम फरक । गाडीको गति तीब्र । अनि विनाड्राइभिङ लाइसेन्स आदिका कारणले गाडी चलाउने कुरै भएन । नत्र त आलोपालो गर्दै ड्राइभिङ गर्न हुन्थ्यो भन्ने लाग्यो मनमा । नेपालमा सानो बच्चालाई अभिभावकले काखमा बोक्ने । सुरक्षित राखेर लामो यात्रा गरेको लामो अनुभव छ हामीलाई । तर देशको नियमकानुन त मान्नै पऱ्यो । बालबच्चाप्रति यात्रामा राज्यले कडा निगरानी गर्ने रहेछ सुरक्षाका लागि, सुरक्षित यात्राका लागि । बच्चालाई कारसिटमा नै राख्नुपर्ने बाध्यता । एक दृष्टिबाट यो नियम उपयुक्त नै होला । नियम उलङ्घन गर्ने हैसियत पनि हाम्रो होइन । नियम नमाने कडा कारबाहीको भागी बन्नुपर्ने । नाति रुँदारुँदै फेन्ट होलाजस्तो भयो । एक घण्टादेखि बेरोकटोक रोइरहेछ । गाडीको एक्जिट कहीँ छैन । साइड लगाउने उपयुक्त ठाउँ पनि नपाइने । 'मुटुमाथि ढुङ्गा राखी' भनेजस्तै हामी अमिलो पानी मुखमा आउँदाको स्थितिमा रह्यौं ।

डाउनटाउन छिरेपछि कथा नै अर्कै । गाडी गुडे पो ! शङ्खेकिरा हिँडेजस्तै । कुनै वेला त रातो बत्तीका कारण एकै ठाउँमा पाँच पाँच मिनेटको पर्खाइ ! त्यस्ता त कति हो कति । फेरि विहानदेखि कै अफिसका सबै कर्मचारीको चाप पनि त्यही वेला पर्ने । छिटो पुगे पालो पनि छिटो आउँथ्यो तर सोचेजस्तो भएन । धेरै बाक्लो जाम पार गरेर राहदानी विभाग पुग्यौं ।

कारमा नाति चौपट्ट रुने तर बाहिर निकालेपछि त देउता ! लामो लाइनमा बस्नुपर्ने बाध्यात्मक स्थिति । त्यहाँ बालक र वृद्ध भनेर छुट पाइने रहेनछ । लामो लाइन भएपछि हाम्रो पालो पछि पर्ने नै भयो । निमानुसार इन्ट्रीको प्रक्रियामा लाग्यौं । टोकन सिस्टम । पालो आयो १२ बजेको । सबै प्रमाण बुझाउन पनि गन्गन र गन्थन गर्ने काम भयो नै । नियमानुसार कागजात बुझाइयो । फेरि तारिख त एक हप्तापछिको पऱ्यो । पासपोर्ट लिन आइरहने झन्झटबाट मुक्ति पाउने जुक्ति खोजियो । निश्चित रकम बुझाइयो । घरकै ठेगानामा प्राप्त

हुने आश्वासन पाइयो । ती सबै प्रक्रिया पूरा भए। आश्वस्त हुँदै खाना खान निस्कियौँ। मूल सहरदेखि पन्ध्र किलोमिटर पश्चिममा पर्ने प्रशान्त महासागरको किनार सान्टामोनिकातिर । त्यति सानो बच्चाको मनोविज्ञान पनि विचित्रको हुँदो रहेछ । जब हामी बोर्डवाक (काठका बाक्ला फल्याक ठोकेर बनाइएको फराकिलो ठाउँ)मा चढ्नासाथ खुसीले आफैँ दौडौँजस्तो गरेको ! त्यो देख्दा आश्चर्यचकित भयौँ हामी।

खाना खाएर पनि समय बच्यो । समयको सदुपयोग गरौँ भन्ने सल्लाह भयो। सोहीअनुसार गेटी सेन्टर गएर घर फर्किने कुरा छोरी सृष्टिले गरेपछि त्यतैतिर लाग्यौँ । गाडीमा त्यस्तै पन्ध्र-बिस मिनेट लाग्यो होला, घडी हेरिएन । दुई पहाडको खोँचमा रहेछ पार्किङ स्थल । गेटी सेन्टरकै हुनुपर्छ फराकिलो। सबै सुविधायुक्त। आधुनिक, तलैतलाको। सशुल्क पार्किङ। बिस डलर तिर्नुपर्ने । त्यहाँबाट गेटी सेन्टर जान ट्राम चढ्नुपर्ने। निःशुल्क। गेटी सेन्टर डाँडामा। आँखै मोहनी लाउने । समुद्र सतहदेखि नौ सय फिट उचाइमा। सुन्दर गेटी सेन्टर । लसएन्जलसको बेन्टउड समथर भूभागदेखि केही अग्लो रमणीय ठाउँ। यहीँ नै रहेछ मुख्य सङ्ग्रहालय र सांस्कृतिक केन्द्र। यसको नाम कसरी रह्यो ? कसरी सञ्चालन भएको रहेछ ? जिज्ञासा जाग्यो । प्रवेश पनि निःशुल्क ! एउटा सिङ्गै डाँडो नै छ। भवनहरूको बयान नगरौँ। पछि थाहा पाइयो। जे.पावेल गेटी नाम गरेका अमेरिकी तेल उद्योगपति रहेछन् । उनको रुचि कलामा रहेछ रे। कलाकृतिको सङ्ग्रह गर्न रुचि राख्ने। अरबपति भएका नाताले आफ्नो नाम राख्नका लागि लालायित। सम्पत्ति आर्जन भएमध्येको ठुलो धनराशि गेटी ट्रस्टलाई दान गरेका । यहीँबाट यो संस्थाको स्थापना भएको रहेछ।

१९५३मा सर्वप्रथम जे.पावल गेटीले आफ्नो कला सङ्ग्रह सार्वजनिक रूपमा प्रदर्शनको सुरु गरेका। लामो समयको अन्तरालमा १९९७ मा गेटी सेन्टरको विधिवत उद्घाटन । त्यसपछि अनुसन्धान केन्द्र थपेर अनुसन्धानको काम सुरु गरेको रहेछ। यस सेन्टरको कुल जग्गा ११० एकड रहेछ । यो ४,४५,००० वर्गमिटर भूभागको पूरै क्षेत्रमा प्रशासनिक भवन। सेता सेता र पहेँला पहेँला, अग्ला । सयौँ प्रजातिका फूलहरूले सजाइएको सुन्दर बगैँचा । सङ्ग्रहालय । अनुसन्धान केन्द्र र भव्य पुस्तकालयको व्यवस्था गरिएको छ। हेर्नमा सुन्दर र मनमोहक । यो अग्लो ठाउँबाट प्रशान्त महासागरको मनमोहक दृश्य राम्ररी देखिन्छ । सान्टामोनिका बिच (किनार) तथा लसएन्जलस सहर पूर्ण रूपमा देख्नसकिन्छ। नाति निर्भीकलाई स्टोलरमा राखेर सङ्ग्रहालय पूरै घुम्यौँ । वेला वेलामा दुध खुवाउँदै खुला र शीतल ठाउँमा राख्दै गर्‍यौँ। भन्ने हो भने यो निकै महङ्गो कलासंस्था मानिदो रहेछ। यहाँ शास्त्रीय मूर्तिकला, फोटोग्राफी तथा मूल्यवान् पाण्डुलिपिहरू सङ्ग्रह गरिएका छन्। यो युरोपेली चित्रकलाको सङ्गम नै रहेछ। यति सुन्दर भवनहरूका डिजाइन वास्तुविद् रोबर्ट इरबिनबाट भएको रहेछ। यहाँ खासगरी इतिहास र कलाको संरक्षण गरिएको छ । त्यससम्बन्धी अनुसन्धान गराइँदो रहेछ । कहीँ भिरालो, कहीँ समथर भूमि । सोहीअनुसारको संरचना निर्माण। बगैँचा आधुनिक किसिमको डिजाइन। नालीबाट बाहिरिने पानीलाई अग्लो ठाउँबाट झार्दा प्राकृतिक रूपमा बगेजस्तै बनाइनु। यी फरक लाग्ने पक्ष मानिने।

यहाँ 'रूपले होइन, रूप सजाउने गहनाले सुन्दरता ल्याउँछ' भन्ने भनाइ चरितार्थ भएको छ। रूप पनि नराम्रो त कहाँ हो र ? जसले यी यी विषयमा रुचि राख्छन् ती अनुसन्धानकर्ता विद्वानहरूलाई ग्रान्ट उपलब्ध गराउने प्रावधान राम्रो मानिन्छ । त्यस समयमा १.३ बिलियन अमेरिकी डलरको लागतमा निर्माण भएको सेन्टरको सम्पूर्ण कार्य विश्वस्तरीय नै लाग्ने

रहेछ । आधुनिक वास्तुकलाका प्रसिद्ध वास्तुविद् रिचार्ड मेयरको डिजाइनले मूर्त रूप लिएको देखिन्छ । यहाँको आधुनिक म्युजियम वास्तुकलाको उच्चकोटिको नमुना मानिदो रहेछ। 'कलाकारको हातमा माटो पनि देउता बन्छ' भनेझैं यसले पृथक् अनुभूति गराएको देखिन्छ। मान्छेको हातको सिपले नै सुन्दरता सिर्जना गर्दछ। यहाँको टेरेसको व्यवस्था सुन्दर सेतो ट्राभर्टाइन ढुङ्गाको प्रयोग। प्रकाशको व्यवस्थापन प्राकृतिक ढङ्गबाट गरिएको देखिन्छ । 'कलाले ढुङ्गा पनि बोल्छ' भन्ने टड्कारो उदाहरण यहाँ पाइन्छ। यो प्राकृतिक र कृत्रिमताको सङ्गम । मानवनिर्मित कलाको शक्ति। प्रकृतिको सुन्दर सिर्जना भन्दा कम हुँदैन भन्ने प्रसङ्ग सान्दर्भिक देखिने।

गेटी सेन्टरमा रमाउनसम्म रमायौं। समय अझ कम भयो। जसले यो सेन्टरको परिकल्पना गऱ्यो र आफ्नो आम्दानीको ठुलो हिस्सा ट्रस्ट बनाएर रकम उपलब्ध गरायो, यस्ता सामाजिक, शैक्षिक, कलाप्रेमी तथा अनुसन्धान होस् भन्ने व्यक्ति महान् सोच भएका मानिन्छन्। गेटी फाउन्डेसनले नसोचेको कार्यमा हात अगाडि बढाएको रहेछ। विश्वका विभिन्न मुलुकका सांस्कृतिक सम्पदा तथा धरोहरको संरक्षणमा सकेअनुसारको आर्थिक र आवश्यकताअनसार प्राविधिक सहयोग पनि उपलब्ध गराउँछ । विश्वकै कलासंस्थामध्येकै एक मानिनुपर्ने भन्ने लाग्छ। यसलाई सङ्घीय वा राज्य सरकारबाट आर्थिक सहयोग प्राप्त हुँदैन तर सरकारले कर छुट गरेको छ। यसले अन्य सरकारी तथा अन्तर्राष्ट्रिय संस्थासँग सहकार्य गर्ने गर्दो रहेछ। यस सेन्टरले अमेरिकामा रहेका म्युजियम, आर्ट ग्यालरी र छनोटमा परेका विश्वविद्यालयलाई अनुदान दिन्छ। यसले राम्रा काममा हात बढाउने रहेछ। प्राविधिक सहयोगका साथै फेलोसिप पनि उपलब्ध गराउँदो रहेछ।

गेटी अनुसन्धान संस्थाले आफ्नो मुलुकभित्रका शिक्षक, विद्यार्थी तथा अनुसन्धानकर्तालाई सेन्टरमा सङ्कलित ऐतिहासिक महत्त्वका दस्तावेज, प्राचीन पाण्डुलिपि, फोटाहरू तथा अभिलेखहरू अध्ययनका लागि अवसर दिन्छ । अध्येता र अनुसन्धानकर्ताका लागि योभन्दा खुसीको कुरा के हुनसक्छ र ? बिर्सनै नसकिने सहयोग । हामी दुई-तीन घण्टा भ्रमण गर्दा त धेरै कुरा बुझ्ने अवसर पायौं । पूरा समय अध्ययनमा लगाउने ज्ञानका भोकाहरूका लागि त यो भण्डार नै मानिन्छ। यस संस्थाको अर्को सराहनीय कार्य भनेको विश्वकै म्युजियम तथा अनुसन्धान संस्थाहरूसँग सहकार्यको संस्कृति स्थापित गरेको थाहा पाइयो।

त्यही मौकामा नेपालको सन्दर्भ उठाएँ मैले। गेटी सेन्टरले सोझै नेपालका लागि काम गरेको रहेनछ । अन्य अन्तर्राष्ट्रिय संस्थाहरूसँग मिलेर काम गरेको पाइयो। छोटो समयमा मैले जेजति बुझें त्यसका आधारबाट हेर्दा २०२० को दशकदेखि काठमाडौं भ्याली प्रिजर्भेसन ट्रस्टसँग सहकार्य गरेको। यस ट्रस्टले काठमाडौं उपत्यकाभित्रका ऐतिहासिक र सांस्कृतिक धरोहरहरू पाटन दरबार स्क्वायरमा कृष्ण मन्दिर र भीमसेन मन्दिरको संरक्षणमा अग्रणी भूमिका खेलेको। झट्ट सम्झें शिखर शैलीको कृष्ण मन्दिर। ढुङ्गै ढुङ्गाको। यी कामका लागि गेटी फाउन्डेसनका साथै केही अन्तर र्राष्ट्रिय सङ्घसंस्थाहरूबाट प्राविधिक र आर्थिक सहयोग पाएको।

नेपालसम्म विविध किसिमका सहयोग पुऱ्याउने संस्थामा नै पुगेर केही जानकारी पाउँदा अत्यन्तै खुसी लाग्यो। यो स्वाभाविक पनि हो। किनभने विश्वसम्पदासूचीमा रहेका हाम्रा प्राचीन, ऐतिहासिक र सांस्कृतिक धरोहरहरूको संरक्षणमा पुऱ्याएको सहयोगले छाती गर्बले फुल्यो । म त पाटन मङ्गल बजार पुगेँछु एकै छिन। यो संस्थाले संस्थागत काममा नै बढी योगदान पुऱ्याउँदो रहेछ । यो सेन्टरको घुमाइ ख्याल ख्यालको तर अहिलेसम्मकै फलदायी भएको अनुभूत

गर्ने मौका मिल्यो हामीलाई। नेपालसँग सम्बन्धित अर्को प्रसङ्ग पनि फेरि जोडिएर आयो । 'ढुङ्गो खोज्दा देउता मिल्यो' भन्ने नेपाली उखान चरितार्थ भएजस्तै भयो । गेटी अनुसन्धान इन्स्टिच्युटले केन र जेनी ज्याकोब्सनले सङ्कलन गरेका दक्षिण एसियाली फोटोग्राफको महत्त्वपूर्ण सङ्ग्रह प्राप्त गरेछ। यसमा खासगरी काठमाडौँ र नेपालभरिकै प्राचीन वास्तुकला, सामाजिक र सांस्कृतिक दृश्य सामग्रीहरू पनि सुरक्षित रहेछन् । यद्यपि ती सामग्रीहरूमा केन्द्रित रहेर अनुसन्धान गर्दा धेरै नै सहयोग पुग्ने देखिन्छ।

यो वैश्विक सङ्ग्रहालयमा नेपाली कलाकृतिहरू पनि सङ्ग्रहीत छन् । गर्वले छाती फुलेल भो। यहाँको आर्काइभमा रहेका नेपालसँग सम्बन्धित कुराहरू निकै महत्त्व राख्ने देखिन्छन्। यसमा लिन्डा कोनरका शिवको त्रिशुल, स्लिपिङ बेबी, प्राचीन साँढे आदि कलात्मक रचनाहरू संरक्षित छन्। बरु हामीले पो भुल्यौँ कि ? आफ्नो कलासंस्कृति । गेटीजस्ता अन्तर्राष्ट्रिय संस्था । प्रत्यक्ष वा परोक्षरूपमा योगदान पुऱ्याउन सफल। यो कुरा थाहा पाउँदा धेरै खुसी लाग्नु स्वभाविकै हो । कहिलेकाहीँ आफूले आफैँलाई बिर्सन्छौँ अपार हर्षले, खुसीले। हाम्रा सांस्कृतिक सम्पदा विश्वस्तरमा धेरै महत्त्वपूर्ण रहेछन् भन्ने प्रमाणले मेरो छाती ढक्क फुल्यो गर्बले। विदेशी कलाकार हरूले सिर्जना गरेका कलाकृतिहरू अद्यापि सुरक्षित छन्।

यस सेन्टरले आन्तरिक र बाह्य दुबै क्षेत्रमा सकेसम्म आफ्नो प्रभाव छाडेकै देखिन्छ । यस दृष्टिबाट हेर्दा सांस्कृतिक कूटनीतिमार्फत सम्बन्ध प्रगाढ बनाएको पाइयो । अस्ट्रेलियाको सिडनी ओपेरा हाउस, भारत, चीन, मोरोक्को, जर्मनीको बाउहाउस भवनहरू, ब्राजिलको रियो द जेनेरियोको मोनास्टेरी अफ साओबेन्टोको संरक्षण महत्त्वपूर्ण कार्य मानिदा रहेछन् । इटलीको पुरातात्विक स्थलको संरक्षणमा उल्लेख्य योगदान मानिने। गेटी आर्काइभ उपयोग गर्ने मौका उपलब्ध गराउनुका साथै सहयोगमा विविधता देखिनु प्रशंसनीय कार्य भएको स्वीकार। सराहनीय कार्य, उल्लेख्य रहेको।

पर्यटकीय दृष्टिले पनि यो सेन्टर उत्कृष्ट मानिन्छ । सम्पूर्ण सुविधा निःशुल्क प्राप्त हुनु विधागत अध्ययन गर्नेलाई ठुलै उपलब्धि मान्नुपर्छ। सबै खाले मानिसको उपस्थिति देखिनु यसको सप्रमाण । पाँच बज्न लाग्यो । घर जान निस्कियौँ हामी। पार्किङस्थल गहिरो र खोँचमा। डाटाले पनि काम गरेन। नेटवर्कको शून्यताले वा अरू नै कारणले होला गुगल नक्सा देखाउन सकेन । कुन मोडबाट पूर्वी सडक पक्रने भन्ने अन्यौल भयो तर छोरीले विपरीत दिशातर्फ झण्डै दुई किलोमिटर पश्चिमतिर हाइ वे वानबाट गाडी गुडाउँदै गर्दा मात्र सङ्केत प्राप्त भयो। त्यहाँबाट पूर्व मोडियो हाम्रो यात्रा । आइ १० को लेन नभएर दोस्रो (वैकल्पिक) लेन समात्यौँ। अगाडि बढ्यौँ तर त्यस सडकमा पनि त्यतिकै ट्राफिक जाम । बिहानकै घटना दोहोरिन थाल्यो । आमा र हजुरआमाको मन के थामिन्थ्यो र ! हुन त म पनि अमिलिएकै थिएँ । आन्तरिक पीडा खपिनसक्नुको थियो नै। हामी चारैजना तनाबमा नै रह्यौँ । साँझ पर्नथाल्यो । विपरीत दिशाको गाडीका हेडलाइट चर्का ! गति बढाउन समस्या। दुःख भोग्यौँ। एक ठाउँमा दायाँ एक्जिट लियौँ। स्टार बक्स कफीसपमा पुगेर रोकियौँ। नातिलाई गाडीबाट बाहिर निकालेपछि मात्र सास फेऱ्यौँ भन्नुपर्छ हामीले।

नातिलाई पनि खुला ठाउँ मन पर्ने। घुमायौँ। बच्चा नै संसार। बच्चाकै लागि फेरि केही समय छुट्यायौँ आखिर घरै पुग्ने त हो। पछि नाति फ्रेस भयो । अनि हिँड्यौँ। एक घण्टा बिस मिनेटको बाटोमा चार घण्टा लाग्यो । राति नौ बजे मात्र गृह प्रवेश । 'कहीँ नभएको जात्रा हाँडी गाउँमा' भनेजस्तै भयो हाम्रो यात्रा। मानसिक तनाब र गेटी सेन्टरको रमाइलो दुबै आधाआधी।

*क्यालिफोर्निया, लोमालिन्डा,*
*संयुक्त राज्य अमेरिका।*

# अम्बरा



❖ सावित्री श्रेष्ठ

**भाग १ : जहाँ मेरो कथा सुरु हुन्छ**

म धरा अहिले अम्बरा भएकी छु, परिस्थितिले मलाई अम्बरा वनायो तर यो नाम परिवर्तनको कथा मात्र होइन, यो अस्तित्व परिवर्तनको चुनौतीपूर्ण सङ्घर्षको कथा हो, यथार्थ कथा ! म जन्मेँ काठमाडौँको एउटा गौरवी परिवारमा । मेरा बुबा जो आफैँमा एउटा संस्था हुनुहुन्थ्यो, उहाँले मलाई सानैदेखि संसार चिनाउँदै आगोको इमान्दार बाटोमा हिँड्न सिकाउँदै हुर्कने वातावरण दिनुभयो र म अत्यन्त बहादुर एवम् जेहन्दार व्यक्तित्वसहित वेग्लै रूपमा हुर्कँदै गएँ । पन्ध्र वर्षको उमेरमा मैले सोर देश घुमिसकेकी थिएँ । प्रत्येक यात्रामा बुबा भन्नुहुन्थ्यो, "धरा ! संसार धेरै ठुलो छ । यहाँ हरेक मानिसको आफ्नै संस्कार, आफ्नै पीडा, आफ्नै गौरव हुन्छ । कसैको गौरवलाई कहिल्यै सानो नठान र आफूलाई पनि मिहिनेती र जेहन्दारितापूर्वक गौरवशाली व्यक्तिको उदाहरणका रूपमा प्रस्तुत गर ।"

यो शिक्षा मेरो नसा नसामा बग्यो । यसको ऐश्वर्यले मेरो व्यक्तित्व भिज्यो । पढाइमा सधैँ प्रथम। लेखनमा रुचि। मैले लेख्नथालेँ। कथा, कविता, विचार छलफल, नयाँ करेन्टजस्ता पत्रिकाहरूमा मेरा रचनाहरू छापिन्थे । म एउटी जेहन्दार, जाँगरिली, स्वाभिमानी केटीको रूपमा टोल छिमेकमा चिनिन्थेँ। त्यति वेला मलाई थाहा थिएन कि यही स्वाभिमान एक दिन मेरो बाँच्ने बलियो आधार बन्नेछ र यही स्वाभिमानको नाममा मैले सबै छोड्नुपर्ने छ।

त्यो दिन मैले उसलाई पहिलो पटक देखेँ त्रिभुवन विश्वविद्यालयको क्यान्टिनमा। ऊ उभिएको थियो, हातमा चियाको कप, अलि हराएकोजस्तो ! पछि थाहा पाएँ, त्यो हराएको भाव उसको स्वभाव नै थियो । सधैँ अरूको लागि हराएको, आफ्नोलागि कहिल्यै नसोच्ने ! उसको सरलता, उसको 'सबैको लागि'को बानीले मलाई तान्यो । ऊ भन्थ्यो, "सबैको मनचिन्ते झोला हुनुभन्दा ठुलो खुसी के हुन्छ र!" त्यो सुन्दा मलाई मिठो, चमत्कारिक लाग्थ्यो । मैले सोचेँ, 'यस्तो निःस्वार्थ मान्छेसँग जीवन सुन्दर हुने छ।' मैले उसलाई रोजेँ । मेरो परिवारलाई मनाउन गारो भएन । बुबाले भन्नुभयो, "जसले तँलाई खुसी राख्छ, त्यही ठिक ।"

विवाहको पहिलो दिन हामीले प्रण गर्‍यौँ– म उसको परिवारको सम्मान गर्ने छु, उसले मेरो परिवारको । मैले त्यो प्रण पूरा गरेँ, उसले पनि गर्‍यो तर उसको परिवार भन्नाले मलाई मात्र थाहा भएन, ऊ आफ्नो परिवारको खुसीबाहेक अरू केही नदेख्ने ! परिवारमा सवै ठिकै थियो; पढेलेखेका, उच्चस्तरीय काम गरिरहेका । उसकी बहिनी पनि पढेलेखेकी नै हुन् तर उनको दम्भी स्वभाव र मजत्तिको जान्ने यो संसारमा कोही छैन भन्ने र 'काठमाडौँकाहरू केही जान्दैनन्, यिनीहरू कुवाका भ्यागुता हुन्' भन्ने मूर्खतापूर्ण अहङ्कार र अरूको अपमान गर्दा आफू ठुलो होइन्छ भन्ने तुच्छ आत्मतृप्तिमा डुबेकी मान्छे थिइन् । परिवारका सवै सदस्यहरू एकै ठाउँमा हुँदा यिनी कसै न कसैलाई घोचपेच गर्ने, दुखाउने र यसो गर्दा खुब ठुलो भएजस्तो स्वभावकी थिइन् ।

त्यो वेला म धरा थिएँ; प्रेमले भरिएकी, सपना देख्ने, आफ्नो नयाँ घरलाई माया गर्न तयार, आफ्नो आयवाट उनीहरूलाई भरणपोषण गर्दा आनन्द मान्ने एउटी युवती, जो घरपरिवारका सवै काम र कार्यालयको काम, लेखन एकैपटक गर्दा खुसी र गौरव दुबै एकैपटक महसुस गर्थे । म चञ्चले नभए नि वोल्नुपर्ने, हाँस्नुपर्ने मिहिनेती व्यक्ति थिएँ ।

**भाग २ : मौनताको सुरुवात**

नयाँ घरमा पाइला टेक्दा मैले सोचेकी थिइनँ कि यो घर मेरो मौनताको विद्यालय हुने छ। सुरुमा सबै राम्रै थियो । म खुसीले भान्सामा उभिन्थेँ, सबैलाई खाना खुवाउँथेँ, हाँस्थेँ, गफ गर्थेँ । मलाई लाग्थ्यो, 'यही त हो परिवार, यही त हो मैले सपना देखेको

जीवन। पारिवारिक खुसी र व्यक्तित्व विकास अनि आर्थिक रूपमा आत्मनिर्भर तर बिस्तारै बहिनीको मुखबाट 'भ्यागुता' शब्द सुनेँ। पहिलोपटक मलाई लाग्यो सायद सुन्नमा भूल भएछ, दोस्रोपटक लाग्यो सायद ठट्टा हो, तेस्रोपटक थाहा भयो यो मेरो नयाँ नाम हो। बहिनीले मलाई त्यही नामले चिनाउन थालेकी थिइन्। काठमाडौँकी त्यस्तो भ्यागुता जसले कुनै संसार देखेकी छैन, जसले केही जानेकी छैन! पहिलोपटक त्यो शव्द सुन्दा मैले उसलाई हेरेँ। उसको आँखामा सहानुभूति थियो तर मौनता थियो। ऊ भन्थ्यो, "बहिनीको कुरा मानिदेऊ।" मैले मानेँ। पहिलोपटक मानेँ। दोस्रोपटक मानेँ, सयौँपटक मानेँ।

बहिनी भन्थिन्, 'भ्यागुते!' ठुलै पुरुषार्थ गरेझैँ! जब कि उनी दाजुभाउजूको कमाइमा बाँच्ने परजीवी थिइन्। पछि उनलाई कुनै कलेजमा पार्टटाइम पढाउने व्यवस्था मिलाइदियो तर उनी पढाउने क्षमता भएकी मानिस हुँदै होइनन्।

'तिमी गजबकी सुन्दर जीवनसाथी हौ', ऊ भन्थ्यो एकान्तमा तर मेरो स्वाभिमानको पक्षमा उभिने हिम्मत उसले गर्दै गरेन कहिलै पनि! राम्री हुनुको अर्थ के हो? राम्रो हुँदैमा अपमान सहनुपर्छ? स्वाभिमान माटोमा मिलाउनुपर्छ? तर मैले सहेँ किनभने मैले प्रण गरेकी थिएँ– उसको परिवारको सम्मान गर्ने। उसको परिवार भन्नाले मैले उसकी बहिनीलाई पनि सम्मान गरेँ। उसले गर्ननसकेको सम्मान मैले गरेँ। राति एकान्तमा म रुन्थेँ, विव्हल हुन्थेँ तर बिहान मुस्कुराउँथेँ। मेरा हात भान्साको धुवाँले जलेका थिए। मेरो मन शब्दले जलेको थियो तर मैले कहिल्यै गुनासो गरिनँ किनकि म धरा थिएँ जसले सबै सहन्छ। चुपचाप सहेँ; सहनुपर्ने पनि सहेँ, सहनै नहुने पनि सहेँ। सचेत र जागरुक थिएँ, स्वाभिमानी थिएँ त्यसैले अझ बढी दुख्थेँ। मेरो स्वाभिमान घाइते हुन्थ्यो जसमा उसले कहिल्यै मलम लगाएन! बस् चुपचाप मौन साक्षी बन्यो र आफ्नो उज्यालो अनुहार केही अँध्यारो वनायो!

**भाग ३ : जल्ने हात, भोकै रात**

त्यो घरमा मेरो कामको कुनै सीमा थिएन। बिहान चार बजे उठ्ने, सबैको खानाको तयारी, अफिस जाने, फर्केपछि फेरि भान्सा, फेरि किनमेल, फेरि सबैको सेवा। घरमा जति काम हुन्थे ती सब मेरा; कमाउने, किनमेल गर्ने, पकाएर पस्केर दिने, सबैको मानमनितोसहित र त्यसमा पनि मलाई आनन्द नै आउने। केटाकेटीदेखि कर्तव्यनिष्ठ रहेँ, यहाँ त झन रहनै पर्‍यो।

उसको मौनताले म सारै दुख्थेँ, त्यो संयुक्त परिवारमा म कराउन सक्दिनथेँ र मौन विद्रोहको रूपमा खाना नखाई भोकहड्ताल गर्थें! सबैलाई ख्वाएर मात्र म खान्थेँ, रिसको झोँकमा म भोकै बसेँ कैयौँ दिन। उसलाई थाहा थियो, उसले सब देखेको थियो तर चुपचाप वस्थ्यो। स्वास्नी रिसाउने र लोग्नेले फकाउने काम हामीबिच कहिल्यै पनि भएन। ऊ चुपै लागेर बस्थ्यो, अझ ऊ नै रिसाउँथ्यो! फेरि खाए पनि नखाए पनि काम त म सबै गरिहाल्थेँ, अफिस पनि गइहाल्थेँ र घरायसी जरुरत पनि पूरा भइहाल्थे। हो, म अफिसमा खाजा चाहिँ खान्थेँ। अफिसको त्यो सामान्य खाजाको भरमा कठोर परिश्रम, बौद्धिक र शारीरिक काम पनि गर्नुपर्दा कहिलेकाहीँ भाउन्न हुन्थ्यो मलाई। तर परिवारलाई कहिल्यै भनकसम्म दिइनँ। न कुनै दिन माइत गएर वसेँ, न त खाना पकाउन छोडेँ; बस् मौन रहेँ भोकहडताल गरेर विद्रोह गरेँ लोग्ने भनाउँदोको अगाडी, जसलाई उसले कहिले पनि कुनै अर्थ दिएन! म ऊ र उसको परिवारलाई पकाएर थपी थपी ख्वाउँथेँ, उनीहरू कपाकप खान्थे तर उसले 'रिसाएस नबस खाना खाऊ' कहिल्यै भनेन! खै थाहा छैन म किन सधैँ अतिरिक्त आदर्शवादी बनेँ! तर उसलाई पनि मैले खास केही भनिन किनकि मलाई थाहा थियो, सत्य भनेँ भने ऊ केही गर्नसक्दैन र गर्ननसक्दाको पीडा उसले सहन सक्दैन त्यसैले मैले सहेँ। तैपनि उसलाई ती सब असामान्य कुराहरू सामान्य नै लाग्थे!

मेरो हात भान्सामा चलिरह्यो र मन जलिरह्यो। मेरो मन चुपचाप रुन्थ्यो तर म हाँस्थेँ। सधैँ हाँस्थेँ। घरमा आउने पाहुनाहरू भन्थे, "कति जाँगरिली असल बुहारी, कति फुर्तिली छे! हामीलाई पनि यस्तै बुहारी चाहियो।" त्यति वेला ऊ मलाई सुटुक्क भन्थ्यो, "तिमी जस्ती त यो संसारमा कोही पनि हुँदैन, केको पाउँनु तिमीजस्ती!" र ऊ अपूर्व गौरवबोधले आल्हादित भएर रमरम रमाउँथ्यो। उसको गोरो गालामा गुराँस हाँस्थ्यो त्यो वेला। म उसको खुसीमा पल्लवित हुन्थेँ! गुनासाहरू फुमन्तर हुन्थे!

**भाग ४ : छोरी जन्मिई, शब्दहरू बाटिए**

छोरी जन्मिँदा मलाई अपार खुसी लाग्यो । उसको अनुहार देखेर मैले भुलेँ कि म भोकै थिएँ, म थाकेकी थिएँ, म रातभर नसुतेकी थिएँ तर नन्द बहिनीले भनिन्, "भाउजूकी आमाका पनि छोरी छोरी, भाउजूले पनि छोरी नै पाइन् ।" यो शब्द मैले सुनेँ । उसले पनि सुन्यो तर ऊ मौन रह्यो । केही दिनपछि उसले मलाई भन्यो, "हाम्रोजस्तो जोडीको छोरा हुँदैन ।" म त्यहीँ बसिरहेँ । मेरी छोरी मेरो काखमा थिई । मैले उसलाई हेरेँ । उसको अनुहारमा निर्दोष मुस्कान थियो । उसलाई थाहा थिएन कि उसको जन्म कसैको लागि दुःखको कुरा थियो ! उसकी फुपूको लागि । तर मेरी छोरी मेरोलागि गौरवशाली उपलब्धि थिइन् । यो कुरा समयले प्रमाणित पनि गर्‍यो ।

मैले भनेँ, "छोरा वा छोरी बुबाको कारणले हुन्छ कि आमाको ? अनि छोरी हुनु नराम्रो हो ? तिम्री आमासमान बहिनी चाहिँ छोरा हुन् ?" उसले मेरो कुरा सुन्यो । अनि बहिनीको बखान गर्नथाल्यो । म चुप भएँ । त्यो दिन मैले पहिलोपटटक महसुस गरेँ, 'यो मानिस मेरो पक्षमा कहिल्यै उभिने छैन । ऊ सधैँ आफ्नो परिवारको पक्षमा उभिने छ । चाहे त्यो पक्ष जतिसुकै अन्यायपूर्ण किन नहोस् ।' त्यो रात मैले आफैँलाई सोधेँ, "के म यहाँ बस्न चाहन्छु ?" जबाफ आयो, "चाहन्न ।" अर्को प्रश्न "तर जानसक्छु ?" जबाफ "सक्छु ।" 'तर छोरीलाई लिएर जान सक्दिन ।' छोरीलाई बुबाको पनि मायाँ चाहिन्छ, परिवारको पनि । ऊ छोरीलाई बेसरी मायाँ गर्छ, उसकी आमासमानकी बहिनीलीई भन्दा धेरै । यो माया बेमिसाल छ, बेजोड छ, अनन्त छ । अनि परिवारका अरू सबैलाई पनि छोरी अत्यन्तै मन पर्दै गयो ।

कैयौँ रात मैले रोएर बिताएकी छु तर बिहान भएपछि म हाँसेर सबै काम गरिहाल्थेँ किनकि म धरा थिएँ । धराले सबै सहन्छे । मैले पनि सहेँ, चुपचाप सहेँ, जतन गरेर सहेँ, परिवार वचाउन सहेँ ।

**भाग ५ : त्यो अभागी दिन, जुन दिन मेरो बुबाको अपमान भयो**

छोराको न्वारान थियो । म सुत्केरी भएको एघार दिन मात्र भएको थियो । मेरा बुबाआमा नाति हेर्न आउनुभएको थियो । सबै खुसी थिए । म पनि खुसी थिएँ । थाकेकी, दुखेकी तर खुसी । छोरी छ वर्षकी भइसकेकी थिइन् । सबभन्दा खुसी उनी नै थिइन् । नन्द बहिनीले भनिन्, "काम गर्ने मान्छे कहाँ छ ? सुत्केरी र बच्चा हेर्ने मान्छे कहाँ छ ? उहाँ भने बाउ चाहिँ समेत मुन्टेका छन् ! न्वारानमा पनि बाउ आउँछन् !" यो शब्द मेरो कानमा पर्‍यो । मेरो मुटु ढक्क भयो । मैले उसलाई हेरेँ । उसले ढोका लगायो । मात्र ढोका । मैले नसुनोस्, आबाज भित्र नआओस् भनेर ! मेरा बुबाको अपमान हुँदा उसले के गर्‍यो ? ढोका लगायो !

मेरा बुबा जो आफैँमा बाघजस्तो व्यक्तित्व हुनुहुन्थ्यो तर त्यो दिन चियाको कप हेरेर बसिरहनुभयो । उहाँको अनुहार अपमानले राँकिएको थियो, मेरी आमाका आँखा राता भएका थिए । विचरी मेरी आमा ! विचरा मेरा बुबा ! वहादुर, असल र कमाउ छोरी जन्माएर पनि अपमानित भइरहेका थिए ! तर कसैले केही भन्नसकेन । विशेषतः उसको मौनता सहेर सहन सकिने किसिमकै थिएन ! यस्ता नचाहिने कुरा नगर त भन्नसक्थ्यो नि उसले । तर बोलेन, बोल्दै बोलेन ! मुखमा दही जमाएरै बस्यो चुपचाप, निरीह लाचार भएर ! मान्छे लाचार हुनुको कुनै सीमा हुन्छ कि हुदैन ?

त्यो रात मैले छोरालाई काखमा लिएर मेरी आमालाई सोधेँ, "आमा ! के यो सही हो ?" आमाले भन्नुभयो, "छोरी ! संसारमा सबै सही हुँदैन तर हामी सहन्छौँ ।" मैले सहेँ । त्यो रात पनि सहेँ । तर मेरो मनमा एउटा कुरा पक्का भयो – मेरा बुबाको अपमान म सहन सक्दिन, उहाँहरूको अपमान जो मेरा जन्मदाता हुन्, त्यो मैले कहिल्यै सहनुहुँदैन । किन सहने ? केका लागि सहने र कहिलेसम्म सहने ? अनि सुत्केरी वेलामा आमासँग जन्मघर गएकी म त्यो दिनपछि फेरि कहिल्यै त्यो घर फर्किनँ ।

**भाग ६ : मौन विद्रोह –हिँड्ने निर्णय**

म आफ्ना बुबाआमाको घर फर्किएँ । दुई वर्ष । दुई वर्षसम्म मैले आफूलाई सम्हालेँ । मैले राजीनामा पुरानो अफिसमा दिएँ । त्यो जागिर जहाँ म गोल्डमेडलिस्ट थिएँ, जहाँ म सबैकी प्रिय थिएँ किनकि त्यो जागिरको पहिचान पनि 'धरा'सँग जोडिएको थियो र म धरा भएर रहन चाहन्थेँ । मैले आफ्नो नाम फेर्ने निर्णय गरेँ । नयाँ नाम–अम्बरा ।

आकाशबाट बग्ने नदी, जसलाई कुनै किनाराले बाँध्न सक्दैन । जो आकाशदेखि क्षितिजको बाटो हुदै इन्द्रेणीलाई भरोसा दिँदै धरतीमा प्रवाहित हुन्छे र धरतीमा हरिया ताराहरूको जन्म दिन्छे ।

मैले नयाँ सिप सिकेँ । प्रविधि । कम्प्युटर । मलाई त्यसमा रुचि पनि थियो, सिप पनि । मैले गजबको काम सुरु गरेँ । पहिले सिक्ने अनि सिकाउने । मानिसहरू मेरो क्षमता देखेर छक्क पर्थे तर मलाई थाहा थियो यो क्षमता मैले त्यो घरमा बसेर सिकेकी थिएँ । जहाँ म एकै समयमा धेरै काम गर्थें, समस्या समाधान गर्थें, सबैलाई मिलाएर राख्थेँ । यो मेरो बालापनदेखिको कठोर मिहिनेत र इमान्दारिताको जगमा वसेको तपस्याको मूल प्रतिफल थियो । परिस्थिति सहज थिएन, मानिसहरू कति दुःख गरेको भन्थे तर म जबाफ दिन्थेँ, "यो दुःख होइन, मिहिनेतको बाटो हो, जुन मैले आफैँ रोजेकी हुँ ।" मिहिनेत र कडा मिहिनेतवाट म कहिल्यै पछि हटिन । यो मेरो स्वभाव थियो त्यसैले मलाई गारो लागेन । त्यो घरको दुःखले मलाई सिकाएको थियो । संसारको सबैभन्दा ठुलो क्षमता भनेको आफैँलाई पुनर्निर्माण गर्नु हो ।

मैले लेख्न जारी राखेँ तर अब अम्बराको नयाँ नामले । मेरा रचनाहरू पढेर मानिसहरू भन्थे, "यो लेखक को हो ? यति गहिरो कसरी लेख्छ ?" म मुस्कुराउँथेँ । उनीहरूलाई थाहा थिएन कि यो गहिराइ मैले भोगेको पीडाको पिँधबाट निस्केको हो । बागमतीको किनारमा म प्रायः जान्थेँ । त्यति वेला बागमती गजब निर्मल थियो, त्यहाँ बसेर म आफैँसँग कुरा गर्थें । म भन्थेँ, "अम्बरा ! तँ आकाश र नदी दुबै होस्, तँलाई कसैले बाँध्न सक्दैन ।" आकाश र अम्बराबिच कुनै सानो धर्का पनि छैन, सधैँ जोडिइरहने अविरल र एक दिन मैले महसुस गरेँ – म बाँचिरहेकी छु । मात्र बाँचिरहेकी होइन, जिउँदै छु । मेरो अस्तित्व मेरो आफ्नै छ, मेरो स्वाभिमान मेरो आफ्नै छ, मेरो नाम मेरो आफ्नै छ;  यो नाम, यो अस्तित्व, यो स्वाभिमान सबै मेरा आफ्नै निर्माण हुन् ।

**भाग ७ : ऊ भाटभटेनीको बिच आँगनमा ठिङ्ग तर म हिंडेँ चुपचाप उसको पहुचबाहिरको बाटोमा**

आज म भाटभटेनीमा थिएँ । प्रविधिको निरीषण गर्न आएकी । तरकारीको स्टलमा बिल बनाउने मेसिन बिग्रेको थियो, म त्यो मिलाउन व्यस्त थिएँ । सेल्सगर्ल रुपा मेरो हात हेर्दै सिकिरहेकी थिई । अनायासै मैले उसलाई देखेँ । सिमसिम परिरहेको पानीको वास्तै नगरी ऊ एक टक मलाई हेर्दै थियो । ऊ थियो मेरो सामुन्ने बिच आँगनमा ठिङ्ग ! जस्तो कुनै पहाड होस्, उसको आँखा ममाथि थियो । उसले मलाई देखेको थियो तर उसको सोच मभन्दा धेरै पर थियो – समयमा पर, पीडामा पर, पश्चातापमा पर !

मैले उसलाई चिनेँ । त्यही अनुहार, त्यही लाचारी, त्यही एकतर्फी सोच, न्यायरहित सोच ! जसले मेरो अपमान हुँदा ढोका लगायो, जसले मेरो भोकहडतालको अपमान गऱ्यो र आँखा फर्कायो ! जसले मेरो रातको रुवाबासी सुनेर पनि नसुनेकोजस्तो गऱ्यो ! अहिले पनि त्यही थियो उभिएको, हेरिरहेको तर केही गर्ननसक्ने ! र म अहिले यो थिएँ आफ्नै खुट्टामा उभिएकी, आफ्नै पहिचान बनाएकी, आफ्नै नामले चिनिएकी, अम्बरामा रूपान्तरित, कैयौँलाई रोजगार दिइरहेकी ।

उसका आँखामा एउटा प्रश्न थियो, मैले देखेँ । त्यो प्रश्न थियो, "के उनले बिहे गरेकी छिन् ?" म मुस्कुराएँ । भित्रभित्रै मात्र । तर उसलाई देखाइनँ किनभने त्यो प्रश्नको जबाफ उसले कहिल्यै पाउने छैन । जसले मेरो स्वाभिमानको मूल्य बुझेन, उसले मेरो जीवनको जबाफ पाउनुहुँदैन । मेरो जिन्दगी उसको लागि प्रश्न भएर रहने छ, उसले जबाफ दिन नसक्ने प्रश्न !

मैले आफ्नो काम सकेँ । स्टलकी सेल्सगर्ललाई भनेँ, "रुपा ! सिस्टम ठिक भयो । म जाँदै छु ।" ऊ अझै उभिएको थियो । बिच भाटभटेनीको आँगनमा ठिङ्ग । रुझ्दै, भिज्दै । आँखामा असङ्ख्य अनुत्तरित प्रश्नहरू परेली बोझिलो हुनेगरी, तर पाइतालाहरू विवश छन्, मुखमा ताला लागेको छ टम्मै सधैँभैँ ! म हिँडेँ । फर्केर हेरिनँ किनकि म अब धरा होइन, म अम्बरा हुँ । जो आकाशबाट बग्छे, जसलाई कुनै किनाराले बाँध्न सक्दैन, जसको यात्रा आफैँमा पूर्ण छ, जो कुनै झन्झावातबाट डराउँदिन ।

# दोधाराचाँदनी र झोलुङ्गे पुल हुँदै



❖ अच्युत घिमिरे

२०८२ चैत्र २० गते हामी दोधाराचाँदनी नगरपालिकाको सभाकक्षमा थियौँ । त्यस दिन प्रलेसको आयोजनामा अन्तर्राष्ट्रिय स्तरको साहित्यिक कार्यक्रम हुँदै थियो । त्यस कार्यक्रममा सहभागी हुन देशभरि र भारतका विभिन्न ठाउँबाट समेत स्रष्टाहरूको बाक्लो उपस्थिति थियो । त्यही कार्यक्रमको सहभागीमध्ये म पनि एक थिएँ । बिहानको ११.०० बजेबाट सुरु भएको कार्यक्रमको समापन रातको ८.०० बजे भएको हुँदा सभाकक्षमै बसिरहने कुरा पनि भएन । फेरि एकैठाउँमा यति लामो समयसम्म धैर्य भएर बस्ने मेरो स्वभाव नै होइन । योबिचमा मैले नगरपालिकापरिसर, गेटबाहिरको सडक, सडककिनारमा रहेका टुक्रे चियापसल र किरानापसलहरू पनि हेर्न भ्याएको थिएँ । त्यहाँको भूगोल, सामाजिक जनजीवन, पेसाव्यवसाय, बसोवासको स्थितिलाई पनि मेरो बलबुताले भ्याएसम्म नियाल्दै थिएँ म । समथिरो ठाउँ, मध्यम किसिमको ऊर्वरशील माटो, गहुँ प्रमुख अन्नबाली, काँक्रा, भान्टा, परबलजस्ता तरकारीहरूको विशेष उत्पादन, सीमावर्ती भारतीय बजारसँगको व्यापार जीविकोपार्जनको अर्को स्रोत, मिश्रित जातिहरूको बसोवास क्षेत्र (लिम्बू थरका व्यक्ति नगरप्रमुख रहेका यस ठाउँमा क्षेत्री, बाहुन, तामाङ, नेवार, थारू आदिको बसोवास ); सांस्कृतिक, जातीय र धार्मिक सद्भाव, मान्छे इमानदार र ग्रामीणपनमा रमाइरहेकाजस्ता लाग्ने; छोटो समयको गहन खोज, अनुसन्धान र अध्ययनविनाको सामान्य शोधपुछ र मान्छेको अनुहार हेरेर मात्र गरेको मेरो लघुतम् सर्वेक्षणले त्यस ठाउँलाई त्यसरी नै बुझ्यो । नगरपालिकाको गेट पस्नासाथको सौन्दर्यले भने मलाई तानेन । नगरपालिका भवन सिंहदरबारजस्तै भव्य थियो (गणतन्त्रपछि नेपालका सबैजसो ठाउँका स्थानीय निकायहरू दरबारजस्ता भव्य नै छन्, यो गणतन्त्रको सुखद पक्ष हो तर भवनले स्थानीय निकायको विकास र समृद्धिको मापन चाहिँ हुँदैन ।) तर भवनपरिसरमा कवाडी गाडी यत्रतत्र देखिनु, पानी जमिरहेको अवस्थामा जमिन देखिनु, जमिनको उचित व्यवस्थापन नगरिनु, त्यही भएर त्यहाँ प्रवेश गर्नासाथ आँखाहरू उदास देखिन्थे । नगरपालिकाले ओगटेको जमिनको क्षेत्र धेरै थियो । पस्नासाथ पहिलोपटक आँखामै ठोक्किने नगरपालिकाको सौन्दर्य बिगार्न बसेको ग्यारेजलाई भवनपछाडि स्थानान्तरण गर्नसके, अनेक रङका फूल, रुखबिरुवालगायतका सौन्दर्यले नगरपालिकाको अग्रभाग सजाउन सके, त्यो भव्य नगरपालिका जोकोहीका लागि आकर्षणको केन्द्र बन्नसक्थ्यो । नगरपालिकाको रङहीन दृश्य नियालिरहँदा मेरो मनमा उब्जिएका कुरा थिए यी । मेरो विचारमा बाहिरी सौन्दर्य बनाउन सकिने कुरा हो र यही बाहिरी सौन्दर्य नै भित्री सौन्दर्यको आधारस्तम्भ हो ।

सभाकक्षमा कार्यक्रम चलिरहेको थियो । उपस्थित सबैले त बोलेनन् । कुनै पनि कार्यक्रममा ५-७ % ले नै बोल्ने हुन् तर कहाँ कहाँबाट, कति कष्ट भोगेर आएका हुन्छन् मान्छेहरू, बोल्नेहरूलाई रोक्ने कुरा पनि भएन । आयोजकले त्यो छुद्रता देखाउन पनि हुँदैन । मञ्चमा बोलाउने नबोलाउने तय पहिले नै हुनुपर्छ, बोलाइसकेपछि आयोजकले विचार राख्नबाट रोक्ने होइन, विवेक

पुर्‍याउने काम चाहिँ वक्ताको हो भन्ने मान्यता राख्छु म । घाम पश्चिमतिरको यात्रामा क्रमशः ओरालो लाग्दै थियो । केही समयपछि उसले आफ्नो सौन्दर्य गुमाउनु थियो । ५.२० मा मेरो पनि कविवाचनको पालो आयो । त्यसपछि पनि म अरू चालिस मिनेट सभाकक्षमा नै बसेँ । अब भने मलाई पट्यार लागिसकेको थियो । आ ! साथीहरूले आफ्नो पालो सकिएपछि हिँड्यो भनेर भने भनुन्, मनमा यिनै कुरा खेलाउँदै म झोला बोकेर सभाकक्षबाट बाहिरिएँ । आफ्ना रहरहरू सजाएर स्वतन्त्र भएर बाँच्ने अधिकार मेरो पनि छ। यो त मेरो कुरा थियो, अरूका पनि त स्वतन्त्रता हुन्छन् । नभन्दै भोलिपल्ट काठमाडौँबाट गएका हाम्रो यात्रादलका एक-दुईजना साथीले भनि पनि हाले । यसरी केही न केही खोट नदेखाई त हुँदै नहुने हामी नेपालीको विशेषता नै हो । अरूको कुरा काटेर नै हामी नेपालीको समय बित्छ, समयलाई उत्पादनसँग जोड्न नसकेका कारण हामी गरिब देशका मान्छे बनेका हौँ । साथीले कुरा काटे भन्दैमा मलाई त्यसले हत्तपत्त छुँदैन । यति ठुलो संसार, यति धेरै मान्छे; फेरि सबै मान्छेको चेतनास्तर पनि एकै किसिमको हुँदैन । ऊ बाँचेको समाज, भूगोल, सांस्कृतिक नश्ल र परिवेशले उसका बोलीव्यवहार निर्धारण हुने हुन् । हाम्रो अधीनमै नभएका यस्ता कुराहरूमा टाउको दुखाउनुको अर्थ नै छैन । यसर्थ कतिपय कुरालाई सामान्य रूपमा लिनुपर्छ भन्ने मेरो मान्यता छ ।

नगरपालिकाको गेटबाहिर म उभिरहेको थिएँ । म महाकाली नदीपारिको नेपाली गाउँमा थिएँ । यस ठाउँमा झोलुङ्गे पुल खास आकर्षणको केन्द्र भएको कुरा मान्छेहरू भन्दै थिए। महेन्द्रनगरमा स्रष्टाहरू दोधाराचाँदनीको झोलुङ्गे पुल चाहिँ हेर्नै पर्छ भन्दै थिए । प्रलेसको निमन्त्रणमा पनि झोलुङ्गे पुलको आकर्षक रङ्गीन फोटो राखिएको थियो । यिनै कारणले म झोलुङ्गे पुल हेर्न चाहन्थेँ । हामीले भोलि ५.०० बजे काठमाडौँ फर्कनु थियो । भोलिका योजना अरू नै बन्लान् । समय पनि सारै कम थियो । त्यसैले म आजै झोलुङ्गे पुल हेर्न चाहन्थेँ । मैले 'झोलुङ्गे पुल कति टाढा छ' भनेर त्यहाँका स्थानीयलाई सोधेँ र वस्तुस्थितिबारे जानकारी लिएँ । यति गर्दागर्दै बैतडीका दुईजना साथीहरूसँग भेट भयो । उहाँहरू पनि झोलुङ्गे पुल जान खोज्दै हुनुहुँदो रहेछ । प्रलेसकै कार्यक्रममा आउनुभएका उहाँहरू मेरालागि नितान्त फरक, पहिलोपटक भेट र गफ हुँदै थियो हाम्रो । हामी गफिँदै गर्दा एउटा टेम्पो आइपुग्यो र त्यसैमा चढेर हामी तीनजना झोलुङ्गे पुलसम्मको यात्राका लागि हिँड्यौँ । उहाँहरू हुनुहुन्थ्यो प्रलेस बैतडी जिल्ला अध्यक्ष लोकेश साउद र बैतडीकै प्रलेस केन्द्रका पार्षद् दिनेश नागरी । दोधाराचाँदनी नगरपालिकाको भवनबाट झोलुङ्गे पुल टाढै रहेछ । ट्याम्पोले झण्डै २०-२२ मिनेट लगायो । बाटामा दोधारा बजार देखेँ मैले । गाउँको ठुलै बजार रहेछ । अब हामी झोलुङ्गे पुल पुग्यौँ । त्यहाँ पुल हेर्न आउनेहरूको स्वागतको लागि लेखिएका अक्षरहरूले मनलाई तान्यो र अक्षरहरू पढ्दै गर्दा महाकालीपारिको मेरो देशलाई भेट्टाएकाले मेरो मन खुसीले पुलकित बन्यो । महाकालीलाई छोएर बसेको दोधाराचाँदनीको त्यो माटो स्पर्श गरेँ मैले । त्यहाँ पुग्दा क्रमशः उज्यालोका रङहरू हराउँदै थिए । त्यहाँ पुलकै आडभरोसा पाएका केही ससाना खाजा पसलहरू, किराना पसलहरू थिए । पुलको आधार पाएर बसेको ससानो बजार थियो त्यो । बैतडीका साथीहरूले यहाँ महाकाली नदीका माछा पाइन्छन् भनेर एक केजी माछा किन्नुभयो । यस वेलासम्म रिमरिम अँध्यारो नै भइसकेको थियो । आँखाले पुलको आकृति देखिन्थ्यो । मनले पुलमा हिँडेको मज्जा लिन्थ्यो तर मोबाइलमा खिचेका फोटाहरू चाहिँ प्रस्ट देखिएनन् । मैले अन्यत्र देखेका झोलुङ्गे पुलभन्दा यो पुल अलि फरक नै थियो र लामो पनि निकै लामो नै थियो । यस पुललाई पार गर्न हामीलाई पच्चिस मिनेट समय लागेको थियो । पुलबाट मोटरसाइकल आवतजावत

गरिरहँदाको सुनौलो दृश्य हाम्रैलागि उज्यालो बोकेर आएजस्तो लाग्थ्यो । त्यहाँ पनि एक किसिमको सौन्दर्य थियो तर त्यसले एकान्त खोजिरहेको मनलाई भने बाधा पुर्‍याइदिन्थ्यो । मोटरसाइकलको हेडलाइटबाट आएको प्रकाशले आँखै तिरमिराइदिन्थ्यो ।

अँध्यारोमा पुलमा हिँड्नुको मज्जा पनि छुट्टै थियो । अँध्यारोको त्यो दृश्य पनि रहरलाग्दो नै देखिँदो रहेछ। यस्ता झोलुङ्गे पुलहरू त उज्यालोमा धेरै नै हिँडियो तर अँध्यारोमा हिँड्दाको अनुभूत फरक हुँदो रहेछ । पुलपारि चाहिँ वारिजस्तो विकास भएको देखिएन । महेन्द्रनगर जाने होला सडक कालोपत्रे नै थियो । पुलको मुखैमा एउटा चियापसल र किरानापसल थियो । दक्षिणतिर बाक्लै झुप्रा घरहरू; केही केही टिन, टायलका छाना भएका घरहरू पनि थिए। मैले ती घरहरू थारू समुदायका हुन् भनेर अनुमान लगाएँ । बाटैछेउ एउटा ट्यूबवेल खिचेर केही तन्नेरी केटाहरू पानी खाँदै थिए । ती तन्नेरीहरू थारू जातिका हुन् भनेर मैले प्रस्ट चिनेँ । म मोरङको होक्लाबारी थारूगाउँमै जन्मेको मान्छे भएकाले थारूहरूको रूप, रङ, स्वभाव र बसोवासको स्थिति मलाई राम्ररी थाहा छ । यो ट्यूबेलले मलाई मेरो गाउँ सम्झायो । म पनि ट्यूबेलकै पानी खाएर हुर्केको गाउँको मान्छे थिएँ ।

म दोधाराचाँदनीबाट आएको थिएँ । त्यताबाट पारि आएर पुललाई एकपटक फेरि राम्ररी नियालेँ । यो नेपालको सबभन्दा लामो झोलुङ्गे पुल भनेको सुनेको थिएँ मैले । एक छिन अघिसम्म यति लामो झोलुङ्गे पुल अँध्यारोको एकान्तमा हिँडिरहँदा खुसीले रमाइरहेका थिए आँखाहरू । अब म कल्पना गर्नथालेँ । दोधाराचाँदनी आउनेहरूको लागि आकर्षणको केन्द्र यो पुल, यसलाई पर्यटकीय गन्तव्य बनाउन सकिएमा यो ठाउँको महत्त्व अझ बढ्थ्यो । यहाँ मोटरसाइकल कुदाउन भने रोक लगाउनुपर्ने देखियो । स्थानीयको बेवास्तामा परेको यो पुललाई देखेर मैले कल्पना गरेँ । यस कार्यले पुलको आयु घट्ने र बिस्तारै पुलले आफ्नो सौन्दर्य गुमाउने कुरा निश्चित थियो । पर्यटकको आगमन हुने यस ठाउँमा टिकटप्रणाली लागू गरेर पुलको अवलोकन र पदयात्रा गर्ने व्यवस्था, पुलको आडभरोसा हुनेगरी खेल्ने पार्क निर्माण गरेर, पुलको सौन्दर्य बढाउने गरी यस ठाउँलाई राम्रो ढङ्गले व्यवस्थापन गर्ने हो भने नगरपालिकाको आयस्रोत निश्चय नै बढ्थ्यो । केही वर्षअगाडिसम्म दोधाराचाँदनी पुग्नको लागि महाकाली नदीमा पुल निर्माण गरिएको थिएन । त्यस वेला भारतको बाटो हुँदै त्यहाँका मान्छेहरूले दोधाराचाँदनी पुग्नुपर्थ्यो । त्यो विगत सम्झिएँ मैले । भारतीयहरूको अनेक दुःखसास्ती भोगेका त्यहाँका मान्छेहरूलाई झोलुङ्गे पुल बन्दा निकै नै राहत भएको थियो । यो अर्थमा यस पुलको विशेष महत्त्व छ। यो पुलको लम्बाइ, डिजाइनको कारण पनि यसले मान्छेका आँखाहरूलाई लोभ्याउँछ । यिनै कारणले यो झोलुङ्गे पुल नेपालीहरूको मनमुटुमा जोडिएर बस्न सफल विशेष महत्त्वको रहेछ ।

म फेरि कल्पनाको वायुपङ्खी घोडामा दगुर्न थालेँ । अहिले दोधाराचाँदनी नेपालीहरूका लागि सुगम ठाउँ भइसकेको छ । अहिले त यहाँ पुग्न महाकाली नदीमा ठुला यातायातका साधन कुद्ने गरी पक्की पुल पनि बनिसकेको छ । ५६.८४ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको यस नगरपालिकामा लगभग ४८,००० जनसङ्ख्या रहेको छ। एउटा क्याम्पस, १ नगर अस्पताल र माध्यमिक विद्यालहरूसमेत रहेका यो ठाउँ मलाई सुगम र विकसित नै लाग्यो । जोगबुढा नदीको कटान र डुबानले भने यहाँका मान्छेहरू पीडित रहेछन्। मैले यहाँ विकासका प्रशस्त सम्भावनाहरू देखेँ । यो अर्थमा यो महाकालीपारिको नेपाल थियो । प्रत्येक नेपालीको उत्सुकता, रहर र पुगूँ भन्ने हुटहुटी, तिनको मनमुटुमा बसेको ठाउँ हो यो । यो ठाउँ महत्त्वपूर्ण पर्यटकीय गन्तव्यको

सम्भावना रहेको ठाउँ हो। अहिले पनि यो ठाउँको प्रमुख आकर्षण हो दोधाराचाँदनीको झोलुङ्गे पुल।

अब हामी महाकालीपारिको नेपालमा छैनौं। अनेक कल्पनाहरू मनमा सजाउँदै हामी झोलुङ्गे पुल तरिसकेका छौं। हामीले महेन्द्रनगर पुग्नु थियो। पुलमै टाँसिएर बसेको यो ठाउँमा टेम्पो हत्तपत्त नभेटिने रहेछ। अबेर भएर पनि होला। बल्ल थारू समुदायका महिला यात्रुहरू लिएर एउटा टेम्पो आइपुग्यो। हामीले महेन्द्रनगर जाने हो भनेर सोध्यौं। चालकले ९००/- लाग्छ भने। हामीले यहाँबाट महेन्द्रनगरको कति भाडा लाग्छ भनेर पसलेलाई सोधेका थियौं। ओहो ! तेब्बर बढी भाडा ! यो त अचाक्ली नै भयो। मैले चालकलाई हेरेँ, हेर्दा अनुमानित साठी-पैंसठ्ठी वर्षका थारू समुदायका सोझा, इमानदार नै जस्ता देखिए पनि हामी नेपालीहरूले सरसहयोग र मानवीय भावना गुमाउँदै गएकोमा दुःख पनि लाग्यो। हामीले कार्यक्रम सकिए नसकिएको सोध्यौं। दोधाराचाँदनी नगरपालिकाको सभाकक्षमा अझै कार्यक्रम सञ्चालन भइरहेको जानकारी प्राप्त भयो। महाकाली नदीको पुल, जहाँबाट हामीलाई लिएर गएको गाडी फर्कन्छ, त्यहीं जाऊँ भन्ने सोचाइमा पुग्यौं हामी। त्यहाँसम्म पुग्ने बाटो र दूरी दिनेश नागरीलाई थाहा रहेछ। उहाँले हातमा बोकेका उपहारका ८-१० वटा पुस्तक मलाई बोकिदिनुस् न सर भन्नुभयो। मैले ती पुस्तक आफ्नो झोलामा राखेँ। यसरी छोटो समयमा अपरिचित हामी धेरै अगाडि परिचय भएजस्तै आत्मीय बन्दै थियौं। अब हामी महाकाली करिडोरको बाटो हिँड्न थाल्यौं। झण्डै एक किलोमिटर ग्राभेल र त्यसपछि पिच बाटो हिँड्न थाल्यौं हामी। एकान्त परिवेश, प्राकृतिक पर्यावरणबिच हाम्रो हिँडाइ छिटो थियो। हामीलाई अनुमानित आधा घण्टाको समय लागेको थियो पुलसम्म पुग्नलाई। दायाँबायाँका मधुरा आकृतिहरू हेर्दै महाकाली करिडोरमा हिँड्दाको रमाइलो, आँखाले अनुभूत गरेका खुसीहरू म वर्णनै गर्न सक्दिनँ। रातको एकान्तको मज्जा लिँदै हिँड्न पाउनु, यस्तो अवसर हत्तपत्त कहाँ पाइन्छ र ! त्यसमा पनि हाम्रालागि दूरदराज र आक्कलझुक्कल पुगिने त्यो ठाउँमा। संयोगले जुर्ने यो अवसरको भरपूर आनन्द लिइरहेका थियौं हामी। दिनेशजी र लोकेशजीले बैतडीको नेपाली भाषिकामा गरेको कुराकानी सुन्दा मलाई अनौठो र रमाइलो पनि लागिरहेको थियो। मैले भनेँ, “तपाईंलेहरू मसँग चाहिँ नेपाली मानक भाषामै बोल्नुहुँदो रहेछ, अरूसँग चाहिँ कसरी बोल्नुहुन्छ ?” उहाँहरूले भन्नुभयो, ‘हामी अछामीलाई भेटे त्यहीअनुसार, गडवालीलाई भेटे त्यहीअनुसार, ....., बोल्छौं।’ हिन्दीजस्तो सुनिए पनि ती भाषा नेपालीकै उपभाषिका हुन् भन्ने कुरा उहाँहरूले बताउनुभयो। हामी पुलनजिकै आइपुग्नै लागेका थियौं। लोकेशजीले भन्नुभयो, “यो ठुलो क्षेत्रफलमा सुख्खा बन्दरगाह बन्दै छ, बनेपछि नेपाललाई धेरै फाइदा हुन्छ।” मैले महाकाली नदीतिर हेरेँ। अहँ! रातको अन्धकारमा निर्माणाधीन सुख्खा बन्दरगाहको कालोछायाँ मात्र देखेँ। मैले अनुभूत गरेँ, त्यो कालो छायाभित्र समृद्धिका अनेकन रङहरू मडारिरहेका थिए। पुलनजिकै आइपुग्नलाग्दा आएको आबाजले भने मनलाई बेस्सरी झस्कायो। लोकेश साउद भन्दै हुनुहुन्थ्यो, “यहाँबाट शुक्लाफाँटा वन्यजन्तु आरक्षण नजिकै छ, बाघ पो कराएको हो कि क्या हो ?” बाघको आबाज पनि त्यस्तै हुन्छजस्तो लागेको थियो मलाई। उहाँहरूलाई पनि त्यस्तै लागेको रहेछ। हामी डरले झनै आत्तियौं। महाकाली नदीतिर हेर्‍यो अँध्यारो देखिन्छ। अर्कोपट्टिको दृश्य पनि त्यस्तै। झाडी, खोँच, खाल्डाखुल्डीबाट फुत्त बाघ निस्कि पो हाल्ने हो कि ? भूतप्रेतप्रति त मलाई त्यति विश्वास छैन। अरू केहीसँग म डराएको थिइनँ तर आँखाको भ्रममा भएको बाघको विम्बले भने मन ढुकढुक भइरह्यो। पुलनेर पुग्दा एक हन्जा गाईबस्तु देखिए। बल्ल थाहा भयो,

अघि कराएका त तिनीहरू नै रहेछन् । अहिले पनि त्यस्तै आबाजमा ती कराइरहेका थिए । अब भने मन ढुक्क भयो, बाघसँग डराउनुपरेन ।


समय रातको ८.५० भएको थियो । हामी महाकाली नदीको पुलनजिकै थियौँ । त्यही वेला दोधाराचाँदनीतिरबाट एउटा मोटरसाइकल आयो । चालकले दुईजनालाई लान्छु भने तर हामी थियौँ तीनजना । दिनेशजी लोकेशलाई जाऊँ भन्दै हुनुहुन्थ्यो । उहाँले "यो रातको समय, उहाँलाई यो एकान्तमा एक्लै छोडेर म जान्नँ, तँ जा, हामी कुनै उपायले आउँछौँ" भन्नुभयो । उहाँहरू सँगै पढ्नुभएका साथी साथी हुनुहुँदो रहेछ । दिनेशजी हिँड्नुभयो । अब त्यो रातको सुनसानमा हामी दुईजना मात्र भयौँ । त्यही वेला महेन्द्रनगतिरबाट पछाडि बडेमानको भारी बोकेर एउटा मोटरसाइकल आयो । ती चालकले मोटरसाइकल रोकेर भने, "राति आपतमा पर्नुभएजस्तो छ, कहाँ पुग्नुपर्ने हो, सहयोग गर्नुपर्छ भने म गर्छु ।" भारी बोकेर दोधाराचाँदनी जाँदै गरेका उनलाई हामीले रोक्न ठिक ठानेनौँ र 'भैगो तपाईँ जानुस्' भन्यौँ । ती अपरिचित मान्छेले यो अप्ठ्यारो वेला यति भन्नु, यसको मूल्य ठुलो थियो । उनको हामीप्रतिको सदाशयतालाई मैले मनमनै भए पनि उच्चसम्मान दर्शाएँ । यही वेला मैले पारसजी र गोपाल बराल दाजुलाई 'हामी पुलको मुखैमा छौँ, गाडी रोक्न लगाउनू है' भनेर फोन गरेँ । अँध्यारोमा पुलको मुख भने देखिएन । मेरो अन्दाजले थोरै पश्चिमतिर हुनुपर्छ । त्यही वेला कार्यक्रममा गएकोमध्ये एउटा गाडी आयो । त्यसलाई हामीले परैबाट हातको इशारामा रोक्न लगाउँदा पनि नरोकिकन लग्यो । गोपाल दाजुले 'हामी कट्यौँ, ड्राइभरले गाडी रोक्न मानेन' भन्नुभयो । गाडीले नरोकेपछि लोकेश साउद ' गाडीलाई ढुङ्गाले हानूँ' भन्दै हुनुहुन्थ्यो । मैले ' हान्नुहुँदैन सर' भनेँ । लगत्तै प्रलेस कोषाध्यक्ष कृष्ण सुवेदी (भारद्वाज मित्र)को निजी कार आयो । मैले त्यसलाई रोक्न लगाएँ । म भन्दै थिएँ, "खाँदखुँद गरेर भए पनि त्यहाँसम्म जाऊँ न ।" कृष्णा सुवेदीले " अँटिँदैन, अच्युतलाई नै आपत पर्दो रहेछ" भनेर गाडी हुइक्याएपछि फेरि हामी एक्लै पऱ्यौँ । रातको सुनसान, महाकाली पुलमा अभर परेको साथीलाई सहयोग गर्नुपर्छ भन्ने नठानिएको महसुस भयो । यस्तै अनेक कल्पना गरेर मैले जीवनका अनेक रङहरू सोचिरहेँ । एक किसिमले सोच्ने हो भने त्यो रातको सन्नाटा, अपरिचित ठाउँ, बोर्डरएरिया हामी जहाँ उभिएका थियौँ मात्र दुईजना, निशाचरहरूको कल्याङबल्याङबाहेक सडक र अँध्यारो प्रकृति मात्र देखिन्थ्यो त्यहाँ । तर त्यस्तो अवस्थामा पनि मलाई रत्तिभर डर लागेको थिएन । त्यही वेला पारसजीले फोन सन्देशमा ' गाडी आइपुग्नै लाग्यो, हेर्नुस् है' भन्नुभयो । नभन्दै गाडी आइपुग्यो । हामीले हात उठायौँ । गाडीले अलि पर लगेर रोक्यो । हामी चढेपछि तीला लेकालीले भन्नुभयो, "मैले अच्युत भाइलाई देखेर ड्राइभरलाई सारो कराएर गाडी रोक्न लगाएँ ।" नानु दाहाल सुवेदीले पनि भन्नुभयो, "मैले अच्युत दाजुलाई देखेर गाडी रोकौँ भनेँ ।" ड्राइभरले यिनीहरूलाई एक छिन कुदाउनुपर्छ, अलि पर गाडी रोक्नुपर्छ भनेको कुरा यात्रुहरूमध्ये कसैले भन्दै हुनुहुन्थ्यो । यस वेला मैले सम्झेँ, सफा मनका मान्छेहरू पनि हामीकहाँ पाइन्छन् । मैले पारस ढकाल, तीला लेकाली र नानु दाहाल सुवेदीले मप्रति गरेको कर्तव्यभावलाई विशिष्ट मानवीय व्यवहारको रूपमा ग्रहण गरेँ र मनमनै उहाँहरूलाई धन्यवाद दिएँ । यस्तो आपतका वेला नै मान्छेले मान्छेलाई चिन्ने हो । यस्ता कुराहरू जीवनमा बिर्सन नसकिने कुराहरू बन्छन् । म गाडीमा चढेपछि जीवेन्द्र देव दाजुको फोन आयो, "कहाँ हुनुहुन्छ ?" मैले 'गाडीमा चढिसकेँ दाजु' भनेँ । अघि उहाँलाई मैले कृष्ण सुवेदीको कारमा देखेको थिएँ । उहाँको मनले मानेनछ, कारलाई फर्काएर उहाँ फेरि मलाई लिन पुलमा पुग्नुभएको रहेछ । म जीवेन्द्र देव दाजुको मप्रतिको चिन्तालाई मुक्तकण्ठले प्रशंसा नगरिरहन सक्दिनँ । बाटामा

हिँड्दै गर्दा मनमा अनेक कुरा खेलेर फेरि हामी तपाईँलाई लिन फर्कियौँ भन्ने कुरा जीवेन्द्र देव दाजुले 'हाम्रो भोजनालय'मा खाना खाँदै गर्दा भनेपछि मैले ती कुरा थाहा पाएको थिएँ । यही कुरालाई पुष्टि गर्न प्रलेस केन्द्रका सचिव कुशल बोगटीले पनि भन्नुभयो, "रातको समयमा त्यस्तो मसानघाटमा उहाँलाई बिचल्लीमा पार्ने हो ? भनेर कृष्ण सुवेदीलाई गाडी फर्काउन लगाएका हौँ ।" मान्छेको मन न हो, यो उहाँहरूको मप्रतिको कर्तव्यबोध मान्छेको मन कुनै एक ठाउँमा गएर पग्लिन्छ भन्ने कुराको ज्वलन्त उदाहरण थियो ।

अब हामी महेन्द्रनगर पुग्यौँ । दिनेशजीले आफूले चिनेको होटलमा गएर माछा पकाएर ल्याउनुभएको रहेछ । झोला थन्क्याएपछि म खाना खान 'हाम्रो भोजनालय'मा प्रवेश गरेँ । खाना खाएर सडकमा के निस्केको थिएँ लोकेश साउदसँग भेट भयो । उहाँहरूको योजना अर्कै रहेछ । त्यो रात उहाँहरू दुबैले खाना खानुभएन । लोकेशजीलाई मैले अघि नै महाकालीको माछा म पनि चाख्छु है भनेको थिएँ । उहाँले भइहाल्छ नि, एक केजीले चारजनालाई पुग्छ सर भन्नुभएको थियो । यही कारण पनि म माछा खान लोभिएको थिएँ । तीनजनाको जम्काभेटपछि हामी कोठा नम्बर ४०६ मा गयौँ, जहाँ उहाँहरू बस्नुभएको थियो । रातको ११ बजेसम्म हामी 'हाम्रो पाहुना घर'को कोठा नम्बर ४०६ मा महाकाली नदीका माछाको मिठो स्वाद लिँदै गफिएर बस्यौँ । अन्तर्मुखी दिनेश नागरी बिस्तारै खुल्दै हुनुहुन्थ्यो । म सोच्दै थिएँ, आनन्द लिने कुरा हो जसरी पनि लिन सकिन्छ । म त वैराग्य भएर बसेको वेला पनि त्यहाँ छुट्टै आनन्द भेट्छु । यस्ता कुराहरू मनले महसुस गरिने कुरा हुन् । केही छिनको कोठाको बसाइ, थोरै समयले जुराएको गाढा सम्बन्ध, मेरालागि सुदूर देशलाई बुझ्ने सुवर्ण अवसर, त्यो समयको एउटा अंश मेरो जीवनको अविस्मरणीय क्षण बनेर मनभित्र बसेको छ ।

*काठमाडौँ ।*





❖ नन्दलाल आचार्य

# पाँच मुक्तक

१

धोका दिएर उसले नयाँ पाठ पढाएर गई
अँध्यारो सुरुङबाट उज्यालो देखाएर गई
आँसु पुछेर आफ्नै खुट्टामा उभिनु छ अब
कमजोर ठान्नेलाई जिउने कला सिकाएर गई ।

२

चोखो यो मुटुलाई अर्कैको पाउमा चढाएर गई
भुमरीमा मलाई छाडी नयाँ संसारमा रमाएर गई
मान्ने छैन हार म त रच्ने छु नयाँ इतिहास
मलाई पछि पार्ने ऊ आफ्नै भाग्य गुमाएर गई ।

३

मनमा चोट दिई मेरो आफ्नो शान बढाएर गई
रुवाएर मलाई अर्कैको सिउँदो सजाएर गई
बदलिन्छ समय यो मेरो पनि पालो आउने छ
मलाई भत्काए पनि नयाँ उमङ्ग जगाएर गई ।

४

मुटुको एउटा कुना आगोविना नै डढाएर गई
सुन्दर ती यादहरू अतीतका भित्रै सडाएर गई
मान्दिनँ हार म खरानीबाटै फेरि ब्युँतिने छु
सधैँलाई सुताउन खोज्ने झन् मलाई जगाएर गई ।

५

स्वार्थ पूरा गर्न आफ्नो मलाई भुइँमा लडाएर गई
खुसी लुटेर सारा दुःखको भारी झन् बढाएर गई
उठेर ढलेको मान्छे शिखर चुम्न सक्छु फेरि
जिताउन मलाई ऊ हारको बाटो समाएर गई ।

*सिद्धार्थटोल, उदयपुर ।*

❑ निबन्ध

# गाउँको सेरोफेरोमा



❖ प्रदीप सापकोटा

म गाउँकै मान्छे । गाउँमै जन्मिएँ । त्यहीँ बामे सर्न सिकेँ । धर्मराउँदै, बल्ड्याङ खाँदै फेरि उठ्दै अनि धुलिमाटी खेल्दै हुर्किएँ पनि गाउँमै । अक्षरका कखरा जानेँ । मलाई माया गर्ने ममताका मनहरू थिए थुप्रै आफ्नोपनका भावहरू थिए । सलल बग्ने कञ्चन खोलाजस्तै जीवनको बहाब अघि बढ्थ्यो । सहयोगको चेतना मस्तिष्कमा बोकेर हिँड्थे गाउँलेहरू । पर्दा खनखाँचोमा चल्थे जिन्दगीहरू । परस्पर सद्भावमा रहन्थे सबका सब । आपसी सरसहयोग, भ्रातृत्व, विवेकका भावहरू हुन्थे गाउँलेहरूमा । केही पर्दा सहयोगी मन हुन्छन् भन्ने निश्चिन्ततामा बसिन्थ्यो । अरूको भलाइ कल्पिरहन्थे मनमा गाउँलेहरू । गरिबीको कहालीलाग्दो अबस्थाबिच पनि सुखका घाम ताप्थे। भनूँ आत्मीय प्रेमको फूल फुलाउँथे गाउँलेहरू। ईर्ष्या, लालच, डाह, लोभ र मोह कुन चरीको नाउँ हो थाहा हुन्थेन।

आँगनमा झुल्केघामले सिञ्चन गरेसँगै दैनिकी सुरु हुन्थे गाउँलेका । गाईगोठमा भकारोमा खेल्न पुग्थे । मेलापर्व, वन खेप्न जान्थे । पाखामा पत्कर सोहोर्थे । खनजोतले शारीरिक रूपमा वरिष्ठ उनीहरूलाई शारीरिक श्रम र मिहिनेत नगरी खान पुग्दैनथ्यो तैपनि खुसीका उडान भर्थे गाउँलेहरू । आर्थिक रूपमा निर्धन गाउँलेहरूको मन भने धनी थियो । श्रम र पसिनामा विश्वास गर्ने गाउँलेहरू पाखुरा बजार्नमा गर्व गर्थे । माटोको सुगन्ध लेपन गर्थे । आफैँले उब्जाएको अन्न, तरकारी र कन्दमूल स्वथ्यकर हुन्थ्यो । दुध, दही, मोही र घिउ कसको घरमा हुन्थेन र !

अरूलाई सहयोग गर्न जहिल्यै तम्तयार हुने मान्छेहरू, श्रममा विश्वास गर्ने श्रमजिवी मान्छेहरू। भयरहित गाउँ । अपराधविहीन गाउँ । स्थार्थरहित गाउँ। हल्लाको खेती नगर्ने गाउँ। नकारात्मक भ्रम छेर अरूको क्षति नगर्ने गाउँ। कोलाहलभन्दा पर शान्त र सुन्दर अर्गानिक गाउँ । व्यस्तता आफ्नै आफ्नै । कर्म आआफ्नै ! बहन्थ्यो उस्तै स्वच्छ, मन्द, चिसोहावा। कलकल बग्थे धारा र अर्गानिक फ्रिजको पानी पिउन पाइँने अनगिन्ती कुवा। सफा पानीसहित उस्तै शान्तढङ्गले बग्थे खोलानाला । फूलहरू फुलिरहेका हुन्थे मौसम मौसमका। फलहरू फलिरहेका हुन्थे लटरम्म । आहा ! हिजोको गाउँ पल्टाउँछु - नोस्टाल्जिक बनाउँछ।

पर्दा एकअर्काको गर्जो टार्ने त संस्कृति नै थियो । 'सहयोग गर्नुपर्छ, मिलेर बस्नुपर्छ'को दिव्यभावमा बाँच्थे । आडम्बर त उनीहरूको शब्दकोशमै थिएन। डर, त्रास र भय, चोरीचकारी थाहै भएन। यसैले ग्रामीण समाज सुरक्षित थियो। उनीहरू कसैका कुरा काट्दैनथे किनकि उनीहरूलाई सातुसामलको जोहो गर्नुपर्थ्यो। अरूको आलोचना गरेर बस्ने फुर्सदै कहाँ ! जमिन बाँझो थिएन, प्रत्येक खेतखलिहानलाई श्रम र सिपसहितको पसिनाले सिञ्चन गरेर ऊर्वर बनाउँथे । सुखका मझेरीमा आनन्दको ओछ्यान लगाएर सुत्थे। त्यही गुन्द्रुक र ढिँडो चौरासी व्यञ्जन हुन्थ्यो। 'हरियो वन नेपालको धन'ले सार्थकता पाएको थियो । लालीगुराँस र सुनाखरी फुलेर हरियालीबिचमा सौन्दर्य छरेको देख्दा आँखाले शीतलता महसुस गर्थ्यो, मनले आनन्द।

गरिब थिए, विवश थिए तर आदर्शवादी थिए गाउँलेहरू । सरलताका प्रतिमूर्ति उनीहरू शालीन थिए । दुःखहरूसँग जुध्दै, अभावसँग पौँठेजोरी

खेल्दै दुखेको घाउमा मल्हमपट्टी गर्ने बानी परेका गाउँलेहरू । सफा मन लिएर हार्दिकताको जीवन व्यतित गर्ने गाउँलेहरू । सदैव अरूको भलो र खुसी देख्ने बानी परेका गाउँलेहरू । बाँच्ने लालसा गर्दागर्दै जिन्दगी बितेको पत्तो नपाउने गाउँलेहरू । स्वार्थको लागि इमान बेच्न जान्दैनथे । गलत काम कसैले अराएपराए मान्दैनथे । निमुखा फसाउँन र स्वार्थ बजाउँन तिनले जान्ने कुरै भएन । सुखमा मात्तिने र दुःखमा आत्तिने बानी थिएन ।

डोरी बाट्थे । नाम्ला, दाम्ला र डोको बुन्थे । दुवाली थुन्थे खोलामा सजिलै र माछा मार्थे असला । चुलामा दाउरा बल्थ्यो र पाक्थ्यो बासनादार खाना । अगेनीमा झुम्मिन्थे चिसोबाट जोगिन साँझ, बिहान र पारिवारिक छलफल त्यहीँ हुन्थ्यो । बिजुलीबत्ती थिएन । टुकीबत्ती बल्थ्यो साँझमा । दीयोमा साँझको बत्ती जलाउँथे । प्रचलित मूल्यमान्यताका अनुयायी थिए । विभिन्न सांस्कृतिक पर्वउत्सव भइरहन्थे । स्थानीय मन्दिरमा विशेष पूजाआजा र जात्रा नहुने कुरै भएन । सबै भाषाभाषी, जातजाति र गच्छेअनुसार रीति धान्ने गर्थे । बनिबुतो गरेर छाक टार्ने चलन थियो ।

उनीहरूको गाउँ नै दुनियाँ थियो । दुःखका कैरनमा होस् या सुखका मुस्कानमा साथ हुन्थे एकअर्काका । जुनी नै अचम्मको थियो । संसार नै अर्को थियो । जम्काभेटमा हार्दिकता देखाउँथे । कहिले पहाड चढ्थे, कहिले बेंसी झर्थे । वनविहार त ठुलो कुरै भएन-घाँस दाउरा गर्नु परिगो । चौतारीहरू चिनेका हुन्थे समुदाय मिलेर । भारीहरू बिसाउने, शरीर सुस्ताउने अनि थकाइ मार्ने थलो, शीतल ताप्ने ठाउँ । देउराली पुज्थे । सिमबाट उम्रेको कलकल कुलोमा बाँसको धारो । त्यो धारोको पानी सिधै पिउँथे । पानीले अमृतसरि शरीरमा स्फुर्ती भर्थ्यो । बग्रेल्ती कुवा पनि थिए । गौचरनहरूमा गाईबस्तु चर्थे ।

भ्याउरे र दोहोरी, असारे गीतका भाका गुञ्जन्थे वनजङ्गल र खेतबारीमा । गीतको तालमा काम फत्ते गरेको पत्तै हुँदैनथ्यो । गोरु नारिन्थे, कुटो कोदालो चल्थ्यो, यन्त्रवत चल्थे मान्छेका हातहरू । मिसावट खाना घरमा पाक्थेन । त्यही भएर कडा र असाध्य रोगहरू लाग्थेनन्, हृष्टपुष्ठ थिए तर अहिले त्यो गाउँको सुन्दर तस्बिर उप्काएका छौँ । परिश्रमले पसिना सिंच्ने कुरा एकादेशको कथा भएको छ । शान्ति र खुसी कहाँ बिलायो पत्तो छैन ! डग्मगिएका छन् गाउँलेहरू । गाउँको अर्ग्यानिकता अप्राकृतिक चिजबीजहरूले निलिदिएको छ सुलुत्तै । विसर्जन भएका छन् हिजोका सबै कुराहरू इतिहासका गर्भमा बिलाएर । गाउँ मानसिक रूपमा असन्तुलित भएको छ । भत्किएका छन् आस्थाहरू परिणत भएर भग्नावशेषमा । गोरेटो र घोडेटाहरू सुविस्ताको नाउँमा बिलाएका छन् चौंडा सडकको रूपमा । कोतरिएको छ, जमिनलाई कोपरिएको छ डोजर र स्काभेटर लगाएर । जताततै गएका छन् पहिराहरू । धस्सिएको छ उब्जाउयोग्य धर्ती । पाखापाखामा उड्ने भुइँकुहिरो उड्दैन अचेल प्रदूषित वातावरणले । गौचरनहरू हराए लोभले अतिक्रमणमा परेर । चउरहरू मिचिए सधिँयारले च्यापेर । मानिँदैनन् परम्परागत मूल्य र मान्यताहरू पश्चिमा संस्कृति भित्रिएर । लोकभाकाहरू गुञ्जिदैनन् अहिले छाडा गीतले खर्लप्पै निलिसक्यो । आत्मीयता, आफ्नोपन, सहयोग सबै मरिसक्यो स्वार्थले घर गरेर । खोलानाला सुकिसके फोहोर, अतिक्रमणले । वन फँडानी भइसक्यो, उजाडिए वनपाखा तस्करी गरिए काठ । लालसा बढ्यो, चोरीचकारी बढ्यो यति मात्र कहाँ हो र अपराध पनि बढ्दै छ धनी हुने लालसाले ! उब्जनी हुन्न परम्परागत बिउविजन लाउँदा । विषादीरहित कुरै छैन । फल्दैन माटोमा केही विनाविषादी । माटोको ऊर्वरा सकिएको छ ।

म भ्रममा छु । हिजोजस्तो कहाँ हुनु आज । सुखका छिचिमरा निमोठिएको वेला अहिले । आफ्नो दुनो सोझ्याउने समय अहिले । उफ् यो समय ! हेर्छु आकाश हिजोजस्तो सफा छैन । मौसम हिजोजस्तो वातानुकूलित छैन । प्रदूषण छ हरचिजमा मान्छेको खाना, चिन्तन, सोचमा जस्तै । भविष्य हेर्छु बञ्जर होला भन्ने लाग्छ । कामकाजीको जमाना होइन हिजोजस्तो, अहिले त कामचोरीको जमाना । आफ्नो स्वार्थ पूरा गर्‍यो बस भइहाल्यो ।

कस्तो नराम्रो रङमा सिँगारिएको छ गाउँ । उस्तै


छन् अहिले गाउँलेहरू । हिजोका प्रियवस्तु आज अप्रिय लाग्न थालेका छन् । लाग्छ, नाटकीय रूपमा फेरियो गाउँ र उस्तै गरी फेरिए गाउँलेहरू । यो समय स्वार्थको पछि लाग्दो रहेछ । फलामलाई सुन बनाउने युग रहेछ यो । हिजोको व्यवहारको महत्ता आज धेरै कमजोर भएको छ । जालझेल र कपटमै रमाउनथालेको छ गाउँ । यस्तै छन् गाउँलेहरू । आदत र व्यवहार आकाश र धर्तीजस्तै फरक । विल्कुल विपरीतार्थक । पाखा पखेरा उजाड छन् । उजाड छन् बस्तीहरू र उस्तै उजाड गाउँलेका मनहरू । हिजोको कुरा सम्झाए मात्र उनीहरूलाई बकबास लाग्ने भइसक्यो । अरूको उछित्तो काट्दा खुसी हुन्छ मान्छे आज !

सुखको खोजीमा सहर पसे गाउँलेहरू । विदेश भासिए युवाहरू । गाउँ गाउँ रहेन । रित्तो छ बस्ती । जमिन बाँझो बनेको छ । बेसाएर खाने संस्कृति हाबी भएको छ । आत्मिक छैन मन मान्छेको । भित्रिएका छन् अनेकानेक विकारयुक्त संस्कृति । जिब्रो फड्काएर खाने यत्न गर्छन्, मिहिनेत गर्दैनन् । स्थार्थको जञ्जाल बाक्लै जेलिएको छ आजकाल । आजकल स्वार्थ लुट्न शिर झुकाउनेको कमी छैन गाउँमा । हिजोको गाउँ खिएको छ, धस्सिएको छ, फाटेको छ धाँजाधाँजा परेर । विनासङ्कोच भन्न सक्छु उजाडिएको छ, उदास भएको छ । कसैको दुःखमा कोही दुःखी हुँदैन । कसैको घाउमा कसैले मल्हमपट्टी लाउँदैन । गाउँ त व्यापारीको पसल भएको छ । किनबेच र खरिदबिक्री हुन थालेको छ हरचिज । हिजोको परिचय मेटाएको छ गाउँले । टोलाएको छ गाउँ एकतमास खिन्न मनले । उस्तै छ उदासी उदासी । नरमाइला दृश्यहरूले गाँजेको छ पूरै गाउँलाई । ऊ आफैँ त खुसी छैन अरूलाई कसरी देओस् खुसी ! खण्डित छ गाउँको भूगोल । विभिन्न वादले पनि मज्जैले प्रभावित छ । छिमेकी, आफन्त, मित्रजन सबै सबै आआफ्नै धुनमा छन् । वास्ता छैन कसैलाई कसैको । मरिसकेको छ मानवता । फराकिला छाती एकाधमा बाहेक पाइँन्न । समवेदनामा कसैको आँसुसम्म झर्दैन । मानवता त मरिसकेको छ । दुःखीको पुकार कसैले सुन्दैन । स्वार्थले ठुलो आकार ग्रहण गरिसकेको छ । सहरको हावा सरुवा भयो गाउँमा ।

बदलिएको छ सबैको स्वभाव । दैनिकीमा पनि फेरबदल भएको छ । कोही छैन भने हुन्छ सहृदयी आजकल । अरूको प्रगतिमा आहारिस गर्ने प्रवृत्ति बेस्स्मारी छ । मान्छे उस्तै अभिमानी भएको छ । घाम घामजस्तो छैन । समय उदास उदास छ । मौसम उदास उदास । म कसरी बताऊँ साथी गाउँको सेरोफेरोको परिवर्तित स्वरूप ? हिजोका यादका दहहरूमा पौडनुबाहेक केही रहेनन् । रोपिएको छ विषवृक्ष कहाँ फल्छ त अमृत ! हिजोको स्वर्गीय आनन्द र वैभव आज कहाँ ! यही हो मित्र आजको गाउँ र गाउँलेहरूको अवस्था । सामाजिक विसङ्गतिमा रमाउने भइसक्यो मान्छे । विवेकलाई थिचेर मार्ने भइसक्यो आजको मान्छे । जलेर खाक भइसक्यो हिजोको आदर्श । भौतिक विकासको नाउँमा, सुविधाको नाउँमा अनि सभ्य बन्ने नाउँमा हिजोको गाउँको प्राण मरिसक्यो । कर्मशील जीवन जिउनेहरूको कथा कता कता हराइसक्यो । कसले गर्‍यो यस्तो ! किन भयो यस्तो जवाफ छैन । निरुत्तर छु म ।

*पनौती, काभ्रे ।*

**हार्दिक श्रद्धाञ्जली**



**गोपाल काफ्ले**

**निधनः १७ जेठ २०८४**

**कीर्तिशेष स्रष्टाप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौँ । साथै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनहरूप्रति हार्दिक समवेदना प्रकट गर्दछौँ ।**

**शब्द-संयोजन परिवार**

# 'व्यवस्थाको कन्चट'लाई नियाल्दा




❖ डा. घनश्याम न्यौपाने 'परिश्रमी'

भर्खरै पढेर सकेँ 'व्यवस्थाको कन्चट' (२०८२) नामकृत कवितासङ्ग्रह । प्रगतिवादी चेतना र चिन्तनका कवि तथा लेखक जगदीशचन्द्र भण्डारी (यद्यपि पुस्तकमा भण्डारी लेखिएको छैन)द्वारा समग्रतः मुक्तलय विधि वा शैलीमा विरचित फुटकर कविताहरूको सङ्गृहीत कलेवरका रूपमा यो कृति पाठकलोकमा आएको छ । एकसय चौरासीवटा गद्यकविताको यस सङ्कलनमा रहेका धेरैजसो रचना मार्क्सवादी सौन्दर्य शास्त्रीय मान्यतालाई आत्मसात् गरेर रचिएका छन् । मार्क्सवादी नेपाली समालोचनामा समेत सक्रिय रहँदै आएका जगदीशचन्द्रको सिर्जना आरम्भ कविताबाट भएको देखिन्छ । यिनका कविता, समालोचना, निबन्ध, बालसाहित्य र अनूदित खालका विभिन्न कृतिहरू प्रकाशित छन् । वर्तमान जन्मन खोजिरहेछ (२०३९) र मुक्तिक्षेत्रको यात्रामा (२०४८) यिनका प्रारम्भिक चरणका कविताकृति हुन् भने प्रस्तुत व्यवस्थाको कन्चट काव्यिक चेतको परिपक्वतापछि जन्मिएको कविताकृति हो । यीबाहेक मेरा आँखामा तानाका कथा र जमर्काहरू (२०४०), साहित्य चिन्तन र विवेचन (२०५०), प्रगतिवादी नेपाली कविता : रेखाङ्कन र विश्लेषण (२०५५), पृथक् सिर्जन : पृथक् निरूपण (२०६०), सौन्दर्यको भूमिका (२०६५), सौन्दर्यको अन्वीक्षण (२०७५) आदि यिनका सिद्धान्त र समालोचनाका कृति हुन् । अँध्यारोमा चल्मलाएका शब्दहरू (२०४७) यिनको निबन्धसङ्ग्रह हो भने आँखाका यी नानी (२०५९) बालबालिकाका लागि रचिएका रचनाहरूको सङ्कलन हो । यसरी नै यिनले केही कृतिहरूको अनुवाद र केहीको सम्पादन पनि गरेका छन् । त्रिभुवन विश्वविद्यालयसेवामा नेपाली विषयका प्राध्यापक रहेका यी प्रगतिवादी नेपाली कवितामा विद्यावारिधि उपाधिधारक प्राध्यापक हुन् ।

यस कृतिअन्तर्गतका अधिकतर रचनामा नेपालमा चलिआएको व्यवस्थाप्रति असन्तुष्टि मुखरित भएको दृष्टिगत हुन्छ । यी रचनामा कविको मानसिक सन्तुष्टिका भावहरू कतै झल्किएको आभास हुँदैन । के भइरहेछ शीर्षकको कविताबाट आरम्भ भएको यो कृति विद्रोहको पूर्णविराम हुँदैन शीर्षकको कवितामा पुगेर समापन भएको छ । दुईवटा कविता एक पृष्ठमा अटाएका छन् भने तीन पृष्ठमा फैलिएको एक मात्र कविता छ । यसरी नै यसमा दुई पृष्ठमा रहेका कविता चार थान मात्र छन् । अरू सबै कविता एक एक पृष्ठमा समाविष्ट छन् । एक पृष्ठअन्तर्गतका धेरैजसो कविता दुई कोलममा रहेका छन् । यी कवितामा शीर्षकको चयन सामान्य ढङ्गले गरिएको छ । पाँचवटा शीर्षक हो, र, म, यी र होस् औच्चारिक एकाक्षरी शब्दका छन् भने भ्याँभ्याँ, खोजी, गुफा, हामी, अर्थ, सत्ता, भाषा, अर्थ, भाग, आओ, त्यो जो, सत्ता, चाह, खुसी, दाँत, घात, म त, क्रूर, गाह्रो, शब्द, डर, कि कि, लाग्छ, मृत्यु, मार, मुक्ति, तन्त्र, वाक्य, को हौ ?, रोगी, बाटो, आँखा, खुसी, लास, उल्टो र धोखासहित सैँतीसवटा लेख्य दुई अक्षरी शब्दका छन् । यसरी नै संयुक्त र हलन्त लेख्य शब्द 'भन्छन्' एक मात्र दुई अक्षरी रहको छ । लेनिन, संसद, स्खलन, मलाई, भुतज, के थाहा, के छ हँ !, कहिले, समय, यो जो छ, भत्काई, पुनरा, जङ्गल, ओ दिल, कसरी, कहिले, जुलुस, साधना, चुनाव, अत्यास, त्यो ठाउँ, के होला, दुस्मन, नमुना, आउनुस्, होला नि, फरक, सहिद, भन्दै छु, टाउका, गुलाम, फरक, को हुँ म, कसैले, दर्शन, विद्रोह, संसद, र बेकारसहित अडतिसवटा लेख्य तीन अक्षरी शब्दका शीर्षक छन् । यस्तै रह्यो, हिजोआज, निरन्तर, निर्मानव, यतै कतै, यस्तै हुन्थ्यो, विस्फोटन, म त्यहीँ छु, बैरीसँग, हामीसँगै,

सत्ता खेल, स्वप्नपथ, कस्ता कस्ता, मुक्तिप्रेम, आगो प्रेम, उल्टो गीत, ओ खच्चड, उस्तै उस्तै, उत्पादन, निरन्तर, प्रिय कवि, मजदुर, स्वप्न अर्थ, पहिले पो, उनीहरू, तिमीसँग, जबसम्म, भन्दा भन्दै, आउने छ, विपर्यय, के के देख्यो र विचलनसहितका बत्तिसवटा शीर्षक लेख्य चार अक्षरी शब्दका छन् । यसरी नै केही न केही, तिम्रो नाउँमा, युगको जाँतो, बिग हाउस, पानीको लय, आँखाको गीत, लैलाखालिद, प्रिय ख्रुस्चेभ, मानिस हुनु, सत्ता शासक, राम्रो लाग्दैन, संसदवादी, यस बखत, ओ ! स्वप्नहन्ता, चुनाव रोज्यो, यान्त्रिक फूल, ओ ! धोखेबाज, के हुन्छ कुन्नि, कसले भन्यो, के छ र भन्नु, हत्या विरुद्ध, कसैको लागि, र विद्रोहसँगैसहितका तेइसवटा शीर्षक लेख्य पाँच अक्षरी शब्दका छन् भने के भइरहेछ, प्रतिक्रान्तिकारी, कमेन्ट गर्नुहोस्, तिनी बुढिरी हुन्, पहिले पहिले, दलालीको भाषा, म तापिरहन्छु, करिब करिब, आगोमा कविता, आँसु र रगत, धोखेबाजहरू, हिँड्दा हिँड्दै, प्रतिक्रियावादी, रत्यात्मक स्थल, केही त गर्नु छ, हामीलाई न छ, समय प्रहार, अप्रिय शासक, र हजुर सांसदसहितका उन्नाइसवटा शीर्षक लेख्य छ अक्षरी शब्दका छन् । व्यवस्थाको कन्चट, घाउको सरबत, बयलगाडालाई, म एउटा दलाल, कवि र क्रान्तिकारी, पाँच पाँच वर्षमा, पहिले र अहिले, जादुमा हराउँछु, जहाँ थियौँ पहिलेसहितका आठवटा शीर्षक लेख्य सात अक्षरी शब्दका तथा उनीहरू प्रतीक हुन्, लोकतन्त्रका नाउँमा, कसको हो कारखाना, संसद र बहिष्कार, संसार रहँदासम्म, बिकिसकेको सामान, रूपवादका विरुद्धसहितका सातवटा शीर्षक लेख्य आठ अक्षरी शब्दका रहेका छन् । केही बेर इच्छुकसँग नौअक्षरी, विद्रोहमा पूर्णविराम हुँदैन बार अक्षरी छ भने सबैभन्दा लामो स्पाटार्कस ! तिमी यति वेला हाँस्नुहुन्न चौध अक्षरको छ । यसरी यस कृतिअन्तर्गत एकाक्षरीदेखि बार अक्षरसम्मका शीर्षक रहेका छन् । यिनमा तिनी बुढिरी हुन्, म तापिरहन्छु,, स्पाटार्कस ! तिमी यति वेला हाँस्नुहुन्न र विद्रोहमा पूर्णविराम हुँदैन यी चारवटा वाक्यात्मक शीर्षक रहेका छन् ।

रचनामा प्रयुक्त भाषा सरल छ । गहिरो अनुभूतिका भावहरूलाई यी रचनामा सरल शब्दमा अभिव्यक्त गरिएको पाइन्छ । यसको उदाहरणका लागि यी पङ्क्ति द्रष्टव्य छन्-




*मेरो शासकलाई*
*के रोग लागिरहेछ कुन्नि*
*अनेक थरी*
*भाउँतो गरिरहेछ,*
*किन कोही*
*यसका विरुद्ध*
*अन्तिम गोली चलाउँदैन । (के भइरहेछ, पृ.१)*

पुरानै शैलीमा शासन चलाइरहेका बुर्जुवा गणतन्त्रका शासकहरूप्रति कविले विभिन्न रचनामा व्यङ्ग्य प्रहार गरेका छन् । प्रतिक्रान्तिकारीहरूको चरित्र उपर कटाक्ष पनि यी कवितामा गरिएको छ । विचारको हत्यापछि शासक बनेका नेताहरूप्रति चेतावनी दिइएका रचना पनि यसमा छन् । सांसद र सत्तासीनहरूलाई भेडासँग तुलना गरिएको छ । कविमा परिवर्तनको आभास नभएको अनुभूति छ । युद्ध रोकिएको छैन भन्दै विद्रोही चेतनाको पक्षमा कवि यसरी बोल्छन्-

*ओ! मेरो लेनिन*
*यो शोषणको दलदलबाट*
*ब्वाँसाहरूको शासनबाट*
*दुनियाँ र मानिस*
*मुक्त नहुँदासम्म*
*अक्टोबर क्रान्तिको गीत*

*गाइरहन्छु, (लेनिन, ६)*
*मानिसहरू*
*विद्रोहलाई*
*म्वाइँ खान थालेका छन् (खोजी ? ७)*

कवि भन्छन्, आत्मसमर्पण गरेका विचारबाट स्खलित र विचलितहरू गुफाभित्र रहेर सत्ता चलाउँदै छन् । उनीहरू धोखेबाज हुन् । विकृति र विद्रूपताको चित्रण गर्दै सांसद र संसदीय व्यवस्थाप्रति कविले आक्रोश ओकलेका छन् । मान्छेलाई गुलाम बनाउने धर्म, संस्कृति र संस्कारको विरोध गरेका छन् । अत्याचारी शासकहरूलाई उज्यालो खाने मानिस भनेका छन् । भ्रमको राजनीति गर्नेहरूको चरित्र देखाएका छन् । स्वाभिमान गुमाएकाहरू राष्ट्रभक्त बनेका छन् भन्ने कुरालाई कवि यसरी भन्छन्-

*एउटा सिन्का*
*मुलुकका नाउँमा*
*नभाँचे पनि*
*राष्ट्रभक्त बन्नुस् (कमेन्ट गर्नुहोस्२६)*

कवि परिवर्तनको पक्षमा स्वाभिमान जोगाउँदै आबाज उठाउनु जरुरी देख्छन् । उनको यस संसदीय व्यवस्थाप्रति तीव्र असन्तुष्टि छ । कविको यस व्यवस्थाप्रतिको आक्रोश र मुक्तिको चाहना यी कवितांशमा यसरी पोखिएका छन्-

*म भने भोकको कुरा गर्छु*
*उज्यालोको कुरा गर्छु*
*रोगी व्यवस्थाको कन्चटमा*
*एकैचोटि हान्ने कुरा गर्छु (व्यवस्थाको कन्चट, ३०)*
*मुक्तिको आख्यानमा*
*जमानादेखि म*
*त्यसैलाई गाइरहेको छु*
*अनि जीवनको सत्यलाई*
*आँखाको गीत बनाई*
*म आफैँ गाइरहेको छु ( आँखाको गीत, ३६)*

*मुक्तिको मिठो सपना*
*पाउन सकिन्छ*
*लडेर मात्र*
*अन्तिम यद्ध (समय, ४४)*

*आउनुस् मानिस*
*हातमा एउटा एउटा*
*ढुङ्गा बोकूँ*
*र फुट्ने गरी हानूँ*
*फुटाइदिऊँ*
*तिनको सत्ताको*
*पुरानो दरबार (सत्ता खेल, ४९)*

माओवादी जनयुद्धको अवसानपछिका गतिविधिहरू जनहितमा लागू हुन सकेनन् भन्ने कविका बहुल धारणा पनि यी कवितामा अभिव्यक्त भएका छन् । संसदीय व्यवस्था साधारण जनताको पक्षमा हुँदैन । यसले गरिबहरूको पक्षपोषण गर्दैन । अतः जनवादी व्यवस्था लागू नभएसम्म विद्रोह भइरहन्छ, युद्ध चलिरहन्छ । कवि माओवादी जनयुद्धका नायकहरूलाई सम्बोधन गर्दै भन्छन्-

*बुझाएर लालसेना*
*सुम्पेर आधार इलाका*
*ओ मेरो मित्र!*
*कसरी, कुन आँट*
*कुन विवेक-विचारले*
*सहिदको सपनामाथि*
*बन्चरो चलायौ ?*
....................
*कसरी निदाउन*
*सकेका छौ*
*संसद्को तबेलामा ? (कसरी, ५८)*

*आउनोस्*
*भत्काऔँ*
*यसका सबै दर्प र अहम्लाई (लोकतन्त्रका नाउँमा, ७०)*

*परतिर भने*
*हिजोको युद्धको घाइते*
*कुरूप संसद्मा*
*आगो झोस्ने*
*र उज्यालो बाल्ने कुराको*
*मन्त्रणामा मग्न छ (संसद, ८०)*

*तपाईँ, म अनि*
*हामी सबैले*
*रात र संसद्*
*चिर्ने र काट्ने*
*हतियार बनाउनु छ (धोखेबाजहरू, १०१)*

स्वार्थीहरूप्रति व्यङ्ग्य गरिएका रचना पनि यसमा रहेका छन् । विचारबाट विचलित स्वार्थीहरूले आफूलालाई समाजवादी भन्छन् तर ती

समाजवादका पक्षपाती हुनै सक्तैनन् । बरु उनीहरू दास हुन्छन् । यस्तै भावका यी हरफ हेरौँ-

*घाँस खाऔँ*
*कुँडो खाऔँ*
*गणतन्त्रको नयाँ*
*पर्व मनाऔँ (चुनाव, ८२)*

*दुनियाँका दासजस्तै*
*हामी गुलाम हुन पाउँदा*
*खुसी भएका छौँ (खुसी, ८६)*

*संसदीय मलमा*
*यो सुँगुरको खोरमा*
*अब म तपाईँहरूलाई*
*बिलाउन चाहन्छु*
*र सुँगुर बनाउँछु (अन्तिम कविता, ९३)*

*बजारमा*
*गुलाम बनेँ*
*आफैँलाई आफ्नो*
*दुस्मन ठान्न थालेँ*
*गुलामतन्त्रलाई नै*
*गणतन्त्र मानेँ (म, १४४)*

यी कविताअन्तर्गत कतिपय रचनामा संसदीय व्यवस्थाको निर्वाचन प्रणालीप्रति कविका असन्तुष्टिका स्वरहरू गुन्जिएको पाइन्छ। मार्क्सवादी हुँ भन्ने नेताहरूले गरेका राष्ट्रघाती सन्धिहरूप्रति पनि कविको मन आक्रोशित दखिन्छ। उदाहरणहेतु द्रष्टव्य छन् यी पङ्क्तिहरू-

*हिम्मत नगर्दासम्म*
*फेरि पनि हामी*
*पाँच पाँच वर्षमा*
*नयाँ दास भइरहन्छौँ (पाँच पाँच वर्षमा, १३०)*

*यो जो हुँदै छ*
*चुनावसुनाव कसैका लागि*
*हामी भने*
*त्यत्तिकै नीरस*
*मादकतामा मत्त छौँ (कसैको लागि, १६३)*

*रूपमा मार्क्सवादी*
*तर हुँ मिथवादी*
*महाकालीजस्ता*
*थुप्रै गरैँ सन्धि घाती (गुलाम, १३९)*

*कविको मजदुरहरूप्रतिको मार्मिक श्रद्धाभाव यी पङ्क्तिहरूमा यसरी अभिव्यञ्जित भएको छ-*

*लिपिमा नलेखिएको*
*एकदम सानदार*
*सुन्दर कलङ्करहित*
*सभ्यताको अप्रतिम शब्द*
*छ भने कुनै*
*त्यो शब्द हो मजदुर (मजदुर, १०४)*

यस कृतिमा निरन्तर, सत्ता, संसद्, खुसीलगायतका शीर्षकहरूको पुनरावृत्ति भएको छ, यद्यपि रचना भने फरक फरक छन् । कतिपय पृथक् पृथक् शीर्षकका कविताहरूमा कथ्य र भावको आवृत्ति देखिन्छ। कृति प्रकाशनपूर्वका मुद्रणाक्षरमा सम्यक् दृष्टि नपुगेर हुनसक्छ, कतिपय रचनाका शब्दहरूमा वर्णविन्यासगत त्रुटिहरू देखिन्छन् । केही रचनामा प्रतीकात्मकता र व्यङ्ग्यात्मकता पनि पाइन्छ । समग्रतः यी कविता सहजबोध्य छन् । कविताका शीर्षकहरू पनि सामान्य प्रतीत हुन्छन् ।

यस सङ्कलनअन्तर्गतका सबैजसो रचनामा मार्क्सवादी सौन्दर्यशास्त्रको सबल छाप छ भने आमूल परिवर्तनको अपेक्षा र आग्रह तथा विद्रोही चेतनाको जागरण पनि छ। कविले अधिकांश रचनामा सामन्ती प्रथा र संसदीय प्रणालीप्रति 'खसीको टाउको देखाई कुकुरको मासु बेच्ने व्यवस्था' भन्दै वितृष्णा र असहमति जनाएका छन् । परिवर्तनको आभास छैन, यसर्थ सङ्घर्ष जारी छ भन्ने भावका रचनाहरूको समाविष्टि यस कृतिमा छ । प्रतिक्रान्तिकारीहरूलाई कविले विचारका हत्यारा भनेका छन् । यी रचनामा पुरानै शैलीमा शासन चलाइरहेका बुर्जुवा गणतन्त्रका शासकहरूप्रति व्यङ्ग्य प्रहार गरिएको छ। मान्छेलाई गुलाम बनाउने धर्म, संस्कृति, संस्कार आदिप्रति तीव्र विरोध छ । प्रगतिवादी अर्थात् मार्क्सवादी विचारबाट विचलित नेताहरूप्रति कविको वितृष्णा र आक्रोश मुखर भएको पाइन्छ। अन्तिम कवितामा कविले विद्रोहमा पूर्णविराम हुँदैन भनेका छन् जुन यथार्थ पनि हो । वस्तुतः समसामयिक नेपाली प्रगतिवादी चिन्तनको काव्यिक संसारमा यस कवितासङ्ग्रहलाई एउटा महत्त्वपूर्ण उपलब्धि मान्न सकिन्छ।



❖ हिरा खड्का अधिकारी

# हामी फेरि भेट्ने छौँ

हामी फेरि भेट्ने छौँ
कुनै वर्णनातीत आविर्भाव लिएर उदाउने छौँ
नियतिको जटिलता पार गर्दै जूनताराझैँ
उज्यालो भित्र्याउँदै
हामी फेरि भेट्ने छौँ ।

नश्वर देह त्यागेर
नयाँ देह, नयाँ श्वास, नयाँ अनुभूति लिएर
तिमी पुनः उज्ज्वलित हुने छौ
म शान्तिको अनन्त दीपझैँ
तिम्रो यात्रामा हिँडिरहने
मौन सहयात्री बन्ने छु
चेतनाको उद्वेगभित्रका रहरहरू
प्रफुल्लित हुने छन्
अधुरा सपनाहरू पूर्ण भएर
मुस्कुराउने छन्
चाहनाहरू फेरि बौरिने छन्
हामी फेरि भेट्ने छौँ ।

कर्म, भाग्य र समयको त्रिवेणी
एउटै सङ्गममा भेटिँदै
वियोगान्त प्रेम नयाँ सूत्रले गाँसिने छ
र जन्मने छ जीवन्त साइनो
हामी फेरि भेट्ने छौँ ।
युगप्रवाहको अनन्त वृत्तभित्र
एक जोडी वर र पिपल अङ्कुराउने छन्
स्मृतिको चौतारी
दार्शनिक मौनतामा फैलिने छ
शब्द बनेर लेखिने छ प्रेमको इतिहास
र अनित्य संसारका बिच
अनश्वर रहने छ
हामी फेरि भेट्ने छौँ ।

हामी भौतिक सूत्रले होइन
आत्मतत्त्वले बाँधिने छौँ
सतिसालझैँ अडिग भएर
हाम्रो अस्तित्व समयभन्दा
परसम्म टिकिरहने छ
प्रत्येक मोडमा
हामी एकअर्काको मौन प्रतिध्वनि भई
युग युग बाँचिरहने छौँ
हामी फेरि भेट्ने छौँ ।

निःस्वार्थ प्रेम कहिल्यै अन्त्य हुँदैन
आत्माले चौरासी जुनी फेरोस्
जन्ममृत्युको चक्र घुमोस्
तर मिलनको आध्यात्मिक सूत्र
कहिल्यै चुडिने छैन ।
म तिमीभित्र गुलाफझैँ फुलिरहने छु
तिमी मेरो अन्तर ब्रह्माण्डमा
प्रकाश बनेर हुर्किरहने छौ
अन्ततः समयलाई, नियतिलाई
अस्तित्वका सबै सीमारेखालाई
पराजित गर्दै
हामी अवश्य भेट्ने छौँ ।

*मोरङ ।*



❖ सानुराजा श्रेष्ठ अञ्जान

# मलाई वसन्त मन पर्दैन

अनायासै घनघोर पानी पर्नथाल्यो
यो वसन्त हो,
जो आफ्नो रङ देखाउने गर्छ
स्वयम्मा स्वपीडक र परपीडक हुने गर्छ
ऊ नाङ्गेझारबाट क्रमशः
पालुवा हाल्दै रमाउँछ
र असम्पन्नताको शिशिर भोगेकोमा
विद्रोह ओकल्छ
वसन्त-मौसमभरि आन्दोलन गर्छ/झर्छ
र प्रकृतिलाई पनि झार्न खोज्छ।

क्रमशः वसन्तमा अहम् बढ्दै जान्छ
यसरी वसन्त आफ्नो स्तर देखाउने गर्छ
खै किन हो!
फूलको ऋतु भए पनि
हरियाली छाए पनि
म वसन्त मन पराउँदिन
मनमा आकाङ्क्षाहरू हुन्नन्
उराठ मरुभूमि हिँड्छु म
त्यसैले म वसन्त मन पराउँदिन।
मलाई त्यही शरद मन पर्छ
गम्भीर, सौम्य र स्निग्ध ऋतु मन पर्छ
जस्तै मलाई सिद्धार्थ मन पर्छ
गौरीबाट विछोडिनुको पीडा भोग्ने
माधव घिमिरे मन पर्छ,
मलाई श्वेतकेश भएका
कवि व्यथित मन पर्छ
र मलाई मुनाबाट देशप्रेम सिकाउने मदनको
रूप 'लक्ष्मीप्रसादहरू' मन पर्छ।

वसन्त जो समयलाई चिन्दैन/बुझ्दैन
युगलाई सम्झिँदैन
र आफ्नै संरचना प्रकृतिलाई बुझ्दैन
उसले कुमालेको चक्र के बुझोस्
त्यसैले मनमा गर्व लिएर हिँड्ने
मलाई वसन्त मन पर्दैन
मलाई कोमल मन, विशाल छाती बोक्ने
र मानवतावादी कवि लक्ष्मीप्रसादहरू मन पर्छ।

*anjaan143@gmail.com .*



❖ डा. हरिप्रसाद सिलवाल

# फूल, मान्छे र देश

मलाई फूल फुलेको देश मोहक लाग्दछ
फूल र मान्छे हाँसेको देश सौन्दर्य लाग्दछ।

देशका पनि आयाम धेरै, विचार धेरै छन्
फूलका पनि उद्यान धेरै, सौन्दर्य धेरै छन्।

मानिससित दर्शन चेत चैतन्य धेरै छन्
दर्शनपिच्छे विचार धेरै, सौन्दर्य धेरै छन्।

पसिना धारा बगाई बाँच्ने मानिस फूल हुन्
पसिना सोस्दै मोटाई हाँस्ने फूलका सूल हुन्।

उद्यानभित्र कोपिला फुल्छ प्रकृति रमाई
मानिसभित्र मानिस फुल्छ समता समाई।

अन्यायभित्र न्यायको फूल फुलाई बाँच्नु छ
आँधी र हुरी परास्त गरी गतिमा बाँच्नु छ।

कर्तव्यसँगै फुलेको फूल रङ्गीन पार्नु छ
देशका बैरी जुका र किर्ना शून्यमा झार्नु छ।

मलाई फूल फुलेको देश मोहक लाग्दछ
फूल र मान्छे हाँसेको देश सौन्दर्य लाग्दछ।




❖ लुमन्ती चित्रकार

# नथाकेका हातहरू

कसैका औँलाहरू
किबोर्डका किहरूमा नाच्छन्
र फाइलभित्र सपना सजाउँछन्
कसैका हत्केलाहरू
फलामका लिभरसँग पौँठेजोरी खेल्दै
समृद्धिको चक्र घुमाउँछन्।
कसैको मसीको थोपाबाट भविष्यको नक्सा कोरिन्छ
कसैको पसिनाको धाराबाट देशको जग भिज्छ!

निलो सुट होस् वा चिल्लो टाइ
दुबैका नशामा गुड्ने
आखिर मिहिनेतकै रगत नै त हो।
हाकिमको कलम चल्दा फाइलमा निर्णयहरू मुस्कुराउँछन्
अपरेटरको हात चल्दा निर्जीव मेसिनमा प्राण पलाउँछन्।

यी फरक भूगोल
र भिन्न कामहरू केवल बहाना नै त हुन्
वास्तवमा
दुनियाँ तिनै हातहरूले थामेका छन्
जसले थाक्न जानेका छैनन्।



❖ कृष्ण बाउसे

## श्रीमान् ! मलाई दासी बनाऊ !

श्रीमान् !
मलाई दासी बनाऊ
मलाई तिम्रो घरको
चार पर्खालभित्र थुनी राख
मलाई सधैँ भन -
तिमी कमजोर छौ ।
म मुस्कुराउँदै
तिम्रो आदेश पालन गरुँला
तिम्रै सेवामा जुट्दै
तिम्रै सुस्वास्थ्यका लागि
व्रत बसुँला
भाकल चढाउँला ।
मलाई
आकाश नहेर्न भन
नदीजस्तो हिम्मतिलो भएर
नबग्न भन
हिमाल भएर चुलिने स्वप्न
नदेख्न भन ।
म टाउको निहुराएर
शिरोपर गरुँला तिम्रा आदेशहरू ।
श्रीमान् !
पटक्कै स्वीकार नगर तिमी
तिम्रो बीजलाई जीवन दिने मेरो शक्तिलाई
म मात्तिन सक्छु
थिचिराख मलाई ।
हो, थिचिराख मलाई
ता कि
तिम्रा नसा नसामा
जीवनरस बहाइदिने
मै हुँ भन्ने अहङ्कार
नजागोस् ममा ।
ता कि
पाल्तु जनावरका पोथीवर्गले
पुरुषसँगको सामिप्यताबेगरै
खुरु खुरु सन्तानसुखको क्रम अघि बढाएको
आफ्नै आँखाले देख्दा पनि
तिमीविना मेरो अस्तित्व छैन भन्ने भ्रम
सधैँ भइरहोस् मलाई ।

❑ कविता



❖ ललित बस्नेत 'भिमाली'

## नववर्ष

एक वर्षपहिले
पुरानो किलामा
झुण्ड्याएको भित्तेपात्रो
प्रत्येक महिना पल्टाउँदापल्टाउँदै
बारौँ पाना सकिएछ
समय चुपचाप बगिरह्यो
कसैले नछोएको त्यो कोठामा
स्मृतिहरू मात्र बसिरहे
धुलोले ढाकिएका भित्ताहरूले
कहिल्यै नसुन्ने कथा बोले
झ्यालबाट छिर्ने घामले पनि
पुराना दिनहरू खोजिरहे ।
कसैले फर्केर हेरेन फेरि
तर समय
त्यो अघि बढिरह्यो
हामीलाई पर्खिएन कहिल्यै
मात्रै
नयाँ भित्तेपात्रो झुण्ड्याइयो
पुरानो खिया लागेकै किलामा
न हर्ष, न विस्मात
स्वागत नववर्ष ।

❑ समीक्षा

# भुइँ मान्छेका सुखदु:ख



❖ लीलाराज दाहाल

सूर्यप्रसाद लाकोजू भन्नेबित्तिकै धेरैको स्मृतिमा एउटा भद्र, गम्भीर र कल्पनाशील अनुहार प्रकट हुन्छ ! उनी के हुन् भन्दा पनि के होइनन् भन्ने सवालको जवाफ खोज्नुपर्ने हुन्छ पहिले ! उनले मुक्तक लेखे, उनी मुक्तककार हुन् ! उनले सारै स्वादिला कविता लेखे, उनी कवि हुन् ! साहित्यिक पत्रिका प्रकाशन गरेर सयौँ नव लेखकहरूलाई पाठकमाझ पुर्‍याउँछन्, उनी कुशल सम्पादक हुन् ! आफ्ना कलमहरूलाई हाइकुमा कुदाए, उनी हाइजिन हुन् ! यात्रासंस्मरण लेखेर आफ्ना तमाम पाठकलाई आफूसँगै यात्रा गराए, उनी यात्रासंस्मरणकार हुन् ! संस्कृतिको जगेर्नाखातिर सांस्कृतिक लेख लेख्छन्, गतिविधि गर्छन्, संस्कृतिका संरक्षक हुन् ! साहित्यका ठुला ठुला कार्यक्रम आयोजना गर्छन्, साहित्यका अभियन्ता पनि हुन् ! विद्यालय सञ्चालन गरेर धेरै छात्रछात्राको जीवनमा शिक्षा र चेतनाको प्रकाश छर्दै आएका छन्, उनी प्राचार्य हुन् ! आखिर के होइनन् सूर्य ? एउटा व्यक्तिभित्र यतिका प्रतिभा र व्यक्तित्व विद्यमान रहनु चानचुने कुरा होइन !

काठमाडौँभन्दा केही पर संस्कृति र सभ्यताको संरक्षणमा रमाएको सुन्दर नगर पनौतीमा बसेर साहित्य सिर्जनामार्फत अग्लो उचाइ हासिल गरेका छन् उनले ! त्यसैले त उनलाई काठमाडौँबाट मात्रै होइन, सारा देशबाट मात्रै पनि होइन, परदेशबाट पनि प्रस्ट देख्नसकिन्छ ! उनलाई सजिलोसँग चिनिन्छ ! उनको यो पहिचान साहित्यले दिलाएको हो ! सम्पादन कला र सांस्कृतिक चेतनाले दिलाएको हो !

सूर्यप्रसाद लाकोजुको अब अर्को पनि परिचय स्थापित भएको छ ! कथाकार परिचय । कथाकार व्यक्तित्व ! उनले लेखेका ११ वटा कथाहरू एकै ठाउँ सङ्ग्रहित भएर आएका छन् 'सत्याग्रह'मा । यो उनको प्रथम सङ्ग्रह हो कथाको । किताब पढिरहँदा कतै पनि प्रथम सङ्ग्रहजस्तो लाग्दैन ! कथाहरू अभ्यस्त कथाकारले लेखेकाजस्ता छन् । परिपाक पुगेकाजस्ता । पाठकलाई लठ्याउनसक्ने खालका । पाठकलाई च्वास्स छुन्छन् कथाले । कतै सोचमग्न बनाउँछन् पाठकलाई । कतै द्रविभूत बनाउँछन् । त्यसैले यी कथाहरू कथाकारको भर्खरको सिकारु लेखाइका उपज हुन्जस्ता लाग्दैनन् !

यस सङ्ग्रहभित्रका कथाका शीर्षकहरू पनि सरल नै छन् । जनजीवनमा भिजिसकेका शव्दहरू । शव्दका अर्थ नबुझेर पाठकलाई कतै पनि शव्दकोश पल्टाइरहनुपर्दैन । सरलताभित्र गम्भीर सन्देश र सन्दर्भहरू छन् । सत्याग्रह, कमाल, अव्यक्त प्रेम, घडेरी, लाले, आमा, स्मृतिका, उद्धार, उपहार, बुनू र छबिलाल काका । कथाकारले आफूवरिपरिका घटना र पात्रहरूलाई टपक्क टिपेर यथार्थपरक कथाहरू सिर्जना गरेका छन् । सामाजिक यथार्थको सुनमा अलि अलि कल्पनाको जर्ती मिसाएर पठनीय कथाहरू लेखेका छन् ।

सङ्ग्रहभित्रको पहिलो कथा हो सत्याग्रह । यसकी प्रमुख पात्र हुन् नसना । प्रथम पुरुषवाचक शैलीमा कथा बुनिएको छ । नसनाको आत्मकथनस्वरूप कथा अगाडि बढेको छ। विद्यार्थी सङ्गठनमा आबद्ध बिस वर्षीया नारीमा स्वतन्त्रता र प्रजातन्त्रप्रति अगाध प्रेम छ । उनका बाबुआमा छोरीको बिहेका लागि आतुर छन् । उनको विवाहको लागि केटाको कुरा लिएर आउने लमी पात्र हुन् राजकृष्ण काका । सरिता नसनाकी मिल्ने साथी हुन् । स्वार्थको कोट पहिरेको केटासँग उनको विवाहको कुरा अगाडि बढ्छ । विवाहपछि पनि नसनाको अभियानमा सघाउँछु भनेर उनलाई आफूतिर आकर्षित गर्छ । नसना पनि सुमनसँग विवाह गर्न राजी मात्रै हुन्नन्, जिन्दगीका मिठा मिठा सपना बुन्नथाल्छिन् । सत्याग्रहको आन्दोलनमा होमिएकी

नसना पक्राउ परी तीन महिनाका लागि थुनिएपछि केटापक्षले नसनासँगको विवाह रद्द गर्छन् । अन्तमा विवाह तोडेको सुमनसँग नसनाको भेट हुँदा केटाले नजर उठाएर हेर्नसकेको घटनाबाट कथा अन्त्य भएको छ । यस कथामा छोरीको विवाह गरिदिन पाए ढुक्क हुन्थ्यो, बाबुआमाको कर्तव्य पूरा हुन्थ्यो भन्ने पुरातन सोचका बाबुआमा पात्र, स्वतन्त्रताप्रति समर्पित नारी पात्र नसना र विवाहपछि सघाउँछु भनेर ठिक्क पार्ने, दुःख पर्दा भाग्ने स्वार्थी पात्रको रूपमा सुमनलाई खडा गरेर कथाकारले सुन्दर कथा सिर्जना गरेका छन् ।

सङ्ग्रहभित्रको दोस्रो कथा हो कमाल । यस कथाको मुख्य पात्र कमाल हो । कमालको चरित्र चित्रण राम्रो छ कथामा । सानैमा बाबुआमा गुमाएको कमाल गाउँबाट बजारमा आएर साहुको रिक्सा चलाउँछ र भाइलाई पढाउँछ । यदाकदा आफ्नो रिक्सामा म पात्रको सामान पुर्‍याउने काम गर्छ । ज्यालामा मोलमोलाइ नगरी जति दियो त्यति हात थाप्छ । उसको सङ्घर्षशील जीवन, उसको सरलता र उसलाई साहुले दिएको दुःख थाहा पाएपछि ऊप्रति प्रभावित भएका म पात्रले उसलाई रिक्सा उपहार दिएको कथानक निर्माण गरेर कथाकारले कमालको सङ्घर्ष र म पात्रको मानवता देखाएर कथालाई नवीन र पठनीय बनाएका छन् ।

तेस्रो कथा हो अव्यक्त प्रेम । यो निकै उत्कृष्ट कथा हो । बाल्यकालीन साथीहरू सुमन र तिमिला बालसुलभ मित्रतामा रमाउँदारमाउँदै तिमीलाले सुमनलाई प्रेम गर्नथाल्छिन् । दुबैले व्यक्त नगरे पनि दुबैको मनमा प्रेमको टुसा पलाउन थाल्छ । विद्यालयको पढाइ पूरा गरी उच्चशिक्षाको लागि छुट्टिनुपर्दा भने बल्ल दुबैले प्रेमको अनुभूति गर्छन् । सुमनलाई छाड्ने मन नभई नभई तिमिला पढ्न सहर गएकी । यता गाउँमा वाध्यतामा परेर सुमनले अर्कैसँग विवाह गरेको । त्यो सुनेपछि तिमिला अगाडिको संसार नै अन्धकारमय भएको घटनाले पाठकको मनमा गहिरो छाप छोडेको छ । कथाकारले पूर्णरूपमा नखुलाए पनि काजीबाले छोरीलाई पढाउन सहरमा राख्नु, यता गाउँमा सुमनको विवाह गराइदिने कपटपूर्ण कार्यले उनले छोरीलाई सुमनबाट छुट्याएको प्रस्ट हुन्छ । दसैँमा घर जाने र सुमनलाई भेटेर मनभरिको प्रेम पोख्ने तिमिलाको सपना सुमनको पत्रले चकनाचुर बनाइदिएको छ कथामा ।

अर्को कथा हो घडेरी । यसमा पनि एउटा गरिब परिवारको मिठो कल्पना भत्केको कथा छ । दुःखजिलो गरी किनेको घडेरीमा घर बनाएर सुखी जीवन बाँच्ने रामदास र उसकी श्रीमतीको सपना बाटो बिस्तार भएर पूरै घडेरी बाटोमा पर्नलागेको घटनाले दुबैलाई रातभर निद्रा लाग्दैन । कसैले सहयोग गरे भने घडेरी बाँकी रहन्छ कि भन्ने आशा र घडेरी सकिन लागेको निराशाको अन्तर्द्वन्द्वले गर्दा एउटा गरिब परिवारमा कस्तो मानसिक घात पर्छ भन्ने कुरा देखाएका कारण यो सामाजिक यथार्थवादी कथा हो र यसले धेरै नेपाली परिवारको प्रतिनिधित्व गर्दछ । लाले कथामा रामलाल अर्थात् लालेको चरित्रचित्रणमा कथाकारले प्रशस्त ध्यान दिएको देखिन्छ । घर घरमा काम सघाउँदै हिँड्ने लालेको जीवन सङ्घर्षमय छ । बलियो हुँदासम्म गाउँलेहरूले लालेलाई काममा दलाउनु दलाए । बिरामी परेर उसको पाटीमा बास हुँदा उसलाई कसैले वास्ता गर्दैनन् । एक दिन अचानक बेपत्ता भएको लालेलाई नजिकै बग्ने रोशीले आफ्नो अँगालोमा बेरेको कथा कारुणिक छ । यो पनि जीवन्त कथा हो !

दुई भाइ छोराहरू हुँदा पनि कसैको हेरचाह नपाएकी लक्ष्मीको कथा हो आमा । उपचार नपाएर घरमै मृत्युवरण गरेको कारुणिक दृश्यले पाठकलाई भित्रसम्म छुन पुग्छ । प्रेम र धोकाको कथा हो स्मृतिका । यसमा पनि सुरुमा प्रेमभाव जगाएर अन्तमा चिठी लेख्दै प्रेमी पात्र गाउँ फर्केको कथाले पाठकलाई एकपटक सोचमग्न बनाउँछ ! बेरोजगारी समस्याको हल गर्न वैदेशिक रोजगारीका लागि मलेसिया पुगेको सुधिरले पाएको दुःखको कथा हो उद्धार । यो कथाले पनि सामयिक समस्यालाई नै उजागर गरेको छ । कतैबाट उद्धार नभएपछि समुद्रमा हेलिएको सुधिरको अवस्था अज्ञात रहेको देखाएर कथाको अन्त्य भएको छ । जीवनमा बाबुको महत्त्व दर्शाएको भावनाप्रधान कथा हो उपहार । परदेश गएका बाबुको घरफिर्तीको घटनाले सबै परिवारमा खुसी फर्किएको देखाएर एउटा मिठो कथाको सिर्जना

भएको छ। यस कथाले पाठकलाई दुःख भए पनि परिवारमा सँगै बस्नुपर्छ भन्ने सन्देश दिएको छ।

बुनु सुन्दर कथानक भएको पारिवारिक कथा हो । बनितालाई प्यारले बुनु भनिएको । उनको वरिपरि कथानक घुमेका कारण कथा पठनीय छ । प्रजातान्त्रिक आन्दोलनका मिहिनेती अगुवा छविलाल काकाको चरित्रचित्रण पनि दमदार रहेको छ। प्रजातन्त्र ल्याउन सहर गएका छविलाल काका देशमा प्रजातन्त्र आए पनि उनी गाउँ फर्केर नआएको घटनाक्रमबाट कथा समाप्त भएको छ । यो पनि सफल कथाको सूचीमा पर्नसक्ने कथा हो। सूर्यप्रसाद लाकोजूको कथासङ्ग्रह 'सत्याग्रह' अहिले चलिरहेको कथा लेखनको धारभन्दा केही फरक रहेको सहजै महसुस गर्नसकिन्छ। सामान्य र बौद्धिक दुबै प्रकारका पाठकलाई उत्तिकै छुनसक्ने कथाहरू हुन् यी। सामान्यभन्दा सामान्य विषयलाई पनि सुन्दर ढङ्गले कथामा खिपेका छन् उनले। हुन त यी विषयहरू नयाँ होइनन् तर पनि कथाकारको लेखनशिल्पका कारण हरेक कथाहरू पृथक र स्वादिला बनेका छन्। कथाकारले सामयिक चेत र सामाजिक यथार्थवादी धरातललाई बलियोसँग पक्डेका छन् अनि कथाहरू कथाजस्ता लाग्छन्।

यति भन्दै गर्दा मनको एउटा भागबाट स्वभाविक रूपमा प्रश्न उठ्न सक्छ। के यी कथाहरू सर्वगुणसम्पन्न छन् त ? के यी कथाहरूमा कुनै कमजोरी नै छैनन् त ? स्तरीयताको तुलोमा तौलँदा कति प्रतिशत सफल होलान् यी कथाहरू ? त्यसो त सूर्य मूलतः कवि नै हुन्। जतिसुकै राम्रो लेख्ने प्रयास गरे पनि उनको यो कथासङ्ग्रह पहिलो नै हो। त्यसो हुँदा उनका कमजोरी पनि छन्, नभएका होइनन्। उनको पहिलो कमजोरी हो, उनका अधिकांश कथाहरू वर्णनात्मक शैलीका छन् । कथामा अधिकाधिक संवादात्मक शैली प्रयोग गर्नु राम्रो हो। कथाकारले महत्त्वपूर्ण कुरा जे भन्नुपर्ने हो त्यो आफैँले नभनेर पात्रमार्फत भन्न लगाउनु कथाकारको सफलता हुनजान्छ । हरेक कथाहरूमा कथाकारले गहन र प्रभावकारी अभिव्यक्तिहरू व्यक्त गरेको अवस्था छ। ती पात्रमार्फत भनाइएको भए कति राम्रो हुने थियो।

कथाकारको दोस्रो कमजोरी भनेको वर्णविन्यास र शुद्धाशुद्धिमा हो । कतिपय ठाउँमा पदसङ्गति मिलेको पाइँदैन। पृष्ठसङ्ख्या २३ मा 'उनीहरू टुहुरो भए', पृष्ठसङ्ख्या ३३ मा 'पोको मारेर', पृष्ठसङ्ख्या ३५ मा 'जाति हुनुहुन्छ'का सट्टामा 'उनीहरू टुहुरा भए', 'पोको पारेर', 'जाती हुनुहुन्छ' लेख्न पाएको भए पक्कै पनि पाठकको दाँतमा ढुङ्गा लाग्ने थिएन। दुईभन्दा बढी पात्रहरूका भनाइहरूलाई पनि एउटै अनुच्छेदमा राख्नाले अलि अलि खल्लो बनाएको अवश्य छ कथालाई।

यी र यस्ता कमजोरीहरू सामान्य नै हुन् । पाठकले लेखकलाई माफै गर्ननसक्ने खालका कमजोरी होइनन् । आगामी संस्करणमा यस्ता कमजोरीहरू हट्ने छन् भन्ने विश्वास गर्नसकिन्छ । यस्ता सानातिना कमजोरीमा आँखा चिम्लँदा 'सत्याग्रह' पठनीय छ, स्तरीय छ।

*बागमती ११, कर्मैया, सर्लाही।*


# बजारमा कृति




| | |
|---|---|
| **कृति** | **: सृष्टिभित्रका दृष्टि** |
| **विधा** | **: समालोचनासङ्ग्रह** |
| **लेखक** | **: विष्णु ओली** |
| **प्रकाशक** | **: जनसेवा प्रिन्टर्स एन्ड ट्रेडर्स प्रा.लि. अनामनगर, काठमाडौँ।** |
| **मूल्य** | **: रु.१७५।–** |
| **प्रकाशन वर्ष** | **: २०८०** |

# संवाद र शासन

❖ वासुदेव अधिकारी

संवाद अरूको सामुन्नेमा आफ्नो कुरा भन्नु हो। यो विचार, धारणा, मत वा अधिकारको प्रकटीकरण हो । यो व्यक्ति-व्यक्तिका बिचमा हुन्छ, व्यक्ति-समुदायका बिचमा हुन्छ, समुदाय-समुदाय, नागरिक-जनप्रतिनिधि आदिका बिचमा हुन्छ। ठुला सबालमा राष्ट्र-राष्ट्रका बिचमा पनि हुन्छ । संवाद गर्नु बोल्नु मात्र होइन, भाषण गर्नु मात्र होइन । यो निर्देशन दिने काम मात्र होइन। यो बोल्नु पनि हो सुन्नु पनि। प्रजातान्त्रिक संरचनामा, लोकतान्त्रिक कार्य प्रणालीमा यसको महत्त्व अगणित छ। संवाद बहसभन्दा व्यापक र सन्तुलनकारी भङ्गिमामा प्रकट हुन्छ।

संवादको क्रममा सानाठुला सबै सबालमा सम्बन्धित पक्ष अभिव्यक्त हुन्छ, अर्काको धारणा सुन्छ, मनमा गुन्छ। सामान्यतया संवाद सँगै बसेर गरिन्छ । संवादमा दुई पक्ष वा बहु पक्ष उपस्थित हुन्छ। विरल समय र विषयमा बाहेक पात्रहरू आमनेसामने नभई जीवन्त संवाद हुनसक्दैन । जीवन्त संवाद आँखा जुधाएर, अनुहार पढेर, हाउभाउ प्रदर्शन गरी गरी गरिन्छ। संवादको क्रममा विचार प्रवाह प्रमुख कुरा भए पनि प्रस्तोताको ध्वनि तथा शारीरिक भाषा त्यत्तिकै महत्त्वपूर्ण हुन्छ । संवादको क्रममा प्रस्तोताको खुलस्तता, कन्फिडेन्स वा बटम लाइन मजाले पढ्न सकिन्छ। संवादमा प्रस्तुत हुने व्यक्ति, आफू बोल्छ कि अरू ? सहजै लख काट्न सकिन्छ। यो सहकार्य र सहसम्बन्धको महत्त्वपूर्ण कडी हो।

संवाद दोहोरो अभिव्यक्ति हो । यसमा सहभागी हुने पक्षले जिब्रो मात्र होइन कानसहित उपस्थित हुनुपर्ने हुन्छ । पुर्खाले 'एक जिब्रो दुई कान'को आहान त्यसै बनाएका होइनन् । संवादमा सामेल हुने प्रत्येक पक्षलाई 'म असल, मेरो विचार उम्दा, मेरो निर्णय उत्तम' भन्ने लाग्छ। त्यो स्वभाविक पनि छ। खासमा कुन विचार, धारणा वा निर्णय उत्तम भन्ने विषय अरूको तर्क, विचार र पुष्ट्याइँ आएपछि मात्र थाहा हुन्छ। संवादको क्रममा सामान्यतया स्रोता, दर्शक वा निकटस्थ पङ्क्ति पनि हुन्छन् । संवाद मन्थन हो, विषयगत छलफल गराइ हो। यसमा एकले अर्को पक्षसँग सिक्न पाउँछ, अरूको विचार ग्रहण गर्न पाउँछ। संवादमा सहभागी नहुनेहरू त्यस अवसरबाट बञ्चित हुन्छन् । जीवनका अनेक मोडमा म आफैँले पनि त्यो कुरा महसुस गरेको छु।

जहाँ संवाद छैन त्यहाँ जीवन्तता छैन । लेखक-पाठक, पुस्ता-पुस्ता, भाषा-भाषा, धर्म-धर्म, धर्म-विधर्म, जाति-जाति, धनी-गरिब, उत्पादक-उपभोक्ता, सरकार-जनता कहाँ आवश्यक छैन र संवादको ? संवाद सेतु हो । यसले एक पक्षसँग अर्को पक्षलाई जोड्छ। मन माझ्ने काम गर्छ। संवाद मौनता तोड्ने औजार हो । व्यक्तिगतभन्दा सामाजिक राजनीतिक जिम्मेवारीमा रहेका पदाधिकारीले यसको मर्मलाई बढी संवेदनशील रूपमा ग्रहण गर्न आवश्यक छ । अहिलेको नागरिक समाज

अरूको कुरा मात्र सुन्दैन आफू पनि बोल्छ, आफ्नो धारणा र तर्क पनि राख्न खोज्छ । ऊ नेतृत्वले गरेको वा गर्नुपर्ने निर्णयको सबालमा विकल्प सुझाउँछ । त्यसका लागि नागरिक समाज नेतृत्वसँग पर होइन नजिक, अदृश्य होइन दृश्य रूपमै संवाद गर्न इच्छुक हुन्छ। यो यथार्थ हो, कुनै पनि निकायको शीर्ष नेतृत्वलाई समाजका सबै तप्कासँग बसिरहने र तिनका कुरा सुनिरहने फुर्सद र समय हुँदैन। त्यसको लागि 'इन्पुट' लिने विधि तर्जुमा गरिएको हुन्छ । नगरिएको भए गर्नुपर्छ। कानुन वा नीति नै इन्पुट लिने, रेस्पोन्स गर्ने वैधानिक व्यवस्था हो। तिनको यथार्थपरक तर्जुमा र परिपालनाबाटै राज्यका निकायले नागरिकका आबाज चाल पाउन सक्छन्। नीति निर्माणको सहजीकरण शीर्ष पदाधिकारीले गरे पनि त्यसमा सरोकारवालाकै समस्या सम्बोधन गरिनुपर्छ।

शासनव्यवस्था प्रतिनिधिमूलक प्रणाली हो। यसको दिगो तत्त्व प्रशासन वा व्यवस्थापन हो भने केन्द्रीय तत्त्व निर्वाचित सत्ता हो । यो आवधिक प्रकृतिको हुन्छ । राज्यशक्ति यी दुबै तत्त्व वा शक्तिको योग हो । राजनीतिक पक्ष नीतिनिर्माण, रणनीतिक तथा शीर्ष नेतृत्वमा हुन्छ भने स्थायी पक्ष कार्यान्यनमा । स्थायी तत्त्वले विभागीय संयन्त्रबाट जनसरोकारका सबाल ग्रहण गर्छ भने जनताका ज्वलन्त समस्या र माग जनप्रतिनिधिमार्फत सम्बोधित हुन्छन् । सरकार जनप्रतिनिधिको पनि केन्द्र भएकाले त्यसको प्रमुखले जनप्रतिनिधिका प्रश्नको सामना गर्ने, उनीहरूसँग यथोचित छलफल गर्ने गर्दछन्। यो लोकतान्त्रिक विधि हो । यो लोकतान्त्रिक आचारसंहिता हो । विवेकशील सत्ता वा सरकारले पक्ष, विपक्ष दुबैतिरका असल विचार ग्रहण गर्न कन्जुसी गर्दैन । जनताको सरकार भएपछि सही विचारलाई पाखा पार्नुको अर्थ पनि रहँदैन। सनकमानहरूको कुरा फरक।

हो, सरकारले माथि भनेझैं तोकिएको च्यानलबाट इन्पुट लिन्छ, विश्लेषण गर्छ र निर्णयमा पुग्छ। त्यसो त निर्णयमा पुग्ने वा इन्पुट लिने अनेक विधि हुन्छन् । कुनै पारदर्शी, कुनै कम पारदर्शी । सानो क्वालिटी सर्कलमार्फत पनि इन्पुट लिएर अघि बढ्न सकिन्छ र त्यो बढी प्रतिफलदायी हुन पनि सक्छ तर सधैँ सानो समूहको भर परेर इन्पुट लिइरहँदा प्रणालीमा असन्तुष्टि निम्तिन सक्छ, बित्यास सिर्जना हुनसक्छ । भन्ने 'लोकतन्त्र' तर लोकसँग नै तर्सिने बानी धेरै शासकमा हुन्छ। सही नेतृत्वमा त्यो गुण पन्पिनै हुँदैन । प्रश्नसँग डराएर नेता भइँदैन। झुक्किएर भएको वा बनाइएको भए त्यो टिक्दैन। नेतृत्व खुल्ला किताब हो कसैले थपना गरेर राखेको खोपीको देउता होइन । नेताले आफूलाई कसले र किन निर्वाचित गऱ्यो भन्ने सत्य बुझ्नै पर्छ । सामान्य असामान्य जे परिस्थिति भए पनि चुनिएपछि मैंमत्ता हुने, संवादको सुन्दर वागमा विचरण नगर्ने र अरूलाई दुत्कार्ने प्रवृत्ति अधम चरित्रको द्योतक हो। लोकतन्त्रले त्यसलाई किमार्थ स्विकार्न सक्दैन । त्यस चरित्रले संवादको स्वस्थ विचार प्रवाहलाई अवरुद्ध गरिदिन्छ। फलतः मुलुकमा भय सिर्जना गर्छ र तानाशाह उत्पादन गर्न सघाउँछ।

राज्य सञ्चालन भनेको नीतिनिर्माण, कार्यान्वयन र न्याय सम्पादन तीनै चिज हो । संविधानले यसको कार्यविभाजन स्पष्ट गर्नुका साथै एक हदसम्म नियन्त्रण र सन्तुलनको सिद्धान्त/संरचना निर्धारण गर्ने गर्दछ । सबै निकायले जिम्मेवार भई आआफ्नो कार्य

गर्नु, आफ्नो मर्यादको सीमाभित्र रही अरूलाई दखल नदिइकन राष्ट्रहितका खातिर छलफल तथा संवाद गर्नु वाञ्छनीय मानिन्छ तर व्यवहारमा त्यस्तो कमै हुन्छ । तेस्रो मुलुकमा त्यसको प्रकोप बढी छ । लोकप्रिय भएको नाम वा निहुँमा अर्कोलाई निस्तेज गर्ने, उसको अधिकारमा धावा बोल्ने प्रवृत्ति घरि घरि देखा परिरहन्छ। यो प्रवृत्ति विचारलाई बलले, असल र संयमित व्यवहारलाई उन्मादीपनले परास्त गरेको अवस्था हो। यो सबै हिसाबले दूषित छ। उन्माद वा असहिष्णुता लोकतन्त्रिक संस्कारविपरीतको आचरण हो। अहिलेको समाज अग्रगामी विचार, यथोचित संवाद र लोकतान्त्रिक व्यवहारविनाको राज्यको कल्पनै गर्नसक्दैन । आफैँले छानेको लोकप्रिय नेताले अमिल्दो व्यवहार र शैली प्रदर्शन गर्दा समाज जहिल्यै निराश हुन्छ । शासकलाई आफूले चिताएको काम मात्र गर्ने र 'म अरूसँग बोल्दिन' वा मौन रहन्छु भन्ने छुट छैन । त्यसो त गुदी र योजनाविना बोलिरहेर मात्रै पनि खासै घिउ लाग्ने होइन । निर्वाचन जितेपछि नेता सबै वर्गको अभिभावक हो, हुनुपर्छ । सार्वजनिक जिम्मेवारीमा गएपछि शासकले आफूलाई आफ्नो व्यक्तित्वलाई सार्वजनिक गर्नै पर्छ । त्यसमा 'इफ', 'बट' आउनै हुँदैन। आँटिलो नेता आलोचना, प्रश्न र समर्थनको तीन धार सामना गरी हिँड्नै पर्छ।


अहिले नेपाल तीन तहको सरकार सञ्चालनको चरणमा छ । तीनपत्रे सरकार सञ्चालनको अभ्यास पूर्ण परिमार्जित नभइसकेको सन्दर्भमा सरकारका तीनै तह आपसी संवादमा रहनुपर्छ । साधन, स्रोत र शक्तिका हिसाबले केन्द्र बलियो भए पनि उसले अन्य दुई सरकारसँग संवाद गर्नै पर्छ, तिनका कुरा सुन्नै पर्छ। केन्द्र वा सङ्घ अरू दुई तहको अभिभावक हो। प्रत्येक तहमा विधायक छन्, कार्यकारी तह छ। तिनका बिचमा पनि संवाद हुन आवश्यक छ। क्याबिनेट वा कार्यकारी तहमा मूल नेतृत्व र तहगत पदाधिकारी छन्। तिनका बिचमा पनि यथोचित संवाद, छलफल र मन माझामाझ हुन आवश्यक छ। पावर बढी हुनेले बोल्ने पनि हो, सुन्ने पनि हो, अरूलाई बुझाउने पनि हो। तिनले बोल्ने वा निर्णय गर्ने विषय संवेदनशील हुने हुनाले तिनले कम बोल्ने र बढी सुन्ने अवस्था आउन सक्छ। जिम्मेवारीमा बस्नेलाई अराजक र अपुष्ट अभिव्यक्ति दिँदै हिँड्ने छुट हुँदैन। 'वादे वादे जायते तत्त्वबोध' बुद्धिविलासको सन्दर्भमा मात्र लागू हुँदैन । संवादमार्फत त धेरै परका विचार नजिक आउँछन्, आत्मीयता विकास हुन्छ र निर्णय गरिएको विषय साझा बन्न पुग्छ। इतिहासमा विपरीत विचार, स्वभाव र चरित्रका बिचमा हुने गरिने संवादले धेरै महत्त्वपूर्ण प्रतिफल ल्याउन सकेका छन् । संवादहीनता अरूको विचारको निषेध हो। निषेधले समस्या समाधान गर्दैन गाँठो मात्र पार्छ।

संवादको पहिलो ल्याब घर हो, स्कुल हो, टोलछिमेक हो, साना-ठुला समूह हो, राष्ट्रिय सन्दर्भमा सदन, सरकार हो । यसलाई जति खुलस्त र पारदर्शी बनाउन सक्यो त्यति नै लोकतन्त्र सुदृढ हुँदै जान्छ। संवाद र कार्य, सही कार्यका लागि यथोचित संवाद समयको माग हो। अनि त पारदर्शी युग। संवाद समाप्त हुनु भनेको तानाशाही युग सुरु हुनु हो। तानाशाही विचार र व्यवहारलाई नेपाली माटोमा जरा गाड्न नदिनु नै यतिखेरको महत्त्वपूर्ण सबाल हो। एउटा सनक पोखिएको यस माटोमा अर्को सनकलाई धेरै उम्लिने छुट छैन।

# साहित्य सन्ध्याको ४७६ औँ शृङ्खला सम्पन्न

२०८३ जेठ २ गते अपराह्न १ बजे बुढानीलकण्ठ नगरपालिकासँगको संयुक्त आयोजनामा नगरपालिकाकै सभाकक्ष, हात्तीगौँडामा साहित्य सन्ध्याको नियमित मासिक ४७६ औँ शृङ्खलामा 'नेपालको भूराजनीतिक विशेषता र ध्यान दिनुपर्ने विषय' विषयमा विशद चर्चा गरिनुका साथै दुई कृतिको लोकार्पण एवम् कविगोष्ठीको आयोजना गरियो । सन्ध्याका अध्यक्ष राम विनयको अध्यक्षता र उपाध्यक्ष रमेश पोखरेलको सञ्चालनमा सम्पन्न भएको उक्त समारोहमा प्रमुख अतिथिका रूपमा पूर्वराजदूत एवम् राजनीतिक विश्लेषक हिरण्यलाल श्रेष्ठ उपस्थित हुनुहुन्थ्यो भने विशिष्ट अतिथिको रूपमा बुढानीलकण्ठ नगरपालिकाका प्रमुख मिठाराम अधिकारी र उपप्रमुख अनिता लामाको उपस्थिति रहेको थियो । अतिथिहरूमा प्रा.डा.यादवप्रकाश लामिछाने, साहित्य सन्ध्याका सल्लाहकारद्वय प्रा.डा.जीवेन्द्र देव गिरी र वासुदेव अधिकारी, शान्ता मानवी, डा.फणीन्द्रराज निरौला, प्रेमनाथ अधिकारी, नमुना शर्मा, आर.सी.न्यौपाने, डा.गोविन्दप्रसाद आचार्य, डा.कृष्ण सुवेदी, लक्ष्मण तिमिल्सिना, डा.पुरुषोत्तम सेढाईँलगायत उपस्थित हुनुहुन्थ्यो ।

हिरण्यलाल श्रेष्ठले 'नेपालको भूराजनीतिक विशेषता र ध्यानदिनुपर्ने विषय' विषयमा विशद चर्चा गर्नुभएको थियो । समारोहमा लक्ष्मण तिमिल्सिनाद्वारा लिखित 'पुष्पाञ्जली' खण्डकाव्य र 'युगसन्देश' कवितासङ्ग्रहको प्रमुख अतिथि, विशिष्ट अतिथि, अतिथिले संयुक्तरूपमा लोकार्पण गर्नुभएको थियो र लोकार्पित 'युगसन्देश' कवितासङ्ग्रहमाथि डा.




गोविन्दप्रसाद आचार्यले समीक्षा गर्नुभएको थियो भने 'पुष्पाञ्जली' खण्डकाव्यमाथि डा.कृष्ण सुवेदीले चर्चा गर्नुभएको थियो । कृतिकारले आफ्ना कृति लोकार्पणको अवसर जुटाइदिने साहित्य सन्ध्या, लोकार्पण गर्ने प्रमुख अतिथि, विशिष्ट अतिथि तथा अतिथिहरू अनि समीक्षा गरिदिने दुबैजना विशेषज्ञ व्यक्तित्वप्रति हार्दिक धन्यवाद दिनुभएको थियो ।

समारोहमा ओमप्रसाद कोइराला, कणाद महर्षि, वासुदेव अधिकारी पाँचथर, विश्वनाथ तामाङ, अनिता लामा, बलराम विष्ट, कात्यायन, खेमराज निरौला, महेशराज खरेल, विन्दु अधिकारी ढकाल, कुमार नेपाल, गङ्गा कर्माचार्य पौडेल, राधिका सापकोटा, कृष्ण बाउसे, वासुदेव अधिकारी, पारसनाथ आचार्य, नित्यराज आचार्य, गङ्गा खड्का, यशोदा अधिकारी, नर्मदेश्वरी सत्याल, राजन आचार्य, बालिका गिरी, गणेशकुमार मिश्र, धनबहादुर मगर, महेन्द्रप्रकाश सिलवाल र अच्युत घिमिरेले आआफ्ना कविता, गीत, गजल, मुक्तक वाचन गर्नुभएको थियो भने वाचित रचनामाथि प्रा.डा.यादवप्रकाश लामिछानेले समीक्षा गर्नुभएको थियो ।

# अविरल जनसाहित्य यात्रा-१०९'मा चेवन बस्नेत ढुलाघरे

जेठ ९ गते अपराह्न १ बजे राष्ट्रिय जनसांस्कृतिक महासङ्घ, नेपालको सभाकक्ष पुतलीसडक, काठमाडौँमा आयोजित समारोहमा राष्ट्रिय जनसाहित्यिक सङ्घ नेपालले आयोजना गरिरहेको 'अविरल जनसाहित्य यात्रा'को १०९ औँ शृङ्खलामा कवि चेवन बस्नेतका एक दर्जन कविता सुनियो, परिचर्चा गरियो ।

प्राज्ञ माधव प्रधानको प्रमुख आतिथ्यमा सम्पन्न उक्त समारोहको अध्यक्षता राष्ट्रिय जनसाहित्यिक सङ्घ नेपालकी अध्यक्ष प्राज्ञ नर्मदेश्वरी सत्याललले गर्नुभएको थियो । सङ्घका महासचिव डा.कृष्ण सुवेदीले सञ्चालन गर्नुभएको उक्त समारोहमा विशेष अतिथिका रूपमा प्रलेस नेपालका अध्यक्ष एवम् राष्ट्रिय जनसाहित्यिक सङ्घका इन्चार्ज डा.देवी दुलाल क्षेत्री र राष्ट्रिय जनसांस्कृतिक महासङ्घ नेपालकी उपाध्यक्ष नमुना शर्माको उपस्थिति रहेको थियो । अन्य अतिथिहरूमा डा.फणीन्द्रराज निरौला, प्रलेस केन्द्रीय सदस्य तथा सङ्घका सल्लाहकार सहप्रा.डा.हरिप्रसाद तिमल्सिना, डा.घनश्याम परिश्रमी, राजनप्रसाद न्यौपाने, रामचन्द्र दाहाल, दिल पौडेल, महेशराज खरेल, ध्रुव गजुरेल, पुष्पपराग साहित्य प्रतिष्ठानका अध्यक्ष टी.एन.भट्ट, पदम दाहाल, कविनायककी जीवनसङ्गिनी हरिमाया बस्नेतलगायत साहित्यानुरागीहरू उपस्थित हुनुहुन्थ्यो ।


अध्यक्षले कविनायकलाई माल्यार्पण गरी स्वागत गर्नुभएको थियो भने परशुराम पराशरले कविनायकको परिचय दिनुभएको थियो । नेपाली प्रगतिवादी साहित्यमा योगदान गर्दै विविध क्षेत्रमा सक्रिय रहँदै साहित्यिक सङ्घसंस्थामा क्रियाशील रहेका, सामाजिक रूपान्तरण अभियानका अभियन्ता चेवन बस्नेतले कविताका रचनागर्भका बारेमा जानकारी गराउँदै 'जिन्दगी', 'भ्याउँकिरी रोएको रात', 'विभेद किन ?', 'देशका लागि युवा', 'भयो शून्यजस्तै उज्यालो कटेरो' शीर्षकका कविता र एउटा गजल गरी छओटा कविता वाचन गर्नुभयो ।



त्यसैगरी सहयोगी कवि परशुराम पराजुलीले 'जे छ सबै यहीँ छ', कृष्णप्रसाद पौडेल जस्ताघरेले 'हामी रहन्छौँ कहाँ ?', ८ वर्षीया बालकवि प्रवेशिका अधिकारीले 'मज्जाको निर्वाचन', विध्या अनामिका तिवारीले 'छलाङ', राजनप्रसाद न्यौपानेले 'मेरो राष्ट्र मेरो शिर' र पदम दाहालले 'विगतकै छ सिको अझ वृद्धको' शीर्षकका कविताहरू वाचन गर्नुभएको थियो ।

वाचित कवितामाथि सहप्रा.डा.हरिप्रसाद तिमल्सिनाले टिप्पणी गर्नुभएको थियो भने समारोहमा उपस्थित हुनुभएका सम्पूर्ण अतिथिलाई सङ्घका उपाध्यक्ष रमेश पोखरेलले धन्यवाद दिँदै कार्यक्रमको समापन गर्नुभएको थियो ।


हार्दिक श्रद्धाञ्जली



**नेत्रप्रसाद पनेरु**

**निधन : ७ जेठ २०८३**

**कीर्तिशेष स्रष्टाप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौँ । साथै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनहरूप्रति हार्दिक समवेदना प्रकट गर्दछौँ ।**

**शब्द-संयोजन परिवार**

❑ अनुभूति

# स्रष्टाले आफ्नो आदर्शलाई स्थापित गर्न जस्तोसुकै चुनौतीको पनि सामना गर्नुपर्छ



❖ वासुदेव अधिकारी

अविरल जनसाहित्य यात्राको यो उद्देश्यमूलक अभियान १०६ औं शृङ्खलामा पुगेको छ र आजको यो समारोह विशेष समारोहका रूपमा आयोजना भएको छ । त्यसैले सर्वप्रथम म आजका कविनायकलाई बधाइ दिन्छु र मलाई प्रमुख अतिथिको भूमिकासहित वाचित कविताको समालोचना गर्ने गहन जिम्मेवारी प्रदान गरेकामा आयोजकलाई हार्दिक धन्यवाद दिन्छु। आजका कविका कवितामा समसामयिक सामाजिक यथार्थको उद्घाटन भएको छ । नेपाली राजनीतिले भित्र्याएको विकृति, भ्रष्टाचारप्रति चिन्ताभाव अभिव्यक्त भएको छ । निराशा होइन तर सत्सिर्जनाका पक्षमा कवितामा वकालत गरिएको छ। कविका सिर्जनाले नेपाली राजनीति र यसका विकृत पक्षको जीवन्त चित्रण गरेको छ। स्रष्टाले आफ्नो आदर्शलाई स्थापित गर्न जस्तोसुकै चुनौतीको पनि सामना गर्नुपर्छ भन्ने सशक्त वैचारिकता पनि कवितामा आएको छ। आजका कविताले छन्दको मानकलाई सम्मान गरेका छन्। कविको अर्को संवेदनशीलता भनेको महिलाप्रतिको सम्मान हो । कवितामा मानवता र मानवीय चेतको अनि उच्चतम कर्मचेतको प्रस्तुति छ। कविका चार व्यक्तित्वमा आज प्रस्तुत कवितामा राजनैतिक व्यक्तित्वको प्राधान्यता रहेको छ। अत्यन्त सपाट अनि सरल भाषाशैलीमा गम्भीर राजनैतिक भाव सम्प्रेषण गर्ने, शालीन विद्रोहका माध्यमबाट रूपान्तरणप्रेमी वैचारिकता सम्प्रेषण गर्ने, सुन्दर विम्बहरूको प्रयोग गर्ने, प्रतीक र अलङ्कारको समुचित परिशीलन गरेर लेखिएका आजका कविताहरूमा नेपाली संस्कृति, मूल्य, मान्यताप्रति सचेत संवेदनशीलता पाइन्छ।

राजनीतिले हुर्काएका अपसंस्कृतिले, सामाजिक विकृति बढेको र त्यसरी बढेको कुशासनका कारण कविताको क्यान्भासमा मुलुकको वर्तमान चित्र उतार्नुपरेको बाध्यात्मक परिस्थितिको चर्चा आजका कवितामा गरिएको छ। कविले विविध विषयमा र विविध छन्दमा कविता लेखेका छन्। यो अनुकरणीय सन्दर्भ हो। आजका कविताहरूमा परदेशीलाई पत्र सबैभन्दा राम्रो लाग्यो । प्रस्तुत अधिकांश कविताहरूले विसङ्गत वर्तमानलाई कलात्मक रूपमा कवितामा उतार्नसकेको पाइन्छ। कविका कवितामा सूक्तिमयता अनुकरणीय रहेको छ त्यसैले लक्ष्मणजीका कविताहरू सार्थक छन् र कविताले मन छोएका छन्। कवितामा सांस्कृतिक चेत, वर्गपक्षधरता, सामूहिकताको भाव खिच्नसक्नु र इतिहास लेख्नसक्नु राम्रो हो। आजका कवितालाई सचनागर्भका बारेमा प्रस्तुत भूमिकाले अझै स्पष्ट पारेको छ । कवितामा बासी रुवाइभन्दा ताजा अनुभूति पस्कनसक्नु राम्रो हुन्छ। केही कवितामा कवि आफू व्यक्तिएका पनि छन्। सकभर कविता अविधामा मात्र होइन लक्षणा र व्यञ्जनामा पनि लेख्ने गर्नु राम्रो हो। केही कविता वर्णनात्मक पनि छन्। कविता अझ सरल भए राम्रो हो। कतै कतै देखिने निराशाको पक्षलाई आशावादमा अवतरित गराउनु आवश्यक छ। कविको वैचारिक प्रतिबद्धता प्रशंसायोग्य छ।

*-रमेश पोखरेल (१०६ औं अविरल जनसाहित्य यात्रामा वरिष्ठ कवि वासुदेव अधिकारीले अभिव्यक्त गर्नुभएको मन्तव्यमा आधारित)*

# विपद् जोखिम न्यूनीकरणको पूर्वतयारी गरौँ

- वर्षाको समयमा बाढी, पहिरो तथा चट्याङको जोखिम हुनसक्छ,
- सम्भावित जोखिमको मूल्याङ्कन गरौँ, सचेत बनौँ,
- जोखिमयुक्त स्थानमा नबसौँ, सुरक्षित स्थानमा बसौँ,
- नदीकिनारा वा भिरालो जमिनमा बसोवास भएकाहरू विशेष सतर्क रहौँ,
- सम्भावित जोखिमबाट बच्न आपत्कालीन पूर्वयोजना बनाऔँ,
- घरपरिवार र छिमेकीहरूसँग मिलेर सुरक्षित स्थानको पहिचान गरौँ,
- सम्पर्क बिन्दुहरू तय गरौँ, सूचनाप्रणालीमा आबद्ध होऔँ,
- खाद्यान्न, पानी, प्राथमिक उपचारसामग्री, टर्चलाइट र आवश्यक औषधि आदि तयारी अवस्थामा राखौँ,
- प्रकोप व्यवस्थापन तालिम तथा अभ्यासमा सहभागी बनौँ,
- बालबालिका, वृद्धवृद्धा तथा अपाङ्गता भएका व्यक्तिको सुरक्षामा ध्यान दिऔँ ।

नेपाल सरकार


**विज्ञापन बोर्ड**

बबरमहल, काठमाडौँ

जि.प्र.का.का. द.नं. ९४/२०६०/०६१

म.क्षे.हु.नि. द.नं. २०/०६९/७०




'अविच्छिन्न प्रकाशन भइरहेको साहित्यिक पत्रिका शब्द-संयोजन मासिक'

खोजी खोजी पढ्नुहोस्' ।